सातै प्रदेशबाट प्रकाशित पहिलो राष्ट्रिय दैनिक

नयाँ पत्रिका

nayapatrikadaily.com

२८ असोज २०८०, आइतबार (15 Oct 2023, Sunday) ■ नेपाल संवत् ११४३ ■ वर्ष १७ ■ अंक १८५ ■ पृष्ठ १२ nayapatrikaofficial @NAYA_PATRIKA मूल्य रु. ५/-

कोशीबाट नयाँ दाउपेच सुरु

कोशी हुँदै सातदलीय गठबन्धन भत्काएर केन्द्रको सत्ता राजनीतिमा 'कम ब्याक' गर्ने एमालेको रणनीति, प्रदेशमा पहल गुमेपछि समीकरण सुरक्षित गर्ने योजनामा सत्तागठबन्धनका शीर्ष नेता

कोशीको बहाव अझै असन्तुलित

● केदार कार्कीलाई मुख्यमन्त्री बनाउन एमालेको समर्थन लिएका कांग्रेस नेता डा. शेखर कोइरालाले प्रधानमन्त्री प्रचण्ड र कांग्रेस सभापति देउवासँग गठबन्धन कायमै राख्ने सहमति गरेर दुवै पक्षलाई राखे 'इंगेज'

● कार्की कुन पक्षबाट मुख्यमन्त्री हुन् भन्ने मन्त्रिपरिषद् गठनले गर्नेछ छिनोफानो

● मुख्यमन्त्रीमा नियुक्त भएलगत्तै काठमाडौं आएका कार्की मन्त्रिपरिषद् विस्तार र विश्वासको मत लिने विषयमा कांग्रेस र एमालेका नेताहरूसँग परामर्शमा

कार्कीलाई विश्वासको मत दिन्छौं, गठबन्धनलाई झनै बलियो बनाएर जान्छौं

● पुष्पकमल दाहाल प्रचण्ड, प्रधानमन्त्री

गठबन्धन टुटिसक्यो, एमालेको समर्थनमा बनेको सरकारमा सहभागी हुन्छौं

● पृथ्वीसुब्बा गुरुङ, उपमहासचिव, एमाले

दुवै पक्षले विश्वास र शंका गरेको अवस्था छ, पर्ख र हेरकै रणनीतिमा छौं

● मीन विश्वकर्मा, प्रचार विभाग प्रमुख, कांग्रेस

काठमाडौंमा **केशवप्रसाद पाण्डे**
विराटनगरमा **गणेश लम्साल**

कोशी प्रदेशको मुख्यमन्त्रीमा कांग्रेसका प्रदेश सभा सदस्य केदार कार्की नियुक्त भएका छन्। एमालेका ३९ र कांग्रेसको विद्रोही समूहका आठ गरी ४७ प्रदेश सभा सदस्यको हस्ताक्षर सनाखत गरिएपछि उनी मुख्यमन्त्रीमा नियुक्त भएका हुन्। तर, सत्तागठबन्धनले पनि उनलाई स्वीकार गर्ने र विश्वासको मत दिने निर्णय लिएपछि कोशीको राजनीतिमा नयाँ दाउपेच सुरु भएको छ।

आफ्नो समूहका नेतालाई मुख्यमन्त्री बनाउन एमालेका प्रदेश सभा सांसदहरूको समर्थन लिएका कांग्रेस नेता डा. शेखर कोइरालाले प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्ड र कांग्रेस सभापति शेरबहादुर देउवासँग गठबन्धन कायमै राख्ने सहमति गरेर दुवै पक्षलाई 'इंगेज' राखेका छन्। त्यसैले प्रश्न कायमै

» पृष्ठ ११ मा क्रमशः

■ केदार कार्की कोशीका आठौं मुख्यमन्त्री



तस्बिर : रासस

कोशीका प्रदेश प्रमुख परशुराम खापुङ शनिबार नवनियुक्त मुख्यमन्त्री केदार कार्कीलाई नियुक्तिपत्र हस्तान्तरण गर्दै। नियुक्त भएलगत्तै कार्कीले भने, 'असमयको मध्यावधि निर्वाचन रोकेर संघीयताको रक्षाका लागि सांसदहरूले मलाई मुख्यमन्त्री बनाएका छन्। अब मन्त्री एमालेबाट हुन्छन् कि गठबन्धनबाट अझै यकिन भइसकेको छैन।'

आज शपथ, एमाले र कांग्रेसको कोइराला समूहबाट मन्त्री नियुक्तिको तयारी, दसैँअघि विश्वासको मत

नवनियुक्त मुख्यमन्त्री कार्कीले आइतबार पद तथा गोपनीयताको शपथ लिनेछन्। लगत्तै मन्त्रिपरिषद् गठन गर्ने उनको तयारी छ। मुख्यमन्त्रीमा नियुक्त भएलगत्तै काठमाडौं आएका कार्की मन्त्रिपरिषद् विस्तार र विश्वासको मत लिने विषयमा पार्टी नेताहरूसँग परामर्शमा जुटेका छन्। कार्कीलाई समर्थन गर्नेमध्येका कांग्रेस सांसद शमशेर राईका अनुसार आइतबार एमाले र कांग्रेसबाट एक-एकजना विनाविभागीय मन्त्री बनाउने तयारी छ। मुख्यमन्त्री कार्कीले दसैँअघि नै विश्वासको मत लिने मनसाय राखेको सांसद राईले बताए। 'मुख्यमन्त्री काठमाडौंमा नेताहरूसँग छलफल गरिरहनुभएको छ। केन्द्रमा सहमतिका आधारमा बाँकी विषय टुंगो लाग्ला। तर, आइतबार शपथपछि एमाले र कांग्रेसबाट एक-एकजना विनाविभागीय मन्त्री बनाउने तयारी छ,' उनले नयाँ पत्रिकासँग भने, 'दसैँअघि नै विश्वासको मत लिने तयारीमा हुनुहुन्छ।'

■ काठमाडौंमा सहमति, विराटनगरमा सनाखत



शनिबार बिहान प्रधानमन्त्री प्रचण्ड, कांग्रेस सभापति देउवा र नेता डा. कोइरालाबीच कोशीका कारण सत्तागठबन्धन टुट्न नदिने र थप बलियो बनाएर जाने सहमति भएको थियो। 'हामी वर्तमान सत्तागठबन्धनप्रति दृढ र स्पष्ट छौं र यो गठबन्धनलाई कुनै पनि हालतमा कमजोर हुन दिनेछैनौं,' प्रधानमन्त्री प्रचण्ड, सभापति देउवा र नेता कोइरालाले हस्ताक्षर गरेको सहमतिपत्रमा उल्लेख छ। प्रधानमन्त्री प्रचण्ड र कांग्रेस सभापति देउवाले डा. कोइरालासँग सहमति गरेपछि सनाखतमा गठबन्धनका इन्द्रबहादुर आङ्बो पक्षका सांसदहरू उपस्थित भएनन्। शेखर समूहका केदार कार्कीलाई मुख्यमन्त्री बनाउन एमालेका ३९ सांसदले प्रदेश प्रमुखको कार्यालयमा गएर सनाखत गरे। लगत्तै प्रदेश प्रमुख परशुराम खापुङले संविधानको धारा १६८ को उपधारा (५) बमोजिम कार्कीलाई मुख्यमन्त्रीमा नियुक्त गरे। कोशीको सरकारको स्वामित्वलाई लिएर दुई पक्षबीच आ-आफ्नो दाउपेच सुरु भएको छ।

व्यक्तिका नाममा जानबाट जोगियो प्रहरीको १२ रोपनी जग्गा

सर्वोच्चले उल्ट्याइदियो जिल्ला र उच्च अदालतको फैसला



न्यायाधीश खतिवडा



न्यायाधीश चुडाल


नवराज मैनाली/नयाँ पत्रिका

काभ्रेको पनौती नगरपालिका- ११ का स्थानीय यदुप्रसाद सापकोटा, गोविन्दप्रसाद सापकोटा र प्रेमप्रसाद सापकोटासँग प्रहरीले जग्गा खरिद गरेको थियो, जहाँ हाल भारत सरकारको अनुदान सहयोगमा प्रहरी प्रतिष्ठानका लागि आधुनिक तालिम प्रतिष्ठान निर्माण भइरहेको छ। उनीहरूका सन्तानले आफूहरूलाई अंश नदिई जग्गा बिक्री गरेको भन्दै दायर गरेको मुद्दामा काभ्रे जिल्ला अदालत र पाटन उच्च अदालतले उनीहरूके पक्षमा फैसला दिएको थियो। त्यसविरुद्ध प्रहरी सर्वोच्च गएकोमा ९ असोजमा न्यायाधीशद्वय ईश्वर खतिवडा र कुमार चुडालको इजलासले प्रहरीकै पक्षमा फैसला दिएपछि सो जग्गा व्यक्तिको नाममा जानबाट जोगिएको हो।

प्रहरीले २० वर्षअघि तालिम प्रतिष्ठानका लागि खरिद गरेको काभ्रेको पनौती नगरपालिका- ११ स्थित १२ रोपनी आठ आना दुई पैसा तीन दाम जग्गा व्यक्तिको नाममा जानबाट जोगिएको छ। उक्त जग्गा विवादसम्बन्धी मुद्दामा जिल्ला र उच्च अदालतको फैसला सर्वोच्चले उल्ट्याइदिएपछि प्रहरीकै रहने भएको हो।

■ प्रतिष्ठानकै जग्गा हिनामिनाको अर्को घटनामा सिआइबीको अनुसन्धान जारी

» पृष्ठ ११ मा क्रमशः



इजरायलमा हराएका विपिन जोशी अझै बेपत्ता

हमासको नियन्त्रणमा रहेको आशंका



नेपाली राजदूत कान्ता रिजाल भन्छिन्-
अहिलेसम्म जोशीको स्थिति अज्ञात छ

(विस्तृत पृष्ठ ३)

NIMB
नेपाल इन्भेष्टमेण्ट मेगा बैंक लि.
NEPAL INVESTMENT MEGA BANK LTD.

मनाङ एयरलाई हेलिकोप्टर उडानमा रोक



सोलुखुम्बुको लुक्लाबाट उडेको मनाङ एयरको '९एन-एएनजे' कलसाइनको हेलिकोप्टर खुम्बु-पासाङल्हामु गाउँपालिकाको लोबुचेमा अवतरणका क्रममा शनिबार बिहान दुर्घटनाग्रस्त

भएका दुईवटै हेलिकोप्टर दुर्घटनामा परेपछि जहाजविहीन मनाङ एयर

काठमाडौं/ तीन महिनाको बीचमा दुईवटा हेलिकोप्टर दुर्घटनामा परेपछि नेपाल नागरिक उड्डयन प्राधिकरण (क्यान)ले मनाङ एयरको वायुसेवा सञ्चालन प्रमाणपत्र (एयर अपरेटर सर्टिफिकेट) निलम्बन गरेको छ। कानुनतः नेपालमा यो प्रमाणपत्र नलिई व्यावसायिक रूपमा वायुयान सञ्चालन गर्न पाइँदैन।

प्राधिकरणका अनुसार निलम्बनमा परेको मनाङ एयरले तत्काल हेलिकोप्टर ल्याए पनि उडाउन अनुमति पाउनेछैन। तीन महिनायता मनाङ एयरका दुवै हेलिकोप्टर

» पृष्ठ ११ मा क्रमशः



दृष्टि दिवसमा महानगरको आँखा परीक्षण शिविर

३२ जनालाई थप उपचारका लागि रिफर



काठमाडौं / काठमाडौं महानगरले विश्व दृष्टि दिवसका अवसरमा आयोजना गरेको आँखा परीक्षण शिविरमा चार सय २० जनाको आँखा परीक्षण गर्दा ३२ जनालाई थप उपचारका लागि अस्पताल रिफर गरिएको छ। महानगरपालिकाले नेपाल आँखा अस्पतालको प्राविधिक सहयोगमा २५ र २६ असोजमा आयोजना गरेको शिविरमा पाँचजनामा रेडिनोप्याथी देखिएको थियो। रेडिनोप्याथी मधुमेहका कारण आँखामा परेको असर हो। शिविरमा रेडिनोप्याथीसहित मोतीविन्दु भएका बिरामीलाई थप उपचारका लागि रिफर गरिएको हो।

शिविरको पहिलो दिन जनप्रतिनिधि र काठमाडौं कार्यक्षेत्र भएका पत्रकार तथा दोस्रो दिन कर्मचारी र महिला स्वास्थ्य स्वयंसेविकाको परीक्षण गरिएको थियो। शिविरमा जाँच गराउनेहरूमा नजिक र टाढाको दृष्टिमा समस्या धेरैमा देखियो। आँखा सुक्खा हुने अर्को समस्या हो। महानगरपालिकाकी जनस्वास्थ्य अधिकृत मञ्जु मास्केका अनुसार आँखाको स्वास्थ्यमा ध्यान दिने बानीको विकास गर्न आवश्यक देखिएको छ। नेपाल आँखा अस्पतालका बाह्य कार्यक्रम संयोजक राम केसीले आँखा शिविरहरूमा मधुमेहका कारण आँखामा परेको असर, मोतीविन्दुजस्ता समस्या धेरै देखिने गरेको बताए। विश्वव्यापी स्तरमा दृष्टि कमजोरी र अन्धोपनका मुख्य कारण रेटिनामा वस्तु फोकस नहुने समस्या मोतियाविन्दु हुन्। यस्ता समस्या समयमा पहिचान गर्न सके अन्धोपन रोक्न सकिन्छ। विश्व दृष्टि दिवस हरेक वर्ष अक्टोबर महिनाको दोस्रो बिहीबार मनाउने गरिन्छ। यस वर्ष 'कार्यस्थलमा आँखालाई माया गरौं' नारासहित विश्वभर कार्यक्रम आयोजना गरिएको थियो।

विश्व स्वास्थ्य संगठनका अनुसार विश्वभरि कम्तीमा २.२ अर्ब मानिस नजिक वा टाढाको दृष्टिमा कमजोर छन्।

पार्किङ खुल्यो, कहिले खुल्छ धरहरा ?



● **रमेश पौडेल**, प्रोजेक्टर म्यानेजर, जिआइटिसी रमन कन्स्ट्रक्सन

९० प्रतिशत काम सकिसकेको छ। हामीसँग सम्झौता भएबाहेकका केही काम बाँकी छन्। ती काम सकेर हस्तान्तरण गर्न अझै चार-पाँच महिना लाग्छ। यस्तै, धरहराअगाडिको सडक व्यवस्थित, बर्गैंचा निर्माण, बाहिरी भाग व्यवस्थित, हरियाली बनाउनेलगायत काम बाँकी छन्।

शान्ति तामाङ / नयाँ पत्रिका

दसैं-तिहारलाई लक्षित गरी काठमाडौं महानगरले सुन्धारास्थित धरहराको भूमिगत पार्किङ खुला गरेसँगै सर्वसाधारणमा धरहरा प्रवेश कहिले गर्न पाइन्छ भन्ने जिज्ञासा बढेको छ। दुई वर्षअघि नै तत्कालीन प्रधानमन्त्री केपी शर्मा ओलीले हतार-हतारमा धरहरा उद्घाटन गरे पनि सर्वसाधारणले प्रवेश पाएका छैनन्।

धरहरासहितका करिब ९० प्रतिशत संरचना बनिसकेका छन्। बाँकी १० प्रतिशत बन्न अझै चारदेखि पाँच महिना लाग्ने धरहरा निर्माण गरिरहेको कम्पनी जिआइटिसी रमन कन्स्ट्रक्सनका प्रोजेक्टर म्यानेजर रमेश पौडेलले बताए। '९० प्रतिशत काम सकिएको छ। हामीसँग सम्झौता भएकोबाहेकका केही काम बाँकी छन्। ती काम सकेर हस्तान्तरण गर्दा अझै चार-पाँच महिना लाग्छ,' प्रोजेक्टर म्यानेजर पौडेलले भने। उनका अनुसार धरहरा अगाडिपट्टिको सडक व्यवस्थित, बर्गैंचा निर्माण, बाहिरी भाग व्यवस्थित, हरियाली बनाउनेलगायत काम बाँकी छन्। तत्कालीन प्रधानमन्त्री ओलीले ११ वैशाख ०७८ मै धरहरा निर्माण सम्पन्न भएको दाबी गर्दै उद्घाटन गरेका थिए। उनले हाल धरहरा निर्माणका लागि कुनै पनि समस्या नभएको र छिट्टै हस्तान्तरण हुने बताएका थिए।

■ सुन्धारा र पुरानो धरहरा संरक्षण सुरु नै भएन

धरहराआसपासका संरचना निर्माणले गति लिए पनि सुन्धारा र ठुटे धरहरा (पुरानो) संरक्षण भने अगाडि बढ्न सकेको छैन। 'हामीले सुन्धारा र पुरानो धरहरा संरक्षणबाहेकका काम गरिरहेका छौं,' म्यानेजर पौडेलले भने। सुन्धारा पुनर्निर्माण गलत तरिकाले भएको भन्दै स्थानीयले विरोध गरेपछि काम रोकिएको थियो। निर्माण कम्पनीको कामविरुद्ध काठमाडौं महानगरका मेयर बालेन्द्र साहले समेत आपत्ति जनाएका थिए। भूकम्पले ढलेको धरहरा संरक्षण पनि उपयुक्त तरिकाले नभएको भन्दै स्थानीयले विरोध गरेपछि कम्पनीले काम रोकेको थियो। हाल ती दुवै कामले निरन्तरता पाउन सकेको छैन।



कस्तो बन्दै छ नयाँ धरहरा ?

ऐतिहासिक सम्पदा भए पनि धरहरा पुनर्निर्माण बहुउपयोगी आधुनिक भवनका रूपमा भइरहेको छ। यस भवनको तीन तलासम्म सवारी पार्किङस्थल रहेको छ। जसमध्ये आइतबारदेखि पहिलो एक तला सर्वसाधारणका लागि खुला गरिएको छ। धरहरा क्षेत्र निर्माण सम्पन्न भएपछि सुन्धारा, न्युरोड, रत्नपार्क क्षेत्रमा आउने सवारीसाधनले यहाँ सःशुल्क पार्किङ गर्न सक्नेछन्। आधुनिक ढंगले पुनर्निर्माण गर्न जमिन अपुग भएपछि सरकारले गोश्वारा हुलाक, टक्सार विभाग, नेपाल बैंक र सुन्धारा रहेको सबै जमिन एकीकृत रूपमा विकास गरिरहेको छ। जसकारण पहिले पाँच रोपनी क्षेत्रफलमा फैलिएको धरहरा ४२ रोपनीमा विस्तार भएको छ। तत्कालीन पुनर्निर्माण प्राधिकरणले पारित गरेको डिजाइनअनुसार गोश्वारा हुलाक भएको ठाउँमा धरहरा प्रवेशद्वार रहेको छ। भित्र छिरेपछि दुई तला भूमिगत छ। भूमिगत तलाबाट लिफ्ट चढेर धरहराको माथिल्लो भागमा पुग्न सकिनेछ।

पर्यटकको सुविधाका निम्ति धरहरा चढ्न र ओर्लन दुईवटा लिफ्ट छुट्टाछुट्टै राखिएको छ। लिफ्टमा एकपटकमा आठजनासम्म चढ्न सक्नेछन्। धरहराको २०औं तलामा 'अब्जरभेसन डेस्क' निर्माण भएको छ। यहाँबाट काठमाडौं उपत्यकाको दृश्यावलोकन गर्न सकिनेछ। २० तलाबाट धरहराको टुप्पासम्म जान प्रयोग गरिने लिफ्ट पारदर्शी छ। धरहरालाई हरियालीयुक्त बनाउन एउटा बर्गैंचा बनाइनेछ। बर्गैंचालाई 'ह्याङिङ गार्डेन' नाम दिइएको छ। डिजाइनअनुसार धरहरा प्रवेश गर्ने मुख्य ढोकामा पानीको अत्याधुनिक फोहरा बनाइनेछ। यहाँ संग्रहालयसमेत निर्माण गरिनेछ। संग्रहालयमा पुराना सिक्का छाप्ने मेसिन राखिनेछ। धरहरामा राखिने पानीको फोहोरा ५० फिट अग्लो हुनेछ। यसको १०औं तलामा मिनी थिएटर रहनेछ। जहाँ प्रोजेक्टरबाट धरहराको इतिहासबारे भिडियो देखाइनेछ।

संक्षेपमा उपत्यका

नागार्जुन : काठमाडौंको नागार्जुन नगरपालिका-४, शरणपुरमा दुई परिवारको करिब १० लाख रुपैयाँबराबरको चोरी भएको छ। धादिङ त्रिपुरासुन्दरी गाउँपालिका-६ घर भएका ३७ वर्षीय सन्तोष श्रेष्ठको कोठा र सोही घरमा डेरा गरी बस्ने बभ्राङ तलकोट गाउँपालिका-१ घर भएका हरिबहादुर अहिदीको कोठाबाट नगद तथा सुन र चाँदीका विभिन्न गरगहना गरी करिब १० लाख ३० हजार रुपैयाँबराबरको धनमाल शुक्रबार दिउँसो चोरी भएको प्रहरीले जनाएको छ। दिउँसो घरमा कोही नभएको अवस्था ताला फुटाएर चोरी भएको हो। दसैंको मुखमा चोरीका घटना बढ्ने भएकाले सतर्क हुन प्रहरीले सर्वसाधारणलाई आग्रह गरेको छ। खाली घरमा ताला फुटाएर चोरी हुने गरेको छ।

शंखरापुर : शंखरापुर नपा-३, जहरसिंहपौवा चोकबाट अवैध लागुऔषध गाँजा करिब चार सय ग्रामसहित काठमाडौं मनपा-६, बौद्ध बस्ने १८ वर्षीय किशोरलाई बिहीबार राति प्रहरीले पक्राउ गरेको छ। प्रहरी चौकी नांलेभारेबाट खटिएको प्रहरीले बा.३२प ७९६३ नम्बरको मोटरसाइकल जाँच गर्ने क्रममा उक्त गाँजासहित उनलाई पक्राउ गरेको हो। यस सम्बन्धमा प्रहरीले आवश्यक अनुसन्धान गरिरहेको छ।

कीर्तिपुर : कीर्तिपुर नपा-८, पाँगा हलनजिक बस्ने ७० वर्षीय श्यामबाबु महर्जनको आफ्नै घरको तीन तलाबाट लडेर शुक्रबार बिहान मृत्यु भएको छ। घरको झ्याल सफा गर्ने क्रममा लडेर गम्भीर घाइते भएका उनको कीर्तिपुर अस्पतालमा उपचारका क्रममा मृत्यु भएको हो।

भादगाउँ : सोह्रश्राद्धको अन्तिम दिन शनिबार भक्तपुरको पवित्र तीर्थस्थल हनुमानघाटमा हजारौं मानिसले आफ्ना दिवंगत आफन्तको नाममा पिण्डदान गरेका छन्। हनुमानघाट क्षेत्रमा मृतकका नाममा पिण्डदान गरे दिवंगतको आत्माले मोक्ष प्राप्ति गर्ने धार्मिक विश्वास रहेको पुरोहित गोविन्दराज राजोपाध्यायले जानकारी दिए। पुरोहित राजोपाध्यायका अनुसार नेवार समुदायमा सोह्रश्राद्ध गर्नुको छुट्टै महत्त्व छ। यो श्राद्ध नगरे कुलदेवताको पूजा गरी भोजन गर्नुहुँदैन भन्ने धार्मिक मान्यता अहिले पनि छ।

प्रहरीको 'जोखिमरहित' यात्रा अभियान



काठमाडौं / चाडपर्वमा दुर्घटना तथा अपराध न्यूनीकरणका लागि प्रहरीले सार्वजनिक बसहरूमा 'जोखिमरहित यात्रा हाम्रो अधिकार सुरक्षित वातावरण साझा सरोकार' विषयमा जनचेतनामूलक स्टिकरहरू टाँस्ने अभियान सुरु गरेको छ।

जसअन्तर्गत शनिबार बिहान काठमाडौं-२६ नयाँबसपर्कस्थित टिकट काउन्टरनजिक एक कार्यक्रम आयोजना गरिएको छ। मैनादेवी फाउन्डेसनका प्रमुख केपी खनालको अध्यक्षतामा तथा जिल्ला प्रहरी परिसर, काठमाडौंका प्रमुख प्रहरी वरिष्ठ उपरीक्षक भूपेन्द्रबहादुर खत्रीको प्रमुख आतिथ्यतामा कार्यक्रम आयोजना गरिएको हो। कार्यक्रममा जिल्ला प्रहरी परिसर काठमाडौंका प्रहरी उपरीक्षक कुमोध ढुंगेल, नेपाल यातायात व्यवसायी राष्ट्रिय महासंघका प्रतिनिधि, नेपाल टेलिकमका प्रतिनिधि, प्रहरी प्रभाग गोंगबु नयाँबसपार्क प्रहरी निरीक्षक दिनेश गुरुङलगायतको उपस्थितिमा थियो। चाडपर्वमा हुन सक्ने अपराध तथा दुर्घटना रोकथामका लागि जनचेतनाको कार्यक्रमलाई प्रहरीले तीव्रता दिएको छ।

मनसुन बाहिरिन अझै केही दिन लाग्ने

काठमाडौं / बागमती र मधेश प्रदेशको धेरैजसो भूभागबाट यस वर्षको मनसुन बाहिरिएको छ। यसअघि सुदूरपश्चिम र कर्णाली प्रदेशबाट बाहिरिसकेको मनसुन शनिबारदेखि गण्डकी र लुम्बिनी प्रदेशका सबै भूभाग तथा बागमती र मधेश प्रदेशका धेरैजसो भूभागबाट बाहिरिएको मौसम पूर्वानुमान महाशाखाले जनाएको छ।

नेपालका बाँकी भूभागबाट केही दिनमा मनसुन बाहिरिने सम्भावना रहेको महाशाखाको भनाइ छ। मनसुन बाहिरिने क्रममा रहेको भए पनि पश्चिमी वायुको प्रभावका कारण सोमबारदेखि बुधबारसम्म नेपालमा सामान्यदेखि मध्यम वर्षाको सम्भावना छ। आइतबार रातिदेखि पश्चिम वायुको एक प्रणाली आउने भएकाले छिटफुटदेखि हल्का वर्षाको सम्भावना रहेकाले तत्काल धान नकाट्न र काटेको भएमा आइतबारसम्ममा भित्र्याइसक्न मौसमविद् प्रतिमा मानन्धरको भनाइ छ।

उनका अनुसार पूर्वबाट मनसुन बाहिरन अझै केही दिन लाग्ने भएकाले बुधबारपछिबाट मात्रै मौसममा सुधार हुने उनले बताइन्। नेपालको पूर्वी भूभागमा मात्रै मनसुनी वायुको आंशिक प्रभाव कायम छ। सामान्यतया २ अक्टोबरमा नेपालबाट मनसुन बाहिरिसक्नुपर्ने भए पनि १४ अक्टोबर भइसक्दा मनसुन नेपालबाट पूर्ण रूपमा बाहिरिसकेको छैन। पानी नपरेका कारण वायुमा प्रदूषण र कणहरू बसेकाले दिउँसोपख आकाश खुले पनि बिहान-बेलुका धुम्म हुने मौसमविद् गोविन्द झाको भनाइ छ।

■ दुर्गाको मूर्तिमा फाइनल टच



देवी दुर्गाको मूर्तिमा शृंगार गर्दै कालिगड। आजदेखि सुरु हुने नवरात्रिका लागि ग्राहकले दिएको अर्डर पूरा गर्न कालिगड दिनरात खटिइरहेका छन्। नवरात्रिभर विभिन्न स्थानमा पण्डाल बनाएर सर्वसाधारणले देवी दुर्गाको मूर्ति स्थापना गरी पूजा गर्ने चलन छ। एक सेटमा करिब १० मूर्ति हुन्छन् र यसलाई तयार पार्न तीनदेखि चार हप्ता लाग्ने गर्छ। काठ, सुतरी, पराल र माटोको मिश्रणले मूर्ति बनाउने गरिन्छ। दुर्गाको मूर्ति दसैंको एकादशीको दिन विसर्जन गर्ने गरिन्छ। **तस्बिर : संजित परियार / नयाँ पत्रिका**

शिवपुरी मावि ७५औं वर्षमा

काठमाडौं / महाराजगन्जस्थित शिवपुरी माध्यमिक विद्यालयले स्थापनाको ७५औं वर्ष पूरा गरेको छ। देशका सामुदायिक विद्यालयमध्ये अग्रणी शैक्षिक संस्थाका रूपमा पहिचान बनाएको शिवपुरीले शनिबार स्थापना दिवसका साथै हीरक (७५औं वर्षगाँठ) जयन्ती मनाएको हो।

२००५ सालमा स्थापित यो शैक्षिक संस्था विभिन्न कालखण्डमा नाम परिवर्तन हुँदै अहिले शिवपुरी विद्यालयका रूपमा रहेको छ। शिवपुरी सुरुमा बाँसबारी आधार पाठशाला, बाँसबारी मिडिल स्कुल, बाँसबारी माध्यमिक विद्यालय हुँदै ०३० देखि शिवपुरी विद्यालयका रूपमा कायम छ। पछिल्ला वर्ष काठमाडौं महानगरपालिकाले यो विद्यालयलाई प्राविधिक शिक्षालयका रूपमा समेत विकास गरेको छ। यहाँ हाल एक हजार पाँच सय ९४ जना विद्यार्थी अध्ययनरत छन्। विद्यालय ७५ वर्ष पुगु आफैंमा ऐतिहासिक भएको र विद्यालयलाई सबैको रोजाइमा राखिराख्न शैक्षिण गुणस्तरलाई अझ बढाउनेदेखि भौतिक संरचना थप व्यवस्थित गर्न आफूहरू लागिपरेको प्रधानाध्यापक प्रकाश सुवेदी बताउँछन्। विद्यालयको हीरक जयन्तीका अवसरमा आयोजित कार्यक्रमलाई सम्बोधन गर्दै शिक्षा, विज्ञान तथा प्रविधिमन्त्री अशोक राई र प्रतिनिधिसभा निर्वाचनमा काठमाडौं-५ बाट निर्वाचित काग्रेस सांसद प्रदीप पौडेलले शिवपुरीलाई अझै राम्रो बनाउन सहयोग गर्ने प्रतिबद्धता व्यक्त गरे। मन्त्री राईले शिक्षा दान गर्ने विषयमा देशकै उत्कृष्ट विद्यालयका रूपमा शिवपुरी स्थापित भएको र यो



सफलता विद्यार्थी, अभिभावक, शिक्षक र दाता, कर्मचारीको योगदानबाट मात्रै सम्भव भएको बताए। सांसद पौडेलले शिवपुरी विद्यालयले आफ्नो भौतिक र जनशक्तिसहितको क्षमताभन्दा बढी विद्यार्थीलाई शिक्षा प्रदान गरेको विषयले पनि गुणस्तरीय शिक्षा प्रदान हुन्छ भन्ने स्पष्ट भएको उनले बताए।

महानगरले शिवपुरीमा तीन वर्षयता कक्षा नौदेखि १२ सम्मका विद्यार्थीलाई लक्षित गरी दुईवटा कम्प्युटर ल्याब र एउटा प्रोजेक्टरसहित कम्प्युटर इन्जिनियरिङको पढाइ गरिरहेको छ। महानगरले उत्कृष्ट सामुदायिक विद्यालयका रूपमा कम्प्युटर अध्ययन गराउन ५० लाख रुपैयाँ अनुदान दिएको छ। यसअघि हीरक जयन्तीका अवसरमा असोज २२ देखि २६ सम्म हाजिरी जवाफ, वक्तृत्वकला, सांगीतिक कार्यक्रमलगायत आयोजना गरिएको विद्यालयले जनाएको हो। सोही अवसरमा विद्यालयमा लामो समयदेखि कार्यरत शिक्षक तथा कर्मचारीलाई सम्मान गरिएको थियो। हीरक जयन्तीकै अवसरमा विद्यालय व्यवस्थापन समितिका पूर्वअध्यक्षहरू सूर्यप्रसाद श्रेष्ठ, नरहरि आचार्य, ध्रुवबहादुर प्रधान, सूर्यकिरण गुरुङ, प्रेमवल्लभ विष्ट र केशवराज शर्मालाई सम्मान गरेको थियो।

'सामुदायिक विद्यालयको शिक्षा नराम्रो हुन्छ भन्ने भाष्य चिर्न जरुरी छ'

काठमाडौं / शिक्षाविद् तथा शिक्षा मन्त्रालयका सहसचिव डा. हरि लम्सालले सामुदायिक विद्यालयलाई सुधार गर्न शिक्षकलाई पनि सरकारले सम्मानजनक व्यवहार गर्नुपर्ने बताएका छन्। बौद्धस्थित जनकल्याण माध्यमिक विद्यालयले शनिबार आयोजना गरेको कार्यक्रममा उनले शिक्षकलाई नैतिक रूपमा जिम्मेवार बनाउन शिक्षकको सम्मान चाहिने बताएका हुन्।

दसैं-तिहार, छठलगायत पर्वको शुभकामना आदान-प्रदान गर्न आयोजित कार्यक्रममा उनले जनकल्याण व्यवस्थित बन्नुको श्रेय प्रधानाध्यापक र विद्यालय व्यवस्थापन समितिलाई दिए। उनले विद्यालयलाई यो अवस्थासम्म ल्याउन अग्रजहरूले निकै महत्त्वपूर्ण भूमिका निभाएको बताए। 'काम गर्नेलाई जस दिने चलन न्यून छ। काम गर्नेलाई जस दिनुपर्छ, अग्रजलाई सम्मान गर्न नयाँ पुस्ताले पनि सिक्नुपर्छ,' उनले भने, 'काम नगरी हुँदैन गरेरै देखाउने हो, जनकल्याणले गरेरै देखाएको छ।'

सहसचिव लम्सालले सामुदायिक विद्यालयको शिक्षा नराम्रो छ भन्ने भाष्य चिर्न राम्रो काम गर्न आवश्यक रहेको र भएका राम्रा कामलाई बाहिर ल्याउन आवश्यक रहेको पनि बताए। जनकल्याण मावि सामुदायिक विद्यालयमा तीन हजारभन्दा बढी विद्यार्थी अध्ययनरत छन्। कार्यक्रममा नेपालका लागि भारतीय राजदूतावासका सेकेन्ड सेक्रेटरी प्रशान्त सोना, शिक्षा मन्त्रालयका सहसचिव डा. लम्साल, काठमाडौं महानगरपालिका शिक्षा विभाग प्रमुख सीताराम कोइराला, शिक्षा समन्वय इकाइ प्रमुख नन्दलाल पौडेल, विद्यालयका सल्लाहकार कृष्णकुमार न्यौपानेलगायतलाई सम्मान गरिएको थियो। विद्यालय व्यवस्थापन समितिका अध्यक्ष दिलेन्द्रप्रसाद ढकालले टिमवर्ककै कारण जनकल्याण सामुदायिक विद्यालयमध्ये अब्बल साबित भएको बताए। प्रअ कुमारीकमला राईले ठूलो मिहिनेत र लगनशीलताले जनकल्याण रूपान्तरण गर्न सकिएको बताइन्।

उपत्यकाव्यापी साइकल च्याली हुँदै

भक्तपुर / नेपाल भाषा र साहित्यको संरक्षण एवं प्रवर्द्धन गर्ने उद्देश्यले उपत्यकाव्यापी साइकल च्याली आयोजना भएको छ। भक्तपुरको ल्यसिंघयमा आगामी ९ र १० कात्तिकमा हुने ४३औं नेपाल भाषा साहित्य तःमुंज्या तथा सांस्कृतिक कार्यक्रमलाई सफल पार्ने उद्देश्यले आयोजित च्यालीको बागमती प्रदेश सभा सदस्य सुरेन्द्रराज गोसाईंले उद्घाटन गरे। नेपाल भाषा साहित्यको क्षेत्रमा 'जनता म्वाःसा भाषा म्वाइ' भन्ने नाराका साथ जनताको साहित्य र संस्कृति उत्थानको साझा प्रयासमा टेवा पुऱ्याउने उद्देश्यले ४३ वर्षदेखि कार्यक्रम हुँदै आएको छ।

साइकल च्याली भक्तपुरको ल्यसिंघयबाट सुरु भई जगाती, च्यामासिंह, दत्तात्रय, गोल्मढी, सुकुलढोका, तःमार, नासमना, भार्वाच्च, च्वङा गणेश, राधेराधे, शंखधर चोक, बालकुमारी, बहाखा बजार, सानोथिमि, पेप्सीकोला, जडीबुटी, कोटेश्वर, तिनकुने, बानेश्वर, माइतीघर, भद्रकाली, सहिदगेट, न्युरोड, वसन्तपुर, मरु, जैसीदेवल, लगन, भोटेबहाल, टेकु, त्रिपुरेश्वर, थापाथली, कुपन्डोल, पाटन ध्वाका हुँदै न्याखचुक, बंगलामुखी, स्वथा, मंगलबजार, सौगल, ग्वार्को, इमाडोल, सिद्धिपुर, लुभु, सिरुटार, चित्रपुर, गाम्चा, पाण्डुबजार, सूर्यविनायक, राममन्दिर, गःहिती हुँदै ल्यसिंघयमा पुगेर समापन भएको हुनेछ।

इजरायलमा हराएका विपिन अझै बेपत्ता, हमास समूहको नियन्त्रणमा रहेको आशंका

नेपाली राजदूत कान्ता रिजाल भन्छिन्- अहिलेसम्म जोशीको स्थिति अज्ञात छ

नयाँ पत्रिका

इजरायलको किबुजस्थित कृषि फार्ममा रहेका १७ जनाको समूहमध्ये बंकरमा सुरुमै हमासको आक्रमणमा परेका कञ्चनपुरको भीमदत्त नगरपालिका- ३ का विपिन जोशी एक सातादेखि बेपत्ता छन्। पहिलो आक्रमणमा घाइते अवस्थाका चारमध्ये एकजना स्वदेश फर्केका छन् भने तीनजना इजरायलमै उपचाररत छन्। शुक्रबार स्वदेश फर्केका विद्यार्थी तथा त्यहीं उपचाररत विद्यार्थीले जोशीलाई थाई नागरिकहरूसँगै हमास समूहले कब्जामा लिएको बताएका छन्। नेपाली दूतावासले जोशीको अवस्था अझै अज्ञात रहेको जनाएको छ।

अघिल्लो शनिबार बिहान हमास समूहले गरेको ग्रिनेड आक्रमणमा चारजना नेपाली विद्यार्थी घाइते भए। सल्यानका विधान सेजवाल, डाडका रविन डाँगी, कैलालीका धनबहादुर चौधरी र गोरखाका हिमाञ्चल कट्टेल घाइते भएका थिए। हमास समूहले दुईवटा ग्रिनेड फालेकोमा एउटा जोशीले समाएर बाहिर फालेका थिए। अर्को भने पड्केको थियो।

जोशीले ग्रिनेड बंकरबाहिर फालेका कारण चारजना नेपालीहरूको ज्यान बचेको त्यहाँबाट फर्केका विद्यार्थीहरूले बताएका छन्। हमासको गोली लागेर गम्भीर घाइते भएका हिमाञ्चल कट्टेलले अस्पतालबाटै जारी गरेको भिडियो सन्देशमा जोशीलाई प्यालेस्टाइनतर्फ लिएर गएको आफैंले देखेको बताएका छन्। उस (विपिन जोशी)लाई दुई तीनजना थाईसँग होस्टेज बनाएर प्यालेस्टाइनतर्फ लिएर गएको मैले देखेको छु,' कट्टेलले भनेका छन्। त्यही समूहमा रहेका सल्यानको त्रिवेणी गाउँपालिका- १ का प्रमोद केसी र कैलालीको भजनी त्रिशक्ति नगरपाकिा- ३ वीरेन्द्र चौधरीसहित २५३जनाको विद्यार्थी टोली शुक्रबार स्वदेश फर्केर शनिबारसम्म गाउँ पुगिसकेको छ।



विपिन जोशी

अर्थ मन्त्रालयमा कार्यरत चुरामणि अर्यालले प्यालेस्टाइन सरकारमा कार्यरत साथीसँग व्यक्तिगत तवरमा भएको सम्पर्कका आधारमा जोशीबारे चासो राखेको बताए। 'मेरो व्यक्तिगत चिनजानका साथी प्यालेस्टाइन सरकारका कर्मचारी हुनुहुन्छ। मैले उहाँलाई सम्पर्क गरेर विपिन जोशीबारे चासो राखेको थिएँ,' अर्यालले शनिबार साँझ नयाँ पत्रिकासँग भने, 'उहाँले नेपाली रहेको वा नरहेको केही पनि भन्नुभएन। तर, हमास समूहको नियन्त्रणमा रहेका एसियाली नागरिकलाई सुक्षित रूपमा इजरायलतर्फ फर्काउने तयारी गरेको जानकारी उहाँले दिनुभएको छ। यदि नेपाली त्यो समूहमा छन् भने उनी सुरक्षित छन्, सुरक्षित रूपमा इजरायल फर्काउने तयारी छ भन्नुभएको छ।'

इजरायलका लागि नेपाली राजदूत कान्ता रिजालले जोशीको स्थिति अझै अज्ञात रहेको बताइन्। 'अहिलेसम्म पत्ता लागेको छैन,' इजरायलबाट उनले नयाँ पत्रिकालाई ह्वाट्सएपमा सन्देश पठाएकी छिन्।

इजरायलको उत्तर-दक्षिण सीमामा जोखिम बढ्यो



इजरायलस्थित नेपाली दूतावासले पछिल्लो समय गाजाआसपाससहित इजरायलको दक्षिणी तथा उत्तरी सीमाक्षेत्रमा थप जोखिम बढेको जनाएको छ। त्यहाँबाट सुरक्षित स्थानमा सर्न नेपालीहरूलाई दूतावासले आग्रह गरेको छ। 'इजरायल सरकारद्वारा ती क्षेत्रमा रहेकाहरूलाई सुरक्षित क्षेत्रतर्फ जान सुझाइएकाले यदि तपाईं रहेको क्षेत्रमा समेत असुरक्षा बढ्दै गएको स्थिति छ भने आफ्नो रोजगारदातासँग सल्लाह गरी त्यहाँबाट बढी सुरक्षित स्थानतर्फ सर्नुहोला,' दूतावासले शनिबार जारी सूचनामा भनेको छ। दूतावासले अनलाइन फर्म भर्न तथा रोजगारदाता नभएकाहरूले पनि सम्पर्क गर्न आग्रह गरेको छ।

'स्वदेश फर्कन चाहनेहरूले दूतावासबाट सुरु गरिएको अनलाइन रजिस्ट्रेसन फर्म अनिवार्य रूपमा भर्नुहोला। निश्चित रोजगारदाता नभएका नेपाली नागरिकहरूले पनि उल्लेखित अनलाइन फर्म भर्नुहोला,' दूतावासले भनेको छ। सुरक्षित आश्रयस्थल नभएकाहरूले दूतावासमा सम्पर्क गर्न भनिएको छ। 'नेपाल सरकारका साथै इजरायल सरकार र विभिन्न आधिकारिक निकायका सूचना एवं स्थानीय सुरक्षा प्रोटोकलहरूको पालना गर्दै दूतावासको सम्पर्कमा रहनुहोला,' दूतावासको सूचनामा उल्लेख छ।

तेलअभिभमा रहेको नेपाली दूतावासले कामको चाप धेरै भएको कारण देखाउँदै दूतावासको फोन नलागेमा वा जवाफ नआएमा त्यहाँ रहेका नेपाली संघसंस्था र व्यक्तिलाई सम्पर्क गर्न आग्रह गरेको छ। शनिबार बिहान दूतावासको फेसबुक पेजमा राखिएको सूचनामा स्थिति सामान्य नभएसम्म घरबाहिर ननिस्कन भनेको छ। 'पुनश्चः अहिले दूतावासमा कामको चाप अत्यन्तै धेरै रहेको तथा एकैपटक कैयौं फोन तथा मेसेज आइरहने भएकाले पहिलो प्रयासमै फोन सम्पर्क नहुन सक्दछ, त्यसका लागि क्षमाप्रार्थी छौं,' दूतावासको सूचनामा भनिएको छ, 'यसरी दूतावासमा सीधा सम्पर्क स्थापित हुन नसकेको अवस्थामा अन्य मित्र तथा विभिन्न संघ-संस्थासमेतको सहयोग लिनुहोला।' राजदूत कान्ता रिजालका अनुसार इजरायलमा नेपालीहरूसँग सम्बन्धित ३५ संघसंस्था छन्।

चारित्रिक प्रमाणपत्रसम्बन्धी नयाँ निर्देशिकामा प्रहरीको असन्तुष्टि

कार्यान्वयन नहुँदै संशोधन गर्न सुझाव

नयाँ पत्रिका

गम्भीर प्रकृतिका अपराधमा संलग्नले पनि असल प्रहरी चारित्रिक प्रमाणपत्र पाउने देखिएपछि 'प्रहरी चारित्रिक प्रमाणपत्र वितरण निर्देशिका २०८० ' विवादमा परेको छ। प्रहरीले यसलाई कार्यान्वयनमा नलगी संशोधनका लागि गृह मन्त्रालयसँग आग्रह गरेको छ।

निर्देशिकाको दफा ९ (ख)मा 'कुनै फौजदारी अभियोग लागी सुरु तहको अदालत वा अर्धन्यायिक निकायमा मुद्दा विचाराधीन' रहेकाले कसुर उल्लेख नगरी प्रमाणपत्र पाउने प्रावधान छ। यस्तो व्यवस्थाले गम्भीर प्रकृतिका अपराधमा संलग्नहरूले पनि पुलिस प्रमाणपत्र पाउने भएपछि त्यसलाई संशोधनका लागि प्रहरी प्रधान कार्यालयले गृह मन्त्रालयलाई आग्रह गरेको हो।

निर्देशिकाका कतिपय प्रावधानले असर पर्ने देखिएपछि संशोधन गरेर मात्र कार्यान्वयन गरिनेबारे छलफल भइरहेको प्रहरी प्रवक्ता डिआइजी कुबेर कडायतले बताए। यस्तो प्रावधान हटाएर मात्र निर्देशिका कार्यान्वयन गर्न प्रहरीको सुझाव छ।

सामान्य प्रकृतिका अपराधमा संलग्नहरूले पनि प्रहरी रिपोर्ट नपाउँदा अवसरबाट वञ्चित भएको गुनासाको आधारमा गृह मन्त्रालयले केही उदारता देखाएर निर्देशिका संशोधन गरेको थियो। तर, केही प्रावधानले अपराधलाई नै प्रोत्साहन गर्ने भएपछि प्रहरीले संशोधनका लागि पहल गरेको हो।

गत १ असोजमा राजपत्रमा प्रकाशित निर्देशिकामा एक वर्षसम्म कैद सजाय भएकाले पनि अपराध उल्लेख नगरी प्रमाणपत्र पाउने प्रावधान छ। 'अदालत वा कुनै अर्धन्यायिक निकायबाट सुरु कारबाही र किनारा हुने फौजदारी मुद्दामा एक वर्ष वा सोभन्दा कम सजाय भई भुक्तान भएको' व्यक्तिलाई कसुर उल्लेख नगरी प्रहरी चारित्रिक प्रमाणपत्र पाउने प्रावधान निर्देशिकामा छ।

त्यस्तै, सरकारी कार्य सम्पादनको क्रममा कुनै कसुरमा सजाय पाई सेवामै रहेको व्यक्ति, जरिवाना मात्र भएको त्यो असुल भइसकेको व्यक्तिले पनि प्रहरी रिपोर्ट पाउनेछन्। सवारी तथा यातायात व्यवस्था ऐनको दफा १६१(३) बमोजिमको कसुरमा सजाय भएको व्यक्तिले पनि प्रमाणपत्र पाउनेछन्।

सवारी दुर्घटनामा कसैको ज्यान गएको, तर चालकको लापरबाही नदेखिएको अवस्थामा एक वर्षसम्म कैद सजाय हुने प्रावधान सो दफामा छ। यस्तो मुद्दामा दोषी ठहर भए पनि प्रहरीको प्रमाणपत्र पाउने भएका छन्।

त्यस्तै, सरकारले मुद्दा फिर्ता लिएको तथा अदालतबाट सफाइ पाई माथिल्लो अदालतमा विचाराधीन रहेकाले पनि चारित्रिक प्रमाणपत्र कसुर उल्लेख नगरी पाउने भएका छन्। नयाँ निर्देशिकामा अनलाइन आवेदन दिएको पाँच कार्यदिनभित्रै प्रमाणपत्र पाउने व्यवस्था उल्लेख छ।

असनमा दसैंको चहलपहल



दसैंको आगमनसँगै काठमाडौंको मुख्य व्यापारिक केन्द्र असन, न्युरोडलगायत क्षेत्रमा किनमेल गर्नेको भिड बढेको छ। कपडादेखि जुत्ता-चप्पल पसलसम्म उस्तै भिड छ। किनमेल गर्नेको भिड बढ्दा ती क्षेत्रमा आवतजावतमै समस्या हुने गरेको छ।

तस्बिरः संजित परियार/नयाँ पत्रिका

मणिपालमा चिकित्सक कुटपिट प्रकरण

दुईजना कारागार चलान, सातजना धरौटीमा छुटे

कास्कीमा **रोहितराज पराजुली**

मणिपाल शिक्षण अस्पतालमा उपचारका क्रममा एकजना बिरामीको मृत्युपछि चिकित्सक कुटपिट र तोडफोडमा संलग्न दुईजना कारागार चलान भएका छन्। सातजना धरौटी राखी तारेखमा छुटेका छन्।

गत ८ असोजमा लमजुङ सुन्दरबजार नगरपालिका- ६ बस्ने वर्ष ५७ की सुकमाया दुराको उपचारको क्रममा मृत्यु भएको थियो। श्वासप्रश्वास तथा ढाड दुख्ने समस्याका कारण ७ असोजमा अस्पतालमा भर्ना भएकी उनलाई उपचारको क्रममा ८ असोजमा डाक्टरले मृत घोषणा गरेका थिए। उनका आफन्तहरूले डाक्टरको लापरबाहीका कारण मृत्यु भएको र मृत्युको कारण खुलाउनुपर्ने माग राखी अस्पतालमा नाराबाजीसँगै एक चिकित्सकलाई हातपात र अस्पताल तोडफोडसमेत गरेका थिए।



अस्पतालका चिकित्सक अनिल शाहलाई कुटपिट गरेको आरोपमा प्रहरीले पोखरा महानगरपालिका- ५ मालेपाटनका विनय गुरुङलाई पक्राउ गरेको थियो। पछि अन्य आठजना पनि पक्राउ परेका थिए। घटनामा संलग्न अन्य १० जनाको समेत पहिचान खुले पनि हाल उनीहरू फरार छन्। प्रहरीले उनीहरूविरुद्ध पक्राउ पुर्जी जारी गरेको छ।

पक्राउ परेका उनीहरूलाई स्वास्थ्य संस्थाको सुरक्षासम्बन्धी ऐन, २०६६ अन्तर्गत हातपात, तालाबन्दी तथा तोडफोडजस्ता कार्य गर्न नहुने कसुरमा अनुसन्धान प्रक्रिया अगाडि बढाई सरकारी वकिल कार्यालयमार्फत कास्की जिल्ला अदालतमा पेस गरेपछि उनीहरूमध्ये दुईजनालाई पुर्पक्षका लागि कारागार चलानसँगै अन्य सातजनालाई जनही एकएक लाख धरौटी तारेखमा छाड्ने आदेश अदालतले दिएको जिल्ला प्रहरी कार्यालय कास्कीका प्रवक्ता श्रवणकुमार विकले जानकारी दिए।

पुर्पक्षका लागि कारागार चलान हुनेहरूमा पोखरा- १७ हनुमान टोल बस्ने छावा भन्ने सुशील कार्की र पोखरा- ५ मालेपाटन बस्ने विनय गुरुङ छन्। धरौटीमा छुट्नेहरूमा सञ्जय पीडित भनिने सुजित मुल्मी, अभिनाश गुरुङ, अरुण गुरुङ, नितेश गुरुङ, विवेकमान गुरुङ, मनीष थापा र प्रदीप गुरुङ छन्।

कुटपिट र तोडफोडमा १० जना अझै फरार छन्। फरार हुनेहरूमा गौरव बराल, गिरे हिपप भनिने गिरबहादुर पुन, प्रेमलाल पुन, सागर परियार, पशुपति भट्टराई, हम्पे भनिने नवीन लामा, सुजन अधिकारी, चुमन गुरुङ, कार्लोस गुरुङ र उत्तम भण्डारी छन्।

गुप्तांगमा लागुऔषध लुकाएर ल्याउँदै गरेकी युवती पक्राउ

धनगढी/ गुप्तांगमा लागुऔषध लुकाएर ल्याउँदै गरेकी एक युवतीलाई प्रहरीले कैलालीको त्रिनगर भन्सार नाकाबाट पक्राउ परेको छ। प्रहरीको लागुऔषध अनुसन्धान ब्युरो कञ्चनपुर र जिल्ला प्रहरी कार्यालय कैलालीको टोलीले धनगढी उपमहानगरपालिका- १, बस्ने २० वर्षीया अनुस्कासिंह ठकुरीलाई नाकाबाट पक्राउ गरेको हो।

लागुऔषध खैरो हिरोइन ल्याइरहेको सूचनाका आधारमा उनलाई पक्राउ गरिएको जिल्ला प्रहरी कार्यालय कैलालीले जनाएको छ। प्रहरीका अनुसार उनले योनीभित्र लुकाएको अवस्थामा एक ग्राम खैरो हेरोइन बरामद गरिएको छ। नाकामा रहेको हेल्थ डेस्कमा कार्यरत महिला स्वास्थ्यकर्मीको सहयोगमा योनीमा लुकाएको लागुऔषध निकालिएको प्रहरीले जनाएको छ। जिल्ला प्रहरी कार्यालयका प्रहरी नायब उपरीक्षक कुलदीप चन्दले पक्राउ परेकी युवती प्रयोगकर्ता हुन् वा कारोबारी हुन् भन्नेबारे अनुसन्धान भइरहेको बताए। खैरो हेरोइन भने भारतबाट ल्याइएको खुलेको उनको भनाइ छ।

कैलालीको टीकापुर बसपार्कबाट प्रहरीले एक ग्राम लागुऔषध खैरो हेरोइनसहित शुक्रबार एकजनालाई पक्राउ गरेको छ। अछामको साँफेबगर घर भई टीकापुर बस्ने २२ वर्षीय मनोज भुललाई पक्राउ गरिएको प्रहरीले जनाएको छ। प्रहरीका अनुसार चेकजाँचका क्रममा उनको साथमा लागुऔषध फेला परेको थियो। भारतसँगको लामो खुला सीमाका कारण कैलाली, कञ्चनपुरमा लागुऔषधको कारोबार हुने गरेको छ। चरेसबाहेक सबैजसो लागुऔषध सीमावर्ती भारतीय बजारहरूबाट लुकिछिपी ल्याउने गरिएको प्रहरीले जनाएको छ।



राजमार्गका होटेल तथा कोल्ड स्टोरको अनुगमन

दसैँमा घर हिँडेका यात्रुसँग महँगो मूल्य असुल्ने तीन होटेललाई जरिवाना

निर्देशन पालना नगरे हदैसम्मको कारबाही गछौँ



■ हुमनाथ पराजुली,
सहायक प्रजिअ, धादिङ

जिल्ला अनुगमन समितिका संयोजक सहायक प्रमुख जिल्ला अधिकारी हुमनाथ पराजुलीले राजमार्गआसपासका सञ्चालित होटेल तथा कोल्ड स्टोर पसलहरूले बढी मूल्य असुली गरे निर्मम भएर कारबाही गर्ने बताएका छन् । पटकपटक दिएको निर्देशन पालना नगरी मापदण्डविपरीत सञ्चालन गर्ने होटेल तथा पसलेहरूलाई निर्मम भएर हदैसम्मको कारबाही गर्ने उनले बताए । 'त्रिभुवन राजपथ र पृथ्वी राजमार्ग देशको मुख्य मार्ग हो । तर, यही राजमार्गआसपासमा सञ्चालित कतिपय होटेलहरू दर्ता नै नगरी चलाइरहेका भेटिए । दर्ता भएका होटेलहरूले पनि विनादर्ताका कोल्ड स्टोर सञ्चालन गरिरहेका छन्,' उनले भने, 'मापदण्डविपरीत सञ्चालन गर्ने अनि ग्राहकको ढाड सेकिने गरी पैसा असुल्ने । पटक-पटक दिएको निर्देशन पनि पालना नगर्ने । कति जरिवाना गर्नु । अब निर्मम भएर कारबाही गर्छौं ।'

धादिङमा **अर्जुन श्रेष्ठ**



शुक्रबार मध्यरातमा राजमार्गआसपासका होटेल तथा कोल्ड स्टोरको अनुगमन गर्दै जिल्ला अनुगमन समितिको टोली ।

शुक्रबार मध्यरात, व्यस्त राजमार्ग । दसैँ मनाउन गाउँ फर्कनेहरूको लर्कोले होटेल तथा पसलमा पनि उस्तै भिड । त्यही पसलको भिडमा खानेकुरा किन्दा घरेलु तथा साना उद्योग कार्यालयका उद्योग अधिकृत मेघनाथ गौतम ठगिए । राजमार्गआसपासका होटेल तथा पसल अनुगमनमा पुगेका उनलाई धादिङको धुनीबेँसी नगरपालिका- ६ खाना-खजाना होटेलद्वारा सञ्चालित कोल्ड स्टोरले महँगो मूल्य असुलेको हो । जिल्ला अनुगमन समितिका सदस्य गौतम ग्राहक बनेर सामान किन्दा पसलेले ७५ रुपैयाँको लेजलाई एक सय २० र एक सय पाँच रुपैयाँको बदाम जुसलाई एक सय ५० रूपैयाँ असुलेका हुन् ।

'होटेलले दर्ताविनाको कोल्ड स्टोर सञ्चालन गरिरहेको छ । विनादर्ताका कोल्ड स्टोरले ग्राहकको ढाड सेकिने गरी महँगो मूल्य असुलिरहेको छ,' गौतमले भने, 'दयागमा लेखिएको मूल्यभन्दा किन बढी मूल्य लिनुभयो भन्दा कुटौलाभैँ गर्छन् । तपाईं नखानुस्, तपाईंलाई जबर्जस्ती खानु भनेको छैन । व्यस्त छु, तपाईसँग बार्गेनिङ गर्ने फुर्सद छैन भनेर उल्टै थर्कायो । एक त ग्राहकको ढाड सेकिने गरी महँगो मूल्य, अर्को होटेल तथा कोल्ड स्टोर सञ्चालकहरूको दादागिरी । ग्राहकलाई खाए खा नखाए घिच भनेजस्तै छ ।'

अनुगमनकै क्रममा ग्राहक बनेर धुनीबेँसी नगरपालिका- ९ स्थित हाइवे ब्रेक लाइट कोल्ड स्टोर पुगेका उपभोक्ता हित संरक्षण मञ्च धादिङका शिव सापकोटा पनि ठगिए । '१६ रुपैयाँको एक बोतल पानीलाई ३० रुपैयाँ लियो । झन्डै दोब्बर महँगो हो', उनले भने- 'सामानको मूल्य विक्रेतालाई थाहा छँदैछ, ग्राहकलाई पनि जानकारी हुन्छ । तर ५-१० रुपैयाँ भनेर पसलेले लिन्छन्, ग्राहकले छाड्छन् । १६ रुपैयाँको एक बोतल पानीलाई ३० रुपैयाँसम्म लिनु व्यापारीको ज्यादती र कालोबजारी हो ।'

काठमाडौंका अग्रिम पौडेल रातको समयमा पृथ्वी राजमार्गस्थित थाक्रेको न्यु गण्डकी स्टाफ होटेलमा भेटिए । हातमा पानीको बोतल र केही जंकफुड लिएका पौडेल राजमार्गका होटेल तथा पसलेहरूले दोब्बर मूल्य लिने गरेको गुनासो गर्छन् । 'व्यापारीले जति मन लाग्यो त्यति सामानको मूल्य भन्छ । नखाउँ भोक लागेको छ रातको समय कहाँ जाने, खाउँ मूल्य सुन्दै तर्सिनुपर्नेछ,' उनले भने, '२० रुपैयाँको पानी ४०, २० रुपैयाँकै चाउचाउलाई ४० रुपैयाँसम्म तिरेर खाइरहेका छौं । पहिले नै मार्जिन राखेर आएको सामानमा लेखिएको मूल्यमा अझै शतप्रतिशत नाफा जोडेर व्यापारीले ग्राहकको शोषण गरिरहेका छन् । राति यसरी अनुगमन गरेको पहिलोचोटि देखेँ । खुसी लाग्यो, अझै सरकारले अनुगमनलाई व्यवस्थित गर्न सके ग्राहक ठगिनबाट जोगिन्थे ।'

काठमाडौंबाट भारत पटना हिँडेका सौरभ झा पनि राजमार्गकै खाना-खजाना होटेलले सञ्चालन गरेको कोल्ड स्टोरमा भेटिए । राजमार्गका होटेल तथा कोल्ड स्टोरले मनलाग्दी मूल्य लिएको उनको गुनासो छ । 'तोकिएको मूल्यभन्दा बढी लिनु गलत हो । नयाँ ठाउँ कसलाई गुनासो गर्नु । मूल्य बढी भयो भन्दा खान मन नभए नखाउ भन्यो । भोक लागिरहेको थियो, महँगो मूल्य तिरेरै भोक मेटेँ । यसरी त नेपाल र नेपालीकै बदनाम भयो नि,' झाले गुनासो पोखे ।

चाडपर्व नजिकिएसँगै अनुगमन तीव्र पारिएको हो । 'बिहान, दिउँसो, बेलुका, मध्यरात केही भन्दैनौं । केही दिनदेखि दिनरात निरन्तर अनुगमन गरिरहेका छौं । ग्राहकको गुनासोपछि मध्यरातमा पनि अनुगमन गरिएको हो । अनुगमनका क्रममा भेटिएका समस्या मात्रै सुधार गर्न सके राजमार्ग भन्दा मुख खुम्चाउनेहरूले राम्रो मान्ने थिए', जिल्ला अनुगमन समितिका संयोजक सहायक प्रमुख जिल्ला अधिकारी हुमनाथ पराजुलीले भने । जिल्ला अनुगमन समितिले ग्राहक बनाएर जिल्लाका विभिन्न ठाउँमा अनुगमन गरिरहेको छ । अखाद्य वस्तु बिक्री गर्ने, महँगो मूल्यमा सामान बिक्री गर्ने, मापदण्डविपरीत सञ्चालन गर्ने, अनुगमन टोलीले दिएको निर्देशन पालना नगर्नेजस्ता होटेल तथा पसलेलाई स्पटमै कारबाही गरिने उनले बताए । अनुगमनका क्रममा खाना-खजाना होटेललाई ५० हजार, न्यु गण्डकी स्टाफ होटेललाई १० हजार, न्यु भेरी स्टाफ होटेललाई १० हजार, हाइवे ब्रेक लाइट कोल्ड स्टोरलाई १० हजार जरिवाना गरिएको उनले बताए ।

त्रिभुवन राजपथ र पृथ्वी राजमार्गआसपासमा सञ्चालित होटेल तथा पसलेहरूले एमआरपीभन्दा निकै महँगोमा खाद्य सामग्री बिक्री-वितरण गरेको भेटिएको हो । एमआरपीभन्दा बढी मूल्य लिन पाइँदैन । तर, राजमार्गका होटेल, कोल्ड स्टोहरूमा झन्डै शतप्रतिशतसम्म जोडेर दोब्बर मूल्य लिने गरेको भेटिएको छ । एमआरपीमा २० प्रतिशतभन्दा बढी मूल्य लिनु कालोबजारी भएको खाद्य प्रविधि डिभिजन कार्यालय नुवाकोटका खाद्य निरीक्षक नवराज श्रेष्ठले बताए । 'होटेल तथा कोल्ड स्टोरहरू मापदण्डविपरीत सञ्चालनमा छन् । होटेलका किचन र कोल्ड स्टोरको फ्रिजमै अखाद्य वस्तु भेटिए । यो ग्राहकको स्वास्थ्यमाथि खेलबाड हो,' उनले भने- 'धादिङ, नुवाकोट र रसुवामा पटकपटक अनुगमन गरेर निर्देशन दियौं । विगतमा भन्दा अहिले केही सुधार भने भएका छन् ।'

चाडपर्वको सुरक्षामा २९ हजार सशस्त्र प्रहरी खटिए

नाकामा हातहतियार, विस्फोटक पदार्थ र लागुऔषध पहिचान गर्न सक्ने तालिमप्राप्त कुकुरसमेत परिचालन

काठमाडौं/ सशस्त्र प्रहरी बलले चाडपर्व विशेष सुरक्षा योजना तयार गरी कार्यान्वयन गरेको छ । सुरक्षा योजनाअनुसार २९ हजार एक सय ५४ जना सशस्त्र प्रहरी परिचालित हुनेछन् । दुई हजार नौ सय २९ जना तयारी हालतमा राखिएको छ ।

चाडपर्वको समयमा सीमावर्ती इलाका तथा अन्य स्थानमा नागरिकको सेवा, सुरक्षा र उद्धारको सुरक्षा योजना तयार पारिएको सशस्त्र प्रहरी बलले जनाएको छ । सशस्त्रले चीन र भारतका सीमाक्षेत्रमा एक सय २५ स्थानमा हेल्प डेस्क (नागरिक सहायता कक्ष) र ३३ स्थानमा हेल्थ डेस्क (नागरिक स्वास्थ्य सहायता कक्ष) स्थापना गरिएको छ । कतिपय नाकामा विशेष चेकजाँच गर्न थालिएको छ । झापाको काँकडभिट्टालगायत नाकामा हातहतियार, विस्फोटक पदार्थ र लागुऔषध पहिचान गर्न सक्ने तालिमप्राप्त कुकुरसमेत परिचालन गरिएको छ ।

आपराधिक क्रियाकलापको रोकथाम एवं नियन्त्रण गर्न गस्ती, पेट्रोल, चेक प्वाइन्ट ड्युटी खटिनुको साथै मुख्य राजमार्गमा हुन सक्ने घटना सुरक्षा योजनाअन्तर्गत पाँच सय ६३ स्थानमा पैदल गस्ती, तीन सय ६६ स्थानमा मोबाइल गस्ती, ३७ स्थानमा एलआरपी (लामो दूरीको गस्ती) गर्ने भएको छ । त्यस्तै, दुई सय नौ स्थानमा क्युआरटी र तीन सय ७३ स्थानमा चेकप्वाइन्ट तथा पिकेट ड्युटीमा सशस्त्र प्रहरी कर्मचारी तैनाथ हुने भएका छन् । त्यस्तै, उपत्यकामा पाँचवटा अनुगमन टोलीसमेत परिचालित गरिएको छ । चाडपर्वमा भारतबाट धेरै नेपाली आउने भएकाले उनीहरूलाई सहयोग गर्न विभिन्न नाकामा हेल्प डेस्कमा राखिएको र यसलाई स्थायी रूपमै सञ्चालन गरिने सशस्त्र प्रहरीको तयारी छ ।

■ युनिट सरुवाको सुरुवात

सशस्त्र प्रहरी बल नेपाललले युनिट सरुवाको परम्परा सुरु गरेको छ । एकाइगत अवधारणालाई प्रभावकारी बनाउन युनिट सरुवा थालिएको सशस्त्र प्रहरीले जनाएको छ । पहिलोपटक सशस्त्र प्रहरी बल नेपाल नम्बर १५ गण काभ्रेको 'क' गुल्म र नम्बर ७ गण सिराहाको 'क' गुल्मको गुल्म फर्मेसनमा परस्परमा सरुवा गरिएको छ । सशस्त्र प्रहरी बल नेपाल नम्बर ३ गढीमाई बाहिनी मुख्यालय मकवानपुरअन्तर्गत काभ्रे जिल्लामा तैनाथ रहेको नम्बर १५ गणको 'क' गुल्म आश्रित गुल्मको रूपमा सिन्धुली जिल्लामा तैनाथ थियो भने नंम्बर २ छिन्नमस्ता बाहिनी मुख्यालय महोत्तरीअन्तर्गत सिराहा जिल्लाको नम्बर ७ गणको 'क' गुल्म मार्डरमा रही प्रस्तावित सीमासुरक्षा गुल्मको रूपमा मातहत तीनवटा बिओपीसहित तैनाथ थियो ।

सशस्त्र प्रहरी बल नेपालको संगठनभित्र बाहिनी, गण, गुल्म र प्लाटुनलगायतका संरचना छन् । हाल काभ्रे र सिराहाका गणमातहत गुल्म तहको परस्पर सरुवा गरे पनि भविष्यमा गण तहका एकाइहरूको समेत सरुवा गरिने योजना रहेको सशस्त्र प्रहरी बलले जनाएको छ ।

सशस्त्र प्रहरी बल नेपालका प्रत्येक एकाइहरूको आ-आफ्नै आदर्श वाक्यसमेत तय गरिएको छ । युनिट सरुवाले गर्दा एकाइमा कार्यरत कर्मचारीहरूको आफ्नो एकाइप्रति गौरवको भावना विकास हुने र सामूहिकताको भावना जागृत हुनेसमेत संगठनले विश्वास लिइएको सशस्त्रका सहप्रवक्ता शैलेन्द्र थापाको भनाइ छ ।

एकाइगत रूपमा सरुवा गर्दा सो एकाइमा कार्यरत कर्मचारीहरूमा एकता, भ्रातृत्व तथा भगिनत्व प्रगाढ हुने, एकअर्काका बारेमा सम्पूर्ण जानकारी अद्यावधिक हुन सशस्त्र प्रहरी अधिकारी बताउँछन् । आदेशको शृंखला अझ प्रभावकारी रूपमा विकास हुने तथा एकाइप्रतिको अपनत्व अभिवृद्धि भई सकारात्मक सोच र सहयोगात्मक भावनाको विकास हुने तथा एकाइ सरुवा गर्दा फौजी अनुशासन र आचरणको समेत पालना हुने आधारमा युनिट सरुवाको परम्परा सुरु भएको हो ।

एकाइगत सरुवा गर्दा व्यक्तिगत रूपमा काजमा बस्ने, अन्य एकाइमा सरुवा भएर जान चाहने र कुनै व्यक्ति विभिन्न कारणले एकै स्थानमा लामो समयसम्म बस्ने प्रवृत्ति पनि रोकिने सशस्त्र प्रहरी अधिकारीहरू बताउँछन् । यसअघि सशस्त्र प्रहरी बल नेपालले व्यक्तिगत स्वार्थलाई प्राथमिकतामा राखी आफ्नोअनुकूल कार्यालयमा काज कार्यरत रहने प्रवृत्तिलाई निरुत्साहित गर्ने गरी काजसम्बन्धी नयाँ मापदण्ड तयार पारी लागू गरिसकेको छ ।

देशको अर्थतन्त्र सुधार गर्न भ्रष्टाचार उन्मूलन गर्नुपर्छ : नेपाल

कञ्चनपुर/ एकीकृत समाजवादीका अध्यक्ष माधवकुमार नेपाललले देशको अर्थतन्त्र सुधार आवश्यक रहेको औंल्याएका छन् । शनिबार महेन्द्रनगरमा पार्टीले सञ्चालन गरेको जागरण अभियान सभामा उनले अर्थतन्त्र सुधार आवश्यक रहेको बताए ।

पूर्वप्रधानमन्त्री रहेका नेपालले अर्थतन्त्र सुधार नहुँदा मुलुकमा रोजगारी नभएको र युवा जनशक्ति बिदेसिनुपर्ने, त्यहाँबाट शव मात्रै नेपाल आउन लागेको बताए । नेपाललले मुलुकको अर्थतन्त्र सुधारका लागि सरकारले भ्रष्टाचार उन्मूलन, सुशासन सार्वजनिक सेवा प्रवाहमा द्रुतताका साथै कृषि क्षेत्रमा लगानी वृद्धि गर्नुपर्ने सुझाव दिए । उनले समाजवादीले सञ्चालन गरेको अभियान जनताका प्रत्यक्ष परिमर्का बुझ्दै पार्टीलाई जनतासँग जोड्ने बताए । 'जनताका अपेक्षा के छन्, विद्यमान अवस्थामा जनता के चाहन्छन् । त्यो विषय हामीले अभियानका दौरानमा लिएका छौं,' नेपाललले भने, 'अभियानले मुलुकको मुहार फेर्न भूमिका खेल्छ ।' सरकारले कृषि क्षेत्रलाई उच्च प्राथमिकताका साथ अघि बढाउँदै अर्थतन्त्र सुधार आवश्यक रहेको उनले बताए । नेता नेपाललले पछिल्ला दिनमा राजनीतिप्रति निराशा जागेको बताउँदै दलप्रति विश्वास दिलाउन पार्टीलाई जनतासँग जोड्न पूर्वदेखि पश्चिमसम्म जागरण अभियान थालिएको बताए ।

घोराही-तुलसीपुर चार लेन सडक तिहारपछि सुरु हुने

दाङ/ सञ्चार तथा सूचना प्रविधिमन्त्री रेखा शर्माले घोराही-तुलसीपुर चार लेन सडक निर्माणको काम पुनः सुरु हुन लागेको बताएकी छिन् । शनिबार तुलसीपुर उपमहानगरपालिका-१६ मा माओवादीले आयोजना गरेको विजयादशमीको शुभकामना आदान-प्रदान कार्यक्रममा उनले तिहारलगत्तै टेन्डरमा लैजाने तयारी भएको बताइन् ।

त्यसका लागि सर्भेसमेत भइसकेको शर्माले बताइन् । 'सर्भे भइसकेको छ, भौतिक पूर्वाधारमन्त्रीसँग पनि कुरा भइसकेको छ,' उनले भनिन्, 'तिहारपछि टेन्डर हुन्छ र काम अघि बढ्छ ।' विगतमा कतै दुई लेन र कतै चार लेन बनाउने चर्चा भए पनि अब पुलसहित सबैतिर चार लेन बनाउने गरी सर्भे भएको उनको भनाइ थियो । एकिजम बैंककै लगानीमा पुनः चार लेनको काम सुरु हुने शर्माले बताइन् । 'फेरि पनि एकिजम बैंकले नै लगानी गर्ने कुरा छ,' उनले भनिन् ।

हाल घोराही-तुलसीपुर सडक खण्डमा मर्मतको काम भइरहेको छ । पाँच वर्षसम्म पनि चारलेन सडक निर्माणको काम अलपत्र हुँदा जावत-जावतमा समस्या र दुर्घटना भइरहेका छन् । नागरिकको व्यापक दबाबपछि चार लेनको ठेक्का तोडिएको थियो । एकिजम बैंकले लगानी गरेका धेरै ठाउँमा ठेक्का तोड्न समस्या हुने गरे पनि घोराही-तुलसीपुर चार लेनलाई भने सहजै ठेक्का तोड्न सकिएको मन्त्री शर्माले बताइन् । उनले राप्ती स्वास्थ्य विज्ञान प्रतिष्ठानमा एमबिबिएस अध्ययनका लागि भवन निर्माण गर्न ३० करोड बजेट आएको जानकारी दिइन् । त्यसका लागि ठेक्काको तयारी भइरहेको उनले बताइन् ।

गाउँमै विद्यार्थी टिकाउन विद्यालयलाई १० लाखको अक्षय कोष

धादिङ/ धादिङको त्रिपुरासुन्दरी गाउँपालिका- ६ गोलाङमा रहेको भीमोदय माध्यमिक विद्यालयमा १० लाखको अक्षय कोष स्थापना गरिएको छ । गोलाङ घर भई हाल अमेरिकामा बस्दै आएका दिवाकर पाण्डेको परिवारले स्वर्गीय पिता हिक्मतबहादुर पाण्डेको नाममा अक्षय कोष स्थापना गरेका हुन् । 'गाउँमा उच्च शिक्षा अध्ययन गर्ने शैक्षिक संस्था छैन । माध्यमिक तहमा अध्ययन गर्ने विद्यार्थी पनि न्यून छन्,' पाण्डेले भने, 'गुणस्तरीय शिक्षाको व्यवस्था गरी गाउँमै विद्यार्थी टिकाउने उद्देश्यले विदेशमा आफूले कमाएको केही रकम छुट्याएर अक्षय कोष स्थापना गरेको हो ।'

अध्ययनकै लागि गाउँका बालबालिकाहरूले घरआँगनका विद्यालय छाडेर सहर छिरेका छन् । कतिपयले पैसा अभावका कारण पढाइ छाड्नुपर्ने बाध्यता रहेको उनले बताए । 'विद्यालयको शैक्षिक गुणस्तर सुधार आवश्यक छ । आफ्नो जन्मथलोको विद्यालय स्थापनामा बुबाले खेल्नुभएको भूमिका अविस्मरणीय छ । आज मेरो उचाइको कारण नै बुबा हो । यो अक्षय कोष उहाँको सम्मानका लागि पनि हो,' उनले भने । पाण्डे एनआरएनए अमेरिकाको सहकोषाध्यक्ष हुन् । अमेरिका जानुअघि उनले नेपालमा लामो समय शिक्षक पेसा अँगालेका थिए । शैक्षिक क्षेत्रमा रहेको समस्याबारे उनी जानकार पनि छन् । गाउँमै गुणस्तरीय शिक्षा र उच्च शिक्षा प्रदान गर्ने रहर रहेको पाण्डेले बताए । 'विद्यालयमा स्थापना गरिएको अक्षय कोष सुरुवात हो । निरन्तर रूपमा शैक्षिक विकास र सुधारका लागि काम गर्नेछौं । गाउँका भाइबहिनीहरूलाई गाउँकै घरआँगनमा उच्च शिक्षा पढाउने लक्ष्य छ,' उनले भने । विद्यालयमा अक्षय कोष स्थापनाले गरिबी तथा जेहेन्दार विद्यार्थीलाई सहयोग पुग्ने भन्दै विद्यालयका शिक्षक अभिभावकहरूले खुसी व्यक्त गरेका छन् ।

३९ हजारभन्दा बढी स्वास्थ्य बिमामा आबद्ध

लमजुङ/ लमजुङको कुल जनसंख्यामध्ये २५ प्रतिशत स्वास्थ्य बिमाको पहुँचमा पुगेका छन् । स्वास्थ्य बिमा कार्यक्रम लमजुङका फोकल पर्सन अनुपमा रेग्मीले स्वास्थ्य बिमा सुरु भएसँगै जिल्लाका २५ प्रतिशत नागरिकले स्वास्थ्य बिमा गरेको बताइन् ।

लमजुङमा स्वास्थ्य बिमा गर्ने नागरिकको संख्या क्रमिक रूपमा बढ्दै गएको पाइएको छ । सामाजिक न्यायमा आधारित स्वास्थ्य बिमा कार्यक्रममा लमजुङका ३९ हजार एक सय ८० नागरिकले बिमा गरेको पाइएको हो । नागरिकलाई स्वास्थ्य सेवामा सहज पहुँच पुऱ्याउने उद्देश्यले सरकारले सुरु गरेको स्वास्थ्य बिमा कार्यक्रम लमजुङमा ०७७ माघदेखि सुरु भएको रेग्मीले बताइन् । विपन्न समुदायलाई गुणस्तरीय र सर्वसुलभ स्वास्थ्य उपचार सेवामा पहुँच बढाउने उद्देश्यले सरकारले सञ्चालन गरेको स्वास्थ्य बिमा कार्यक्रममा जिल्लामा हालसम्म ३९ हजार एक सय ८० जनाले स्वास्थ्य बिमा गरेका छन् ।

आर्थिक अवस्था कमजोर भएका नागरिकलाई स्वास्थ्यको मूल प्रवाहमा ल्याउने उद्देश्यले सरकारले सामाजिक स्वास्थ्य विकास समितिमार्फत ल्याएको स्वास्थ्य बिमा कार्यक्रममा सहभागिता बढ्दै गएको फोकल पर्सन रेग्मीको भनाइ छ । बिमामा आबद्धमध्ये ज्येष्ठ नागरिक १७ हजार दुई सय ५३, महिला स्वास्थ्य स्वयंसेविका ६ सय २२, क वर्गका पूर्ण अशक्त अपांगता भएका सात सय ८५ र एचआइभी संक्रमित एक सय ३२ परिवार छन् । सशुल्क परिवार ११ हजार १७ जना छन् । जिल्लाका २९ हजार आठ सय २३ परिवार र ३९ हजार एक सय ८० बिमित छन् ।

स्वास्थ्य बिमामा आबद्ध हुन पाँचजनासम्म सदस्य रहेको परिवारले वार्षिक तीन हजार पाँच सय र पाँचजनाभन्दा बढी परिवारका सदस्य भएमा प्रतिसदस्य सात सय रुपैयाँ थप शुल्क तिर्नुपर्नेछ । त्यस्तै, पाँचजनाको परिवारले आवश्यक पर्दा वार्षिक एक लाख र पाँचजनाभन्दा बढी सदस्य भएका परिवारले प्रति थप सदस्य २० हजार थप गरी दुई लाखसम्मको स्वास्थ्य सेवा उपभोग गर्न पाउने व्यवस्था छ ।

सरकार सत्ता टिकाउने खेलमा केन्द्रित : बर्तौला

मकवानपुर/ एमाले सचेतक महेशकुमार बर्तौलाले सरकार जनताका आधारभूत आवश्यकताभन्दा पनि सत्ता टिकाउने खेलमा मात्रै लागेको आरोप लगाएका छन् । उनले राजनीतिक भागबन्डा मिलाउनेभन्दा सरकारको ध्यान अन्त नगएको दाबी गरे । मदन भण्डारी फाउन्डेसन मकवानपुरले शनिबार हेटौंडामा आयोजना गरेको चाडपर्व विशेष कार्यक्रममा बर्तौलाले गठबन्धन र सरकारलाई देश र जनता कुन अवस्थामा छन् भन्नेभन्दा पनि सत्ता कसरी टिकाउन सकिन्छ भन्नेतर्फ मात्रै ध्यान रहेको बताए । 'देशमा चरम आर्थिक संकट बढेको छ । जनता अहिले खाए भरे के खाऊँ भन्ने अवस्थामा पुगेका छन् । व्यापार-व्यवसाय ठप्प छ । तर, सरकार भागबन्डा गरेर पदको बाँडफाँटमा मात्रै केन्द्रित छ । सरकारले जनतालाई राहत होइन, आहत मात्रै दिएको छ,' उनले भने ।

बेरोजगारलाई सीप सिकाउँदै धनगढी उपमहानगरपालिका

धनगढीमा **तेजराज भट्ट**

धनगढी उपमहानगरले बेरोजगार युवायुवतीलाई स्वरोजगार बनाउने उद्देश्यले तीनमहिने सीपमूलक तालिम दिन सुरु गरेको छ । उपमहानगरले ललितपुरको ओल्गापुरी भोकेसनल स्कुलसँगको सहकार्यमा प्लम्बिङ र बिल्डिङ इलेक्ट्रिक तालिम सुरु गरेको छ । यी दुवै तालिममा ५३ जना सहभागी छन् । त्यस्तै, फर्निचर, कार्पेटिङ र वेल्डिङसम्बन्धी तालिम पनि तत्काल सञ्चालन गर्ने उपमहानगरको तयारी छ ।

वार्षिक करिब चार सयजनालाई तीनमहिने अवधिका विभिन्न विधाका सीपमूलक तालिम निःशुल्क दिन उपमहानगरले धनगढी भोकेसनल स्कुल (व्यावसायिक शिक्षालय) स्थापना गर्न लागेको छ । उपमहानगरको सहकार्यमा ओल्गापुरी भोकेसनल स्कुलले शिक्षालय स्थापना गर्न लागेको हो । व्यावसायिक शिक्षालय स्थापना गर्न दुवै पक्षबीच समझदारीपत्रमा हस्ताक्षर भइसकेको छ । नेपाल युथ फाउन्डेसनद्वारा सञ्चालित ओल्गापुरी भोकेसनल स्कुल निःशुल्क सीपमूलक तालिम दिँदै आएको संस्था हो ।

व्यावसायिक शिक्षालयमा निःशुल्क खान, बस्नसँगै तालिमको व्यवस्था गरिने नगरप्रमुख गोपाल हमालले बताए । प्रदेशका सबै पालिकाका युवायुवतीले निःशुल्क रूपमा सीपमूलक तालिम लिन पाउने गरी व्यावसायिक शिक्षालय स्थापनाको सहमति गरिएको उनले बताए । सहमतिअनुसार शिक्षालय स्थापना गर्न उपमहानगरले धनगढी- १८, फूलबारीमा करिब चार बिघा जमिन उपलब्ध गराउनेछ । ओल्गापुरीले त्यसमा डेढ वर्षीभित्र भवनलगायतका संरचना बनाउने सहमति छ । संरचना निर्माण नभएसम्मका लागि फूलबारी बहुमुखी क्याम्पसको भवनबाट तालिम सुरु गरिएको हमालले बताए । दुईवटा विधाका तालिम सुरु भइसकेका र थप दुई विधाको तालिम सुरु गर्न लागिएको उनले जानकारी दिए ।



हमालले औपचारिकताका लागि मात्र नभई बेरोजगारलाई स्वरोजगार बनाउने उद्देश्यले सीपमूलक तालिम दिन लागिएको बताए । 'अहिले व्यावसायिक तालिमका नाममा लाखौं खर्च भइरहेको छ, तर तालिमबाट सिकेको सीप व्यवहारमा लागू हुन सकेको छैन, तालिम लिएका धेरै रोजगार र स्वरोजगार बन्न सकेका छैनन्,' उनले भने, 'हामीले तीन महिना लामो तालिम दिएर स्वरोजगार बनाउन खोजेका हौं ।' यसले बेरोजगारीको समस्या केही हदसम्म कम गर्ने उनको दाबी छ ।

अहिले ५३ जनाले तीन महिना अवधिको प्लम्बिङ र बिल्डिङ इलेक्ट्रिक तालिम लिइरहेका छन् । केही काम पाउने आशा लिएर सीप सिक्न आएको प्लम्बिङको काम सिकिरहेका सुदीप थापाले बताए । 'घरमा बेरोजगार बसेको थिएँ, केही काम गर्नलाई सीप छैन,' उनले भने, 'तीन महिनासम्म सीप सिकेपछि केही काम पाइएला भन्ने आशा छ, सीप भए आफैं पनि स्वरोजगार बन्न सकिएला ।'

डेढ वर्षीभित्र व्यावसायिक शिक्षालयका लागि आवश्यक संरचना तयार गरिसक्ने लक्ष्य रहेको नेपाली युथ फाउन्डेसनका सञ्चालन निर्देशक रिसभराज गोर्खालीले बताए । भवनको डिजाइन तयार भइसकेकाले निर्माण कार्य छिट्टै सुरु गरिने उनले जानकारी दिए ।

शिक्षालय सुरुको वर्ष ओल्गापुरीले आफ्नै लगानीमा सञ्चालन गर्नेछ । त्यसपछिका वर्षमा उपमहानगरको क्रमशः २५ प्रतिशत, ५० प्रतिशत, ७५ प्रतिशत र छ वर्षपछि पूर्णरूपमा उपमहानगरले आफैं सञ्चालन गर्ने समझदारी छ । सुरुमा व्यावसायिक तालिम दिने र पछि तालिमसँगै कृषि फर्म पनि स्थापना गर्ने योजना रहेको गोर्खालीले बताए । 'सीपमूलक तालिमका लागि सुदूरपश्चिमबाट धेरै युवायुवतीहरू ओल्गापुरी आउनुहुन्छ, धनगढीलाई केन्द्र बनाएर सुदूरपश्चिममा तालिम दिन भोकेसनल स्कुल स्थापना गर्न लागेका हौं,' उनले भने, 'अहिले चार विधामा तालिम दिन्छौं, बिस्तारै तालिमका विषय बढाउँछौं ।'



● **गोपाल हमाल,**
मेयर, धनगढी उपमहानगरपालिका

अहिले व्यावसायिक तालिमका नाममा लाखौं खर्च भइरहेको छ, तर तालिमबाट सिकेको सीप व्यवहारमा लागू हुन सकेको छैन, तालिम लिएका धेरै रोजगार र स्वरोजगार बन्न सकेका छैनन् । हामीले तीन महिना लामो तालिम दिएर स्वरोजगार बनाउन खोजेका हौं ।

तालिमले बेरोजगार युवायुवतीलाई स्वरोजगारमार्फत आत्मनिर्भर बन्न सहयोग पुग्ने नगरप्रमुख हमालले बताए । उनले धनगढी व्यावसायिक शिक्षालयलाई प्रदेशकै नमुना तालिम केन्द्रको रूपमा विकास गर्ने लक्ष्य रहेको बताए । 'तीन महिनासम्म तालिम लिएपछि हातमा सीप हुन्छ,' उनले भने, 'सीप भएपछि खाली बस्नुपर्दैन, व्यक्ति स्वरोजगार बन्छ ।' धनगढी उपमहानगरपालिका अग्रसर भएपछि ओल्गापुरी यहाँ व्यावसायिक तालिम केन्द्र स्थापना गर्न सहमत भएको सञ्चालन निर्देशक गोर्खालीले बताए । अहिले तीनमहिने तालिम सञ्चालन गरिने र आवश्यकताअनुसार त्योभन्दा माथिल्लो तहको तालिम पनि दिइने उनले बताए ।

बेरोजगार युवाहरूलाई स्वरोजगार बनाउन तालिम दिइने भएपछि क्याम्पसले भवन उपलब्ध गराएको फूलबारी बहुमुखी क्याम्पसका अध्यक्ष रमेशकुमार बस्नेतले बताए । सीपमूलक जनशक्ति उत्पादनका लागि यो तालिम निकै महत्त्वपूर्ण हुने र यसले रोजगारी सिर्जनामा योगदान पुग्ने उनले बताए ।

नृत्य रियालिटी सो 'द डान्स योद्धा' घोषणा



नृत्य रियालिटी सो 'द डान्स योद्धा : ब्याटल अफ मुभ्स'को घोषणा गरिएको छ। यो रियालिटी सोको निर्णायकमण्डलमा कोरियोग्राफर गम्भीर विष्ट, अभिनेत्री वर्षा राउत र वाइल्ड रिपर्ज क्रुका सुरेन राई रहेका छन्। निर्देशक शम्भु भुजेलका अनुसार अहिले सोको पहिलो चरणमा डिजिटल अडिसन लिने काम भइरहेको छ।

शम्भुजितलाई लाइफटाइम अचिभमेन्ट अवार्ड



चौथो ओएस नेपाल म्युजिक अवार्ड २०८० सम्पन्न भएको छ। कार्यक्रममा संगीतकार शम्भुजित बासकोटालाई लाइफटाइम अचिभमेन्ट अवार्ड २०८० बाट सम्मानित गरियो। त्यस्तै, गायक शिव परियारलाई अमर रजत सम्मान प्रदान गरिएको थियो।

आयो दसैं

बिहान ११:२९ बजे घटस्थापनाको साइत

आजबाट हिन्दूहरूको महान् चाड दसैं सुरु भएको छ। नवदुर्गाको पूजा आराधना गर्ने, राम्रो लगाउने, मिठो खाने र मान्यजनका हातबाट टीका आशीर्वाद ग्रहण गर्ने चाडका रूपमा दसैंलाई लिइन्छ। नौ दिनसम्म नवदुर्गाको पूजा आराधना गरिने भएकाले यस अवधिलाई नवरात्र पनि भनिन्छ। घटस्थापनादेखि नवरात्र आरम्भ हुन्छ। दशौं दिनमा देवी विसर्जन गरेपछि आफूभन्दा ठूलाको हातबाट टीका, जमरा ग्रहण गरिन्छ। अनादिकालदेखि नै विजया दशमीलाई नेपालका सबै समुदायले मनाउँदै आएका छन्।



नवरात्रको महत्त्व

वर्षमा चारवटा नवरात्र छन्। पुसमा, चैतमा, असारमा पनि नवरात्र पर्छ। तर, शारदीय दुर्गा पूजा बडादसैं हो। यतिवेला उपासना गर्नाले देवी विशेष खुसी हुन्छिन् भन्ने विश्वास छ। प्रतिपदा (घटस्थापना)देखि नवमीसम्मको नवरात्रको उपासना बुझ्नलाई हामीले यसको महत्त्वबारे बुझ्नुपर्छ। रात्र भनेको अन्धकार हो। अन्धकार भनेको मोह, तमस, कामवासना वा आशक्ति हो। हाम्रो शरीरका नौवटा इन्द्रियले ग्रहण गर्ने आशक्ति हटाउन र इन्द्रियहरूलाई थप सशक्त बनाउन नवदुर्गाको उपासना गरिन्छ। जस्तो- आँखाले त पाप चिताएको हुन सक्छ, मनमा कुविचार पलाएको हुन सक्छ, अन्याय-अत्याचारको कुरा आउला। नौ दिनसम्म लगातार उपासना गरेर यस्ता मोह र आशक्तिमाथि विजय हासिल गरेपछि ती छिद्रहरू थप सबल बन्छन् र सफा हुन्छन्, त्यसैको खुसीमा दशमीको दिन उत्सव मनाउने भनिएको छ।



प्रा.डा. माधव भट्टराई
संस्कृतिविद्

परम्परा र देशाचारअनुसार उपासना गर्नुपर्छ भन्ने मलाई लाग्छ। मुख्यतः भगवतीले खोज्ने भनेको श्रद्धा र भक्ति नै हो। पूजाकोठा हुनुपर्‍यो, पूजाआजा हुनुपर्‍यो, भगवतीको स्वरूप हुनुपर्‍यो। सबै किसिमका पूजामा फूलपाती, चन्दन, नैवेद्य, धुप जति पनि छन्, चढाउनुपर्‍यो।

सकेसम्म चण्डी पाठ गर्ने वा गराउने चलन पनि छ। सम्भव छ भने पुरोहित राख्न पनि सकिन्छ। त्यो सकिएन भने पनि भगवतीको नामको जप गर्न सकिन्छ। किनकि, चारवटा नवरात्रमध्ये शरद ऋतुको यो नवरात्रको महत्त्व विशेष छ। यसबाट गरेको पूजाबाट म (भगवती) चाँडै खुसी हुन्छु भनेर त चण्डीमै लेखिएको छ।

कसैले पनि कुनै दीक्षाको मन्त्र लिनुभएको छ भने त्यो जप्नुस्। नत्र एउटै नाम लिए पनि हुन्छ। जस्तो- 'दुर्गाय नम', 'जयकाली जयकाली' वा 'जय गोरखकाली' भने पनि भयो। भगवान्लाई उपचार सामग्री वा भेटी होइन, श्रद्धा र भक्ति चाहिने हो। श्रद्धारूपी फूल चढाऊ भन्नुहुन्छ, त्यति चढाएपछि खुसी हुनुहुन्छ।

जमरा कहाँ राख्ने ?

घटस्थापनाको दिन पहिले दीप, कलश, गणेशको पूजा गरिन्छ। त्यसपछि जमरा राखिन्छ। घाम नदेखिने ठाउँमा जमरा राख्नुपर्छ। यसको पूजा गर्दा पूर्व तथा उत्तरतर्फ फर्केर गर्नुपर्छ। घरको ईशान कोण अथवा पूर्व फर्केर वा उत्तर फर्केर पूजा गर्दा राम्रो मानिन्छ।

जमराको रूपमा जौ, गहुँ, मकैलगायत विभिन्न १० प्रकारका अनाज रोपिन्छ। आफूले खाने अन्नलाई प्रसादको रूपमा जमरा बनाउने हो। यसपछि नौ दिनसम्म देवीको आराधना गर्ने, पूजा गर्ने गरिन्छ। दीप, कलश, गणेश तथा नौवटा घडाको स्थापना गर्नुपर्छ।

नवरात्रामा उपासना किन गरिन्छ ?

नवरात्रमा कुन कामना पूर्तिका लागि पूजा गर्ने भन्नेबारे मार्कण्डेय पुराणमा उल्लेख गरिएको छ। सावधानीपूर्वक विधिअनुरूप विभिन्न रूपको पूजा गरेमा विभिन्न मनोभिलाषा पूरा हुने उल्लेख छ। नौ दिनसम्म शैलपुत्री, ब्रह्मचारिणी, चन्द्रघण्टा, कुष्माण्डा, स्कन्दमाता, कात्यायनी, कालरात्रि, महागौरी, सिद्धिदात्री गरेर नवदुर्गाको क्रमशः पूजा गर्ने गरिन्छ। विशेष गरेर महाकाली, महालक्ष्मी र महासरस्वतीको आराधना यस पर्वमा गरिन्छ।

पहिलो दिन : यदि लामो आयु र कुनै प्रकारको दीर्घरोगबाट बच्चका लागि पहिलो दिन शैलपुत्रीको पूजा आराधना र गाईको घ्यूबाट बनाइएका परिकार चढाएमा आरोग्य प्राप्त हुन्छ।

दोस्रो दिन : कुनै पनि प्रकारको बन्धनबाट मुक्ति पाउनका लागि ब्रह्मचारिणी मातालाई सख्खर चढाई पूजा आराधना तथा दान गरेमा हरेक प्रकारको अनिष्ट नाश हुने बताइएको छ।

तेस्रो दिन : दुःख, कष्टबाट मुक्तिका लागि गाईको दूधबाट बनाइएका विभिन्न परिकारको प्रसाद चढाउने तथा दान गरेर माता चन्द्रघण्टाको पूजा गरेमा माताको आशीर्वाद हामीमाथि सधैंभरि रहन्छ भन्ने कुरा बताइएको छ।



सुरेशचन्द्र रिजाल
ज्योतिष तथा वास्तुविद्

चौथो दिन : चतुर्थी तिथिका दिन माता कुष्माण्डको पूजा आराधना गरेमा ज्ञान र बुद्धि प्रदान हुनुका साथै कुनै पनि प्रकारका वाणीमा दोष छ भने उक्त तिथिमा मालपुवा अर्पण गरी पूजा गरेमा र मालपुवा दान गरेमा शुभ हुने कुरा उल्लेख गरिएको छ।

पाँचौं दिन : पञ्चमी तिथिका दिन स्कन्धमाताको पूजा आराधना गरेमा व्यापार व्यवसायबाट सफलता तथा राज्यबाट पाउने सेवा तथा सुविधा वृद्धिका साथै रोजगारीका लागि पनि राम्रो हुने कुरा बताइएको छ। यस दिनमा केराको भोग लगाएर पूजा आराधना गरेमा सफलता मिल्ने बताइएको छ।

छैटौं दिन : सुन्दरताका साथै मनले चाहेको व्यक्ति प्राप्तिका लागि कात्यायनी माताको पूजा आराधना गरेमा सफल हुने कुरा बताइएको छ। यदि घरमा कुनै अविवाहित व्यक्ति हुनुहुन्छ भने विवाहमा बाधा अवरोध परेको छ भने मह चढाएर माता कात्यायनीको पूजा आराधना गरेमा कार्यसिद्धि हुने कुरा पनि बताइएको छ।

सातौं दिन : कुनै पनि प्रकारका मुद्दा मामिला तथा दुर्घटनाबाट छुटकाराका लागि सप्तमी तिथिका दिन कालरात्रि भगवतीको पूजाबाट सम्पूर्ण कष्ट नाश हुने कुरा बताइएको छ। कुनै पनि प्रकारका आकस्मिक विपत्तिबाट रक्षाका लागि सख्खर दान गरेमा बाधा अड्चन नआउने शास्त्रमा बताइएको छ।

आठौं दिन: महागौरी भगवतीको घटस्थापनाको आठौं दिन पूजा तथा आराधना गर्नुपर्ने कुरा बताइएको छ। उक्त दिन महागौरीको पूजा आराधना गरेमा सन्तानसुख मिल्ने कुरा पनि शास्त्रमा उल्लेख गरिएको छ। महागौरी भगवतीलाई नरिवल अर्पण गरेमा सम्पूर्ण सुख शान्ति प्राप्ति हुने कुरा पनि बताइएको छ।

नवौं दिन : घटस्थापनाको नवौं दिन अर्थात् नवमी तिथिका दिन घ्यू चढाएर पूजा आराधना गरेमा अकाल मृत्युबाट बच्चका लागि र कुनै पनि प्रकारका नराम्रा समाचार सुन्न नपरोस् भन्नका लागि सिद्धिदात्री भगवतीको पूजा आराधना गर्ने कुरा शास्त्रमा बताइएको छ। दशौं दिनमा देवी विसर्जन गरी विजयोत्सवका रूपमा टीका र जमरा लगाइन्छ।

छाला स्वस्थ राख्न...



प्रशस्त पानी : प्रशस्तै पानी पिउनुस्। पानीले छालालाई नरम बनाउन र संक्रमणबाट बचाउन महत्त्वपूर्ण भूमिका खेल्छ।

सन्तुलित आहार : एन्टिअक्सिडेन्ट्सको मात्रा प्रचुर भएका फलफूल र तरकारी खानामा समावेश गर्नुस्। उदाहरणका लागि, भिटामिन सीयुक्त आहारले कोलाजनको उत्पादन बढाउँछ र बिग्रेको छालालाई रिपेयर गर्छ।

सरसफाइ : सरसफाइमा विशेष ध्यान दिन जरुरी छ। टावेल, बेडसिट तथा तपाईंका कपडा सफा तथा सुक्खा हुनुपर्छ। जसकारण, ब्याक्टेरियल तथा फंगलको संक्रमण नहोस्।

डाक्टरको
सुझाव



डा. ईशा पौडेल
छालारोग विशेषज्ञ
एस्थेटिक औरा स्किन एन्ड हेयर क्लिनिक, शंखमूल


हेभी मेकअप नगर्ने : मनसुनमा मेकअप हल्का र कम गर्नुस्। यसले प्राकृतिक लुक्स दिन्छ र छालालाई पनि समस्या गर्दैन।

मोस्चराइजर : मनसुनमा पनि छालालाई मोस्चराइज गर्नु जरुरी छ। आयली छालाका लागि मोस्चराइजर जेल प्रयोग गर्दा हुन्छ।

घामबाट जोगाउनुस् : बादल लागेको दिनमा पनि सनस्क्रिन क्रिम लगाउन नभुल्नुस्। किनकि, बादल लागेका वेला पनि सूर्यका विकिरणले छालामा असर गर्न सक्छ। जसकारण, विभिन्न समस्या देखिन्छ। बाहिर निस्कँदा दुई वा तीन घन्टाको अन्तरालमा सनस्क्रिन लगाउनुस्।

चिकित्सकसँग परामर्श : हरेक मानिसको छाला फरक प्रकृतिको हुन्छ। त्यसैले कुनै समस्या देखिएमा छालारोग विशेषज्ञसँग परामर्श गरेर उपचार थाल्नुपर्छ।

भुष्मेमा कृषि पर्यटन



● शान्ता कमली

आलुखेतीमा प्रसिद्धि कमाएको भुष्पे गाउँका बासिन्दा आफ्नो संस्कृति र प्राकृतिक सौन्दर्यको प्रवर्द्धनमा जुटेका छन्। उनीहरूले यहाँ तामाङ होमस्टे सञ्चालन गरेर पर्यटकलाई रैथाने परिकारका स्वाद चखाउने गरेका छन्।

अलैंची खेती र आलुखेती भुष्मेगाउँको प्रमुख आकर्षण हो। त्यसैगरी, त्यहाँको तामाङ कला, संस्कृति, गाउँलेको स्वागत सत्कारले पनि पर्यटकलाई लोभ्याइरहेको छ। भुष्मेमा तामाङ होमस्टे सञ्चालन गरी गाउँलाई पर्यटकीय गन्तव्यको रूपमा विकास गर्न मिलिजुली आमा समूह र लोकप्रिय युवा क्लब लागिपरेका छन्। करिब ५५ घरधुरी रहेको भुष्मे गाउँमा पाँच घरबाट होमस्टे सुरुवात गरिएको छ। अझै पाँच घरमा होमस्टे निर्माण भइरहेको छ। एकैपटक ५० जना पाहुना यहाँ वास बस्न सक्ने मिलिजुली आमा समूहकी अध्यक्ष तारादेवी तामाङले बताइन्। करिब एक हजार पाँच सय मिटर उचाइमा रहेको भुस्मे गाउँ पुगेपछि अर्गानिक अन्नका साथमा कोदोको ढिँडो, लोकल कुखुरा, गुन्द्रुक-भट्टको अचार, सिस्नुको खोले, आलु, च्याउ, टुसा, कुरिलो, वनतरुलको परिकारका साथमा दूध, दही खान पाइने स्थानीय समाजसेवी होमराज तामाङले बताए। 'प्राकृतिक हिसाबले भुष्मे गाउँ अन्य गाउँभन्दा कम छैन,' उनी भन्छन्, 'भुष्मे गाउँबाट बुद्ध, मनास्लु, अन्नपूर्ण, लमजुङलगायतका हिमशृंखला देख्न सकिन्छ।' यस गाउँबाट घलेगाउँ, घनपोखरा, ढुँगैलगायतका पर्यटकीय गाउँ देख्न सकिन्छ।

त्यस्तै, बैंसीसहर बजार, खुदी सिम्पानी र घनपोखराका मनोरम गाउँ, नागबेली बगेको मर्स्याङ्दी र खुदीखोला देख्न सकिन्छ। सर्लक्क ढुंगा बिछ्याइएका गाउँघरका गल्ली, फरक-फरक शैलीमा निर्माण गरिएका घर, प्रशस्त मात्रामा रहेको खेतीयोग्य भूमि अनि त्यहीं उत्पादन हुने स्थानीय खाद्यपदार्थले भुष्मे पुग्ने जोकसैको मन लोभ्याउनुका साथै तामाङ समुदायको जीविकोपार्जनमा सहयोग पुऱ्याउँदै आएको अजय तामाङले बताए। सदरमुकाम बैंसीसहरबाट झन्डै डेढ घन्टाको मोटर यात्रापछि भुष्मे गाउँ पुग्न सकिन्छ।

यसरी बनाउनुस् सपिङ प्लान



सपिङको प्लान बनाउँदा सबैभन्दा पहिले तपाईंले किन्नुपर्ने सामानको लिस्ट तय गर्नुपर्छ। के किन्ने र कति खर्च गर्ने भन्ने योजना बनाउनुभयो भने सहज हुन्छ। किनकि, कतिपय मानिस बजारमा पुगेपछि आफू के किन्न आएको हुँ भन्ने नै बिर्सन्छन्। लिस्ट बनाउँदा समय बचत हुन्छ र आवश्यक सामानमा मात्रै तपाईंको ध्यान जाँदा अनावश्यक सामानमा खर्च हुन पाउँदैन।

हतारमा सपिङ गर्दा न सामान राम्ररी चेकजाँच गर्न पाइन्छ, न त मज्जाले चाहेजस्तो सामान रोज्न नै पाइन्छ। जस्तो, हतारमा मानिसहरू कपडा किनिहाल्छन् र पछि उनीहरूलाई त्यही कपडा मन पर्दैन। त्यसैले सपिङका लागि पर्याप्त समय निकाल्नुस् र त्यसपछि मात्रै बजार जानुस्।

तपाईंले त्यही सामान लिनुस्, जो तपाईंलाई आवश्यक पर्छ। यदि रङ मन पर्दैन भने नकिन्नुस्। कपडा खरिद गर्दा कलर कम्बिनेसन मिलाएर मात्रै किन्नुस्।

वास्तुशास्त्रअनुसार घरको कुन कोठा कता ?

प्रवेशद्वार : घर बनाउँदा सकेसम्म उत्तर वा पूर्व फर्किएको भूमिमा निर्माण गर्नु उपयुक्त हुन्छ। प्रमुख प्रवेशद्वार घडेरीको बनावटअनुसार पूर्व, उत्तर, पूर्व-उत्तर वा पश्चिम दिशामा हुनु राम्रो मानिन्छ। यसको ढोका अन्य ढोकाभन्दा ठूलो तथा अत्यन्त सुशोभित हुनुपर्छ।

भान्साकोठा : घर निर्माण गर्दा भान्साकोठाको स्थान दक्षिण-पूर्व आग्नेय दिशामा हुनुपर्छ। यो सम्भव नभएमा कोठाको दिशा हेरेर पनि मिलाउन सकिन्छ। सामान्यतया खाना पकाउँदा पूर्व वा उत्तर फर्किएको हुनुपर्छ।

इनार वा जलाशय : घरको पूर्व र उत्तर ईशान दिशामा पानीट्यांकी वा अन्डरग्राउन्ड इनार राख्नु राम्रो मानिन्छ।

पूजाकोठा : पूर्व-उत्तर ईशान दिशाको बीचमा पूजाकोठा हुनु राम्रो मानिन्छ। ईशान्य कोठा



हुनुपर्छ। जहाँ पढ्ने कोठा वा पूजाकोठा राख्न मिल्ने हुनुपर्छ।

बैठक कोठा : बैठक कोठा उत्तर फर्किएको राम्रो मानिन्छ। ढोका खोल्दा भित्र परेको हुनुपर्छ। घरको बीचमा बैठक कोठा बनाएको राम्रो मानिन्छ।

स्वादिलो लस्सी बनाउने तरिका

शरीरलाई शीतलता प्रदान गर्ने भएकाले लस्सी धेरैको रोजाइमा पर्छ। तपाईंले घरमै स्वादिलो लस्सी बनाएर परिवारसँग त्यसको मज्जा लिन सक्नुहुन्छ।



■ **गुल अनार लस्सी** : एक कप हाङ कर्ड (पानी छानेको बाक्लो दही), दुई चम्चा चिसो क्रिम, एक चम्चा रोज सिरप, आधा कप अनार जुस, एक चम्चा ठन्डाइ पाउडर, स्वादअनुसार नुन तथा आवश्यकता परे थोरै चिसो पानी हालेर ब्लेन्ड गरी यो लस्सी सर्भ गर्न सकिन्छ।

■ **हनिडिउ लस्सी** : यो लस्सी बनाउन पाकेको हनिडिउ लिने र ताछेर १०० ग्राममा १५० ग्राम स्विट कर्ड हाल्ने। एउटा कागती र आधा सुन्तला निचोरेर हाली ब्लेन्ड गर्ने र गिलासमा हालेर सर्भ गर्ने।

■ **छोकडा (खजुर) लस्सी** : दूध/दही एक-एक कप हालेर १५ पिस छोकडाको दाना निकालेर थोरै चिसो पानी र हनी हालेर ब्लेन्ड गरी सर्भ गर्न सकिन्छ।

■ **बेल लस्सी** : बेलको लस्सी बनाउन पाकेको ठूलो दानाको भित्री भागको फल लिएर एक कप दही, सात पिस काजु, पिन्च नुन र थोरै चिसो पानीको साथमा चिनी वा मह एक चम्चा हालेर ब्लेन्ड गरी सर्भ गर्न सकिन्छ।

शारीरिक तथा मानसिक ऊर्जाका लागि योग

प्राकृतिक
चिकित्सा



डिबी सुनुवार
प्राकृतिक चिकित्सक
होलिस्टिक युनिभर्सल हस्पिटल

योग मन र शरीरको अभ्यास हो। योगका विभिन्न शैलीले शारीरिक आसन, सास फेर्ने विधि र ध्यान वा विश्रामलाई जोड्छन्। योग शारीरिक तथा मानसिक व्यायामको एक प्राचीन अभ्यास हो। योगले शारीरिक तथा मानसिक लाभ मिल्छ। यसमा चाल, ध्यान र सास फेर्नेजस्ता विधि समावेश हुन्छन्। नियमित योग अभ्यासले व्यक्तिमा सहन सक्ने क्षमताको विकास गर्न मद्दत मिल्छ। शारीरिक तथा मानसिक रूपमा ऊर्जा प्राप्त हुन्छ। शारीरिक रूपमा लचकता ल्याउँछ। योग अहिले विश्वभरि नै व्यायामको रूपमा लोकप्रिय हुँदै गएको छ। यस अभ्यासभित्र धेरै प्रकारका योग र थुप्रै प्रकारका अनुशासन छन्।

इतिहास

'योग' शब्दको पहिलो उल्लेख ऋग्वेदमा देखिन्छ। योग संस्कृत शब्द 'युज'बाट आएको हो। जसको अर्थ हुन्छ, 'मिलन' वा 'जोड्नु'। योग करिब पाँच हजार वर्ष पहिलेबाट विकास हुँदै आएको पाइन्छ। सन् १८९० को दशकतिर पश्चिमा मुलुकहरूमा समेत योग फैलिएको पाइन्छ। सन् १९७० को दशकमा पश्चिमी देशहरूमा योग लोकप्रिय हुँदै गयो।

योगले शारीरिक, मानसिक तथा आत्मीय समग्र पक्षलाई समेट्छ। सामान्यतया योगलाई ६ वटा शाखामा विभाजन गरेर व्याख्या गर्न सकिन्छ। योगका प्रत्येक शाखाले फरक-फरक फोकस र विशेषताको प्रतिनिधित्व गर्छन्। ६ वटा शाखालाई यसरी विभाजन गर्न सकिन्छ- हठ योग, राजा योग, कर्म योग, भक्ति योग, ज्ञाना योग, तन्त्र योग।

आधुनिक योगका प्रकार

आधुनिक योग व्यायाम, बल, चपलता र सास फेर्नमा केन्द्रित हुनेसँग सम्बन्धित छ। यसले शारीरिक र मानसिक रूपमा स्वस्थ राख्छ। योगका धेरै शैली छन्। एक व्यक्तिले आफ्नो लक्ष्य र फिटनेस स्तरको आधारमा योगका शैली छनोट गर्न सकिन्छ। योगका विभिन्न प्रकार र शैली छन्। अष्टांग योग, विक्रम योग, हठ योग, अय्यंगार योग, कृपालु योग, कुण्डलिनी योग, पावर योग, शिवानन्द, विनि योग, यिन योग, जन्मपूर्व योग, पुनर्स्थापना योगजस्ता योगका प्रकार तथा शैली हुन्।

योगका फाइदा

मांसपेशी बलियो बनाउन योग गर्न सकिन्छ। शारीरिक लचकताका लागि योग लाभदायक छ। श्वासप्रश्वासमा सहजता ल्याउनका लागि पनि यो सहयोगी हुन्छ। त्यसैगरी, रक्तचाप तथा मुटुरोगबाट बच्चका लागि योग निकै उपयोगी हुन्छ। तनाव, चिन्ता, डिप्रेसन र पुरानो दुखाइ कम गर्न नियमित योग गर्नु उचित हुन्छ।

आनन्ददायक निद्राका लागि नियमित योग गर्नु लाभदायक छ। समग्र स्वास्थ्यका लागि पनि योग निकै लाभदायक छ। त्यसो त योगाभ्यास गर्नुअघि चिकित्सक वा सम्बन्धित विषयविज्ञसँग परामर्श लिनु उचित हुन्छ। कुनै दीर्घरोगको समस्या भएका व्यक्तिले योगाभ्यास गर्नुपूर्व चिकित्सकसँग परामर्श लिनुपर्छ।



योग गर्नुअघि

कुनै पनि योगाभ्यास गर्नुपूर्व केही सावधानी भने अवश्य अपनाउनुपर्छ। आधारभूत तरिकाका बारेमा प्रशिक्षकसँग परामर्श गर्नु उचित हुन्छ। योग अभ्यास गर्न उमेरको सीमा हुँदैन। योग अभ्यास गर्ने सबैभन्दा राम्रो समय बिहानको खाजा खानुभन्दा पहिलेको समय हो। खाना खानेबित्तिकै योग अभ्यास गर्नु उचित हुँदैन।

योग थाल्दा मार्ग आसन, त्यसपछि प्राणायाम र त्यसपछि ध्यान सुरु गर्नुपर्छ। शान्त, सफा ठाउँ, योगका लागि सबैभन्दा उपयुक्त वातावरण हुन्छ। योगाभ्यास गर्ने व्यक्तिले खुकुलो तथा आरामदायी लुगा लगाउनुपर्छ, जसले शरीरका अंगहरू सजिलै चल्न सहजता मिल्छ। प्रत्येक योग सत्रमा १५ मिनेट व्यायाम गरिन्छ। त्यस्तै, १५ मिनेट श्वास व्यायाम र ध्यान गरिन्छ।

कसरत गर्नुभन्दा १५ मिनेटअघि एक गिलास पानी पिउनुहोस्। सधैं नाकबाट नै श्वास फेर्नुहोस्, श्वास लिने र छोड्ने दुवै काम नाकबाटै गर्नुपर्छ। योगाभ्यास गर्दा तनाव लिनुहुँदैन। प्रत्येक आसनको बीचमा केही बेर आराम गर्दै योगाभ्यास गर्नुपर्छ। योगाभ्यास गर्न उपयुक्त वातावरण नभए योगाभ्यास गर्नुहुँदैन।

योग एक प्राचीन अभ्यास हो। आधुनिक योग आन्तरिक शान्ति र शारीरिक ऊर्जालाई उत्तेजित गर्ने किसिमले ध्यान केन्द्रित गर्ने गरी विकास गरिएको पाइन्छ। पुरातन योगले फिटनेसमा त्यति जोड दिँदैनथ्यो। यसको सट्टा यो मानसिक एकाग्रता प्राप्तिका लागि र आध्यात्मिक ऊर्जा विस्तारको वरिपरि घुमेको थियो।

इजरायल–प्यालेस्टाइन संघर्षको ऐतिहासिक कारण

इजरायल-प्यालेस्टाइन द्वन्द्वले मध्यपूर्वी एसियालाई नै विश्वको सबैभन्दा अस्थिर र राजनीतिक रूपमा विस्फोटक क्षेत्रका रूपमा स्थापित गराएको छ



● पामिर गौतम

अग्रलेख


अघिल्लो शनिबार बिहान प्यालेस्टिनी लडाकु समूह हमासले इजरायलमा भयानक आक्रमण गऱ्यो, जसले पूरै दुनियाँलाई चकित पाऱ्यो । प्रतिशोधका रूपमा इजरायलले तुरुन्तै युद्धको घोषणा गऱ्यो र हमासद्वारा नियन्त्रित गाजापट्टीमा जवाफी कारबाही सुरु गऱ्यो । इजरायल र प्यालेस्टिनबीचको पछिल्लो संकटमा अहिलेसम्म सयौँ इजरायली तथा प्यालेस्टिनी सैनिक र नागरिक मारिएका छन् । संसारको सबैभन्दा पुरानो र जारी द्वन्द्वमध्ये एक रहेको इजरायल र प्यालेस्टाइनबीचको द्वन्द्वको केन्द्रमा छ, एक विवादित भूमि । विशेषगरी जोर्डन नदी र भूमध्यसागरबीचको क्षेत्रमा बस्ने अधिकार कसलाई र कुन अवस्थामा छ भन्ने विषयमा दुवै पक्षबीच गम्भीर विवाद छ । हालको द्वन्द्वको जरा २०औँ शताब्दीमा गढेको भए पनि यसलाई बुझ्न त्यस ठाउँको ऐतिहासिक र वर्तमान पृष्ठभूमि बुझ्न जरुरी छ ।

तोराह र कुरान दुवैअनुसार यहुदी र अरब दुवै एउटै स्रोतबाट व्युत्पन्न भएका थिए । बाइबलीय उत्पत्तिको पुस्तकअनुसार अब्राहमलाई भगवान्ले अज्ञात भूमिमा नयाँ राष्ट्र स्थापित गर्न निर्देशन दिएका थिए, जुन कनान (वर्तमान इजरायल र प्यालेस्टाइनको क्षेत्र) थियो । हिब्रु भनेर चिनिने अब्राहमका जनजातिले प्यालेस्टाइनलाई आफ्नो वासस्थल बनाए, जहाँ पहिले नै विभिन्न समुदायको बसोवास थियो र भूमि इजिप्टको अधीनमा । धार्मिक पुस्तकका अनुसार कनानमा अब्राहमका दुई छोरा भए- श्रीमती साराबाट छोरा इसाक जन्मिए भने हागर नामक मिश्री दास स्त्रीबाट इस्मायल । कथाअनुसार परमेश्वरले अब्राहमलाई सारा 'राष्ट्रकी आमा' हुने बताएका थिए, तर निकै वर्षसम्म निःसन्तान रहेकी साराले परमेश्वरको वाचा पूरा हुने आसमा अब्राहमलाई आफ्नी दासी हागर दिन्छिन् ता कि हागरले उनीहरूका लागि बच्चा जन्माउन सकून् । तर, ९० वर्षको उमेरमा साराबाट इसाकको जन्म हुन्छ । त्यसपछिको राजनीतिक र धार्मिक गतिविधिले इसहाकलाई अब्राहमको एक मात्र उत्तराधिकारी बनायो भने इस्मायल र हागरलाई मरुभूमिमा निर्वासित गरियो । बाइबलीय कथाअनुसार भगवान्ले हागरलाई मरुभूमिमा भेटेर इस्मायलले पनि आफ्नो एउटा ठूलो राष्ट्र खडा गर्ने बताएका थिए । त्यसपछिका समयमा इस्मायलका वंशज अरब भनेर चिनिन थाले भने इसाकका यहुदी । यसरी, अरब र यहुदी भाइभाइ हुन् । दुवैले अब्राहमलाई आफ्ना साझा पिताका रूपमा मान्छन् । एक हिसाबले हेर्ने हो भने अब्राहमलाई भगवान्ले निर्देशित गरेका राष्ट्र तर्कसंगत रूपमा अब्राहमको विस्तारित परिवारका दुवै शाखामा फैलिएको छ । फरक यति छ, तोराहले यो केवल यहुदीका लागि हो भनी दाबी गर्छ भने कुरानले केवल अरबका लागि ।

पुरातन इजरायली समाजको स्थापनापश्चात् यसले विभिन्न कालखण्डमा विभिन्न विपत्तिको सामना गरेको थियो । धेरै शताब्दीसम्म इजरायलको क्षेत्रलाई बेबिलोनिया साम्राज्य, फारसी, रोमन, ग्रिक, अरब, फातिमिद, सेल्जुक टर्क, क्रुसेडर, इजिप्सियन, मामलुक र अन्त्यमा ओटोमन साम्राज्यहरूले विभिन्न समयमा शासन गरेका थिए भने विकसित राजनीतिक परिवेशले धेरैलाई विभिन्न स्थानमा स्थापित र विस्थापित पनि गरेको थियो । आधुनिक कालमा भने ओटोमन साम्राज्यले १५१७ देखि १९१७ सम्म इजरायल क्षेत्रसहित पश्चिम एसियाको धेरै भागमा शासन गऱ्यो । एक तथ्यांकअनुसार १९औँ शताब्दीको सुरुमा प्यालेस्टाइनका रूपमा परिभाषित गरिएको क्षेत्रको यहुदी जनसंख्या केवल तीन प्रतिशत थियो । यस क्षेत्रका अधिकांश बासिन्दा अरब थिए, जसले सार्तौं शताब्दीमा अरबले विजय हासिल गरेपछि यस क्षेत्रलाई ओगटेका थिए । १८८० को दशकको अन्त्यदेखि १९०० को सुरुवातसम्म, युरोपमा व्याप्त यहुदीविरोधी भावनाले लाखौँ यहुदीलाई युरोपबाट भाग्न बाध्य बनायो । यसरी युरोप छाडेर बाहिर जान बाध्य बनाइएका यहुदी आप्रवासीमध्ये लगभग तीन प्रतिशत प्यालेस्टाइन गए । पहिलो विश्वयुद्धको सुरुसम्म प्यालेस्टाइनको यहुदी जनसंख्या कुल जनसंख्याको दश प्रतिशत पुगेको थियो ।

१९औँ शताब्दीको युरोपेली राष्ट्रवादको उदयबाट प्रभावित त्यहाँका यहुदीमा पनि यहुदी मातृभूमिको चाहना बढायो । युरोपमा व्याप्त यहुदीविरोधी भावनाले त्यस चहनालाई थप बढाएको थियो । १८९६ मा एक एस्ट्रो-हंगेरी यहुदी विद्वान् थियोडोर हर्जलले यहुदी राज्य नामक प्रकाशन प्रकाशित गरेका थिए, जसले एक यहुदी राष्ट्र निर्माणका लागि बौद्धिक आधार निर्माण गरेको थियो । तर, यहुदीका लागि बेग्लै राष्ट्र कहाँ बनाउने भन्ने विषयमा दुईवटा धार देखिए । एकथरिलाई ठाउँभन्दा पनि यहुदी राज्य निर्माण प्रमुख थियो भने अर्को पक्ष प्यालेस्टाइनमै राज्य स्थापना गर्न कटिबद्ध देखियो । यस विवादबीच १९०५ मा बासेलको सार्तौं यहुदी कंग्रेसले धार्मिक र ऐतिहासिक सम्बन्धलाई ध्यान दिन आवश्यक मान्दै प्यालेस्टाइनमै यहुदी राज्य स्थापना गर्नुपर्ने निर्णय गऱ्यो ।

पहिलो विश्वयुद्धमा ओटोमनको हारपछि बेलायतले 'प्यालेस्टाइन जनादेश'का नाममा वर्तमान प्यालेस्टाइनलाई नियन्त्रणमा लियो र दोस्रो विश्वयुद्धपछिसम्म पनि यस क्षेत्रमा प्रशासनिक नियन्त्रण कायम राख्यो । प्यालेस्टाइनलाई आफ्नो नियन्त्रणमा



लिएसँगै बेलायती विदेश सचिव बालफोरले बालफोर घोषणापत्र जारी गरे, जसअनुसार बेलायत सरकारले प्यालेस्टाइनमा यहुदीका लागि राष्ट्र स्थापना गर्न भूमिका खेल्ने बताइएको थियो । यस घोषणाद्वारा बेलायत आफ्नो रणनीतिक स्वार्थपूर्ति गर्न चाहन्थ्यो । पहिले त प्यालेस्टाइनमाथि नियन्त्रण कायम राखेर इजिप्ट र स्वेज नहरलाई आफ्नो प्रभाव क्षेत्रभित्र राख्नु बेलायतको रणनीतिक स्वार्थ थियो भने अर्कातर्फ बेलायतमा रहेको यहुदी समुदाय र बेलायती सरकारबीचको बलियो सम्बन्ध थियो ।

> इजरायल र प्यालेस्टाइन दुवैतर्फका राजनीतिक वृत्त र आमजनतामा यस संकटको शान्तिपूर्ण समाधान हुनुपर्छ भन्ने धारणामा कमी आएको देखिनु गम्भीर चिन्ताको विषय हो

यस घोषणाद्वारा अमेरिका र रुसमा रहेका यहुदी समुदायलाई प्रभावमा पारेर युद्धका समयमा सहयोगी शक्तिबीचको एकता कायम राख्न चाहन्थ्यो । बालफोर घोषणासँगै बेलायतीले प्यालेस्टाइनमा युरोपेली यहुदीको आप्रवासनलाई सहज बनाउन थाले ।

एकातर्फ आफ्नो बेग्लै राज्य अर्कातर्फ सन् १९२० को दशकमा जर्मनीमा नाजीवादको उदय, यी दुई कारणले यहुदीको प्यालेस्टाइनमा बसाइँ सर्ने क्रम तीव्र रूपमा बढ्यो । १९३२ मा जर्मनीमा नाजीको विजयले जर्मनी, अस्ट्रिया र चेकोस्लोभाकियामा यहुदीहरू उत्पीडनमा परेका थिए । १९३२ र १९३९ का बीचमा प्यालेस्टाइनमा दुई लाख ४७ हजार यहुदी शरणार्थी थिए, जसमध्ये ४६ प्रतिशत युरोपबाट आएका थिए । एक तथ्यांकअनुसार १९३९ देखि १९४५ सम्म नाजी र तिनका सहयोगीले ६० लाख यहुदीको हत्या गरेका थिए । नरसंहारको त्रासबीच यहुदीहरू १९३९ पछि सम्भव भएसम्म युरोपबाट भाग्न जारी राखे र तिनका लागि प्यालेस्टाइन तुलनात्मक रूपमा पहुँचयोग्य थियो । १९४६ सम्म प्यालेस्टाइनको लगभग ६ प्रतिशत जमिन यहुदीको स्वामित्वमा थियो भने १९४७ सम्म प्यालेस्टाइनको लगभग एकतिहाइ जनसंख्या यहुदी थियो । ब्रिटिस औपनिवेशिक शासनको अधीनमा निसास्सिरहेका अरबहरू ठूलो संख्यामा युरोपेली यहुदीको आगमन र प्यालेस्टाइनमा स्वतन्त्र यहुदी राज्य स्थापना गर्ने यहुदी संगठनहरूको अभिप्रायले भन् त्रसित थिए । दोस्रो विश्वयुद्धको संघारमा अरबहरूको समर्थन जुटाउने लालसामा बेलायतीले यहुदी आप्रवासन रोक्न आफ्नो नीति बदलेका थिए । तर, परस्थिति नियन्त्रणबाहिर गइसकेको थियो । दुई समुदायबीचको तनाबले प्यालेस्टाइन भूमिमा आफ्नो पकड बलियो बनाउन दुवै अरब र यहुदी मिलिसियाको स्थापना गऱ्यो । यस्ता गतिविधिले दुई समुदायबीचको हिंसामा उल्लेख्य वृद्धि भयो । दोस्रो विश्वयुद्धपछि अरब र प्यालेस्टाइनी मिलिसियाद्वारा बढ्दो आक्रमणले बेलायतलाई संयुक्त राष्ट्रसंघलाई स्थिति समाधान गर्न आग्रह गर्न बाध्य तुल्यायो ।

२९ नोभेम्बर १९४७ मा संयुक्त राष्ट्रसंघले प्यालेस्टाइनलाई यहुदी र अरब राष्ट्रमा विभाजन गर्न सिफारिस गर्ने प्रस्ताव पारित गऱ्यो । प्रस्तावअनुसार प्यालेस्टाइनको ५६.४७ प्रतिशत भूभाग यहुदी राज्य स्थापना गर्न र ४४.५३ प्रतिशत प्यालेस्टाइनी अरबलाई छुट्याइयो । यहुदी प्रतिनिधिले यसलाई स्वीकार गरे पनि प्यालेस्टिनीहरूले विभाजनलाई अनुचित बताउँदै सो योजना अस्वीकार गरे । प्यालेस्टिनीका लागि कुल जनसंख्याको ३३ प्रतिशत मात्र रहेका यहुदीलाई ५६.४७ प्रतिशत भूभाग दिनु अन्यायपूर्ण थियो । यसमा पनि अधिकांश यहुदी नयाँ थिए, जब कि प्यालेस्टाइनका अरबहरू त्यहाँ शताब्दीयौँदेखि बस्दै आएका थिए । धेरैजसो पश्चिमी देशले यस योजनालाई संयुक्त राष्ट्रसंघमा समर्थन गरे पनि अरब देशका साथै अधिकांश अफ्रिकी र एसियाली देशले यसको विरोध गरे । इजिप्ट, जोर्डन र इराकले त संयुक्त राष्ट्रसंघको विभाजन योजनाको विरोधमा हतियार उठाउने धम्की नै दिएका थिए ।

मे १९४८ मा इजरायललाई एक स्वतन्त्र राष्ट्र घोषणा गरियो र डेभिड बेन गुरियन इजरायलका प्रधानमन्त्री बने । यस घोषणासँगै पाँच अरब राष्ट्रहरू, इराक, सिरिया, लेबनान, जोर्डन र इजिप्टले इजरायलमाथि आक्रमण गरे । १९४९ मा युद्धविराम घोषणा गरियो र सम्झौताअनुसार वेस्ट बैंक जोर्डनलाई दिइयो भने गाजापट्टी इजिप्टको हिस्सामा र पूर्वी जेरुसेलम जोर्डनको नियन्त्रणमा रह्यो । सात लाखभन्दा बढी प्यालेस्टिनी भागेर छिमेकी अरब देशमा शरणार्थी बने । यस युद्धलाई दुवै समुदायले फरक तरिकाले हेरेका छन् । इजरायलीका लागि यो स्वतन्त्रताको युद्ध थियो र आफ्नो अस्तित्व कायम राख्न अरबसँग लड्नुको विकल्प थिएन । अर्कातर्फ प्यालेस्टाइनीले यस युद्धलाई नाक्बा वा प्रकोप भन्छन्, किनभने तिनीहरू राज्यविहीन बनेका थिए ।

दुवै पक्षले विभिन्न घटनालाई फरक-फरक तरिकामा प्रस्तुत गरे पनि दुईबीचको संकटले दुवै इजरायली र प्यालेस्टिनीले लामो समयदेखि ज्यान गुमाइरहेका छन् र प्यालेस्टिनी अर्थव्यवस्थाको निरन्तर विनाश भइरहेको छ । यति मात्र होइन, यसले मध्यपूर्वी एसियालाई नै विश्वको सबैभन्दा अस्थिर र राजनीतिक रूपमा विस्फोटक क्षेत्रका रूपमा स्थापित गराएको छ । सबैभन्दा चिन्ताको विषय त यो छ कि दुवैतर्फका राजनीतिक वृत्त र आमजनतामा यस संकटको शान्तिपूर्ण समाधान हुनपर्छ भन्ने धारणामा चिन्ताजनक रूपमा कमी आएको देखिन्छ । इजरायली सार्वजनिक मनोवृत्ति आत्मघाती बम विस्फोट र प्यालेस्टाइनबाट इजरायली सहरहरूमा निरन्तर हुने आक्रमणद्वारा आकारिएको छ । त्यसकारण अधिकांश इजरायलीले यस्ता गतिविधिविरुद्ध लड्न प्यालेस्टिनी क्षेत्रको पुनः कब्जा र लक्षित हत्याजस्ता कडा कदमको समेत समर्थन गरेका छन् । अर्कातर्फ प्यालेस्टाइनमा पनि अधिकांश जनसंख्या विद्रोह वा प्रतिरोध आन्दोलनका पक्षमा छन्, जसमा हालै हमासले गरेका जस्ता आक्रमण पनि समावेश छन् । यस्ता धारणा विगत दुई दशकमा लगातार बढ्दै गएका छन्, जसले इजरायली कब्जा र हिंसालाई लिएर कट्टरपन्थी बनिरहेको जनसंख्यालाई प्रतिबिम्बित गर्छ ।

३ प्रश्न

राजनीतिक विश्लेषक **प्रा. कृष्ण खनाल**लाई



कोसीमा विकसित पछिल्लो राजनीतिक घटनाक्रमलाई कसरी हेर्नुभएको छ ?

यसले पुरानो घटनाक्रम दोहोरिन लागेको संकेत गरेको छ । राष्ट्रिय राजनीतिमा स्थायित्वका लागि कांग्रेस र एमाले मिल्नुपर्छ भन्ने आवाज बारम्बार उठिरहेकै छ । त्यसैले, कोसीमा यी दुई दल नजिकिनु अस्वाभाविक होइन । कांग्रेसको आन्तरिक राजनीतिमा वैकल्पिक समूहका नेता शेखर कोइरालाले संविधानले दिएको विकल्पको दृढतापूर्वक प्रयोग गरेका छन् । संविधानको धारा १६८ (५) ले सुरक्षित गरेको दलको ह्विप नलाग्ने व्यवस्थाको प्रयोगबाट यो सरकार बनेको छ । यसलाई हामीले स्वाभाविक मान्नुपर्छ ।

शेखर कोइरालाको 'मुभ' ले राजनीतिमा कस्तो अर्थ राख्छ ?

कोसी क्षेत्रको राजनीतिमा कोइराला परिवारको प्रभाव र वर्चस्व लामो समयदेखि कायम छ । त्यसैले, अहिले कोसीमा देखिएको राजनीतिक घटनाक्रमको पनि विशेष अर्थ त हुन्छ नै । तर, यो घटना कोसीमा मात्र सीमित रह्यो भने यसको प्रभाव क्षेत्रीय राजनीतिमै मात्र सीमित हुन पनि सक्छ । अन्यथा, यसले केन्द्रीय राजनीतिमै पनि प्रभाव नपार्ला चाहिँ भन्न सकिन्न । जसले केन्द्रको समीकरणमै पनि प्रभाव पार्न सक्छ ।

कोसीमा विकसित घटनाक्रमले राजनीतिक स्थिरता दिन सक्ने सम्भावना कति देख्नुहुन्छ ?

यसले कोसीको राजनीतिमा स्थिरता दिन्छ या दिँदैन भन्ने यो सरकारले विश्वासको मत कसरी पाउँछ, त्यसमा निर्भर हुन्छ । तर, तत्कालका लागि कांग्रेसको आन्तरिक राजनीतिमा खेल्ने केपी ओलीको प्रयोग सफल भएको छ । यसले कांग्रेसलाई विभाजनकै स्थितिमा पुऱ्याउँछ या पुऱ्याउँदैन, भविष्यले नै देखाउनेछ । तत्कालका लागि संघमा प्रतिपक्षमा रहेको एमाले कोसीमा भने सत्तापक्षमा पुगेको छ ।

प्रेरक प्रसंग

आइन्स्टाइन र हराएको 'क्लिप'

महान् वैज्ञानिक अल्बर्ट आइन्स्टाइन आफ्ना साधारणदेखि महत्त्वपूर्ण कुनै पनि काममा अत्यन्त गम्भीरतापूर्वक खटिन्थे र सफलता प्राप्त नगरुन्जेल त्यसबाट विश्राम लिँदैनथे ।

एकपटक आइन्स्टाइन एउटा शोधपत्र लेख्दै थिए । केही समयको अथक मिहिनेतपछि उनले त्यसलाई पूर्णता दिए । शोत्रपत्रको पूर्णतापछि उनले जब त्यसलाई च्याप्न क्लिप खोजे, तर कतै भेटेनन् । उनले सम्भाव्य सबै ठाउँमा खोजे, तर कतै पनि पेपर क्लिप भेटेनन् । तैपनि, निराश नभई उनले खोजीकार्य जारी राखे । खोज्दै जाँदा उनले कोठाको कुनामा बिग्रेर फालिएको एउटा थोत्रो क्लिप भेटे । कागज च्याप्न नमिल्ने गरी बिग्रेको पेपर क्लिप भेटेपछि आइन्स्टाइन खुसी भए । उनी सोही क्लिप बनाउन लागिपरे । उनी पेपर क्लिप मर्मतमा जुटिरहेकै समयमा उनका सहयोगी आइपुगे । आइन्स्टाइन एउटा



बिग्रेको सामान्य क्लिप मर्मतमा दत्तचित्त भई लागेको देख्दा उनी छक्क परे । कोठाको एउटा कुनामा राखिएको दराजबाट एक बट्टा पेपर क्लिप निकालेर आइन्स्टाइनलाई दिँदै सहयोगीले भने- महाशय, हामीसित प्रशस्तै पेपर क्लिप छन् । हजुर बेकारमा त्यो थोत्रो क्लिप मर्मतमा आफ्नो ऊर्जा खेर फालिरहनुभएको छ । त्यसलाई फालिदिनुहोस् । यिनै नयाँ क्लिप प्रयोग गर्नुहोस् ।

आइन्स्टाइनले आफ्ना सहयोगीको कुरामा ध्यान दिएनन् । कामको धुनमा सायद उनले सहयोगीको कुरा सुन्दै सुनेनन् कि जस्तो लाग्दै थियो । लगातारको अथक प्रयासपछि उनले क्लिप मर्मतमा सफलता पाइछाडे र त्यसैबाट शोधपत्र च्यापे । अनि, आफ्ना सहयोगीलाई बोलाएर भने- लक्ष्य सानो होस् वा ठूलो, जहिल्यै निरन्तर त्यसमा लागिरहनुपर्छ । कहिल्यै विचलित हुनुहुन्न । अनि मात्र सफलता हात पर्छ ।

टिप्पणी nayapatrikaofficial @naya_patrika

सरकारले ठीक गऱ्यो

केही दिन ढिलै भए पनि सरकारले युद्धग्रस्त इजरायली भूमिमा फसेका नेपालीलाई उद्धार गरेर निकै राम्रो काम गरेको छ । अझै धेरै नेपालीलाई त्यहाँबाट फिर्ता ल्याउनुपर्ने अवस्था हुन सक्छ । यसका लागि सरकार अझै तयारी अवस्थामा रहनुपर्छ । साथै, इजरायलस्थित नेपाली दूतावासले त्यहाँ पढ्न गएका नेपाली विद्यार्थी तथा रोजगारीका लागि पुगेका नेपाली युवासँग सम्पर्कमा रही उनीहरूलाई आवश्यक सहयोग उपलब्ध गराउन तयार रहनुपर्छ । सरकारले पनि आवश्यक परेमा कुनै पनि समयमा विमान पठाउन सक्ने गरी तयारी गरिराख्नु जरुरी छ ।

● **वन्दना कुँवर**, पुल्चोक, ललितपुर

उपचार सेवा प्रभावित नबनाऊ

बिपी प्रतिष्ठानमा एक सय ५० शिक्षकको राजीनामाले त्यहाँको पठनपाठन र उपचार सेवासमेत गम्भीर रूपमा प्रभावित भएको समाचार पढ्दा दुःख लाग्यो । विकृत राजनीतिको प्रभावमा परेका यस्ता संस्था जतातै लथालिंग र भताभुंग छन् । यसरी स्वास्थ्य विज्ञान प्रतिष्ठानजस्तो संवेदनशील संस्था राजनीतिक छायामा परेर अस्तव्यस्त बन्नु दुःखको कुरो हो । विद्यार्थीको पठनपाठन ठप्प हुँदा र उपचार सेवा प्रभावित हुँदा पनि राज्यका हर्ताकर्ताको ध्यान नजानु दुःखको विषय हो । यसमा तत्काल ध्यान देऊ र प्रतिष्ठानलाई गति देऊ ।

● **गोरख विक**
सानेपा, काठमाडौं

स्वदेशमै खपत बढाऊ

नेपालबाट उच्चतम मूल्यमै नेपालबाट भारतमा बिजुली निर्यात हुन थालेको समाचार पढ्दा खुसी लाग्यो । तर, यसरी विदेश निर्यात हुँदैमा हामी खुसी भइहाल्ने स्थिति भने छैन । खुसी हुनका लागि हामीले विदेश निर्यातमा भन्दा स्वदेशी खपत बढाउनेतर्फ ध्यान दिनुपर्छ । जबसम्म स्वदेशी बजारमा स्वदेशी उत्पादनको खपत बढाउन सकिन्न, तबसम्म देशको आर्थिक अवस्था मजबुत बनाउन सकिन्न । स्वदेशमा उत्पादित बिजुली नेपाली उद्योगधन्दा र घरेलु उपभोगमा खपत बढाउन सकियो भने मात्र त्यसले देशको अर्थतन्त्रमा ठूलो सकारात्मक प्रभाव पार्न सक्छ ।

● **वन्दना गिरी**
कलंकी, काठमाडौं

शान्तिका लागि दीप प्रज्ज्वलित गरौं

६ दिनदेखि इजरायल र प्यालेस्टाइनको सीमाक्षेत्रमा मात्र होइन, सीमाभित्रै पनि दुई पक्षबीच भीषण युद्ध भइरहेको छ । दैनिक हजारौं रकेट बर्साइएका छन् । सयौं मानिस दिनहुँ हताहत भइरहेका छन् । अहिलेसम्म झन्डै तीन हजारको मृत्यु भइसकेको र १०औँ हजारभन्दा बढी घाइते भएको समाचार आएका छन् । यसर्थ शान्तिप्रिय नेपालीले पनि युद्धको विरोध र शान्तिको पक्षमा आवाज उठाउनु जरुरी भएको छ । त्यसका लागि माइतीघर मण्डलमा शान्तिदीप प्रज्ज्वलित गर्नुपर्छ । त्यसमा सम्पूर्ण शान्तिप्रेमीले सक्रिय सहभागिता जनाउनुपर्छ ।

यो युद्धमा हामी नेपाली कुनै पनि देशको पक्षमा लाग्नु हुँदैन । केवल विश्वशान्तिका लागि युद्ध गरिनु हुँदैन भन्ने पक्षमा मात्र लाग्नुपर्छ । यो युद्ध रोक्न राष्ट्रसंघ र शक्तिशाली मुलुकले ठोस पहल गरेको देखिएको छैन । उल्टो विश्व दुई खेमामा विभाजित भई एक-अर्काप्रति आरोप-प्रत्यारोप गरिरहेका छन् ।

राष्ट्रसंघले युद्ध रोक्न तत्काल ठोस पाइला चाल्ने कि तमासा मात्र हेरिरहने हो ? राष्ट्रसंघको स्थापना कुन उद्देश्यका लागि गरिएको हो ? अहिलेको यक्षप्रश्न नै यही हो । प्यालेस्टाइन-इजराइल युद्धको यो नयाँ प्रकरण कहाँ पुगेर टुंगिने हो कुनै ठेगान छैन । यसले कति क्षति पुऱ्याउँछ, कति जनधनको नोक्सानी गर्छ ? त्यो कुरा अहिले नै भन्न नसकिए पनि यो युद्ध लम्बिए यसबाट हजारौंको मृत्यु निश्चित छ । त्यसैले, हामी सबै शान्तिको पक्षमा उभिनु जरुरी छ ।

● **गोपाल देवकोटा**, गोकर्णेश्वर-८, काठमाडौं
gopaldevkota@gmail.com

अमेरिकामा आश्चर्यजनक ढंगले बढेको गरिबी

अश्वेत र हिस्प्यानिक अमेरिकीका लागि आर्थिक कठिनाइ कम भए पनि समग्र गरिबी दर महामारीपूर्वको खराब अवस्थामा झरेको छ



देश / विदेश

● जेरेमी ने

पछिल्लो अमेरिकी जनगणनाअनुसार सन् २०२२ मा अमेरिकी गरिबी दर १२.४ प्रतिशतले बढेको छ । सन् २०२१ मा यो आँकडा ७.४ प्रतिशत थियो । त्यसैगरी बाल गरिबी पनि अघिल्लो वर्षको ५.२ प्रतिशतबाट १२.४ प्रतिशत पुगेको छ । अमेरिकामा व्यक्तिको वार्षिक आय १३ हजार पाँच सय ९० र तीन सदस्य भएको परिवारको वार्षिक आय २३ हजार ३० डलरबराबर वा कम भएमा त्यस्ता व्यक्ति वा परिवार गरिबीको रेखामुनि रहेको मानिन्छ । पछिल्लो तथ्यांकले सन् २०२२ मा कुल तीन करोड ७९ लाख व्यक्ति गरिबीको रेखामुनि बाँचिरहेको देखाएको छ ।

विस्तारित बालकर ऋणजस्ता कार्यक्रमका कारण केही वर्ष अमेरिकाले गरिबीमा उल्लेखनीय कमी ल्याएको थियो । यद्यपि यी कार्यक्रमको अवधि सकिएपछि यी प्रभाव अल्पकालीन साबित भएका छन् ।

'आधिकारिक' गरिबी दरलाई प्रतिस्थापित गरेको पूरक गरिबी मापन (एसपिएम) ले सरकारी गरीबीविरुद्धका कार्यक्रम र जीविका लागतका भिन्नताको जिम्मेवारी लिएको छ । मुद्रास्फीति र जीविका लागतमा समग्रतामा वृद्धि हुनाले पनि परिवारमा नयाँ वित्तीय चुनौती थपेको छ । एसपिएमले खाद्यान्न र आवासजस्ता अत्यावश्यक वस्तुको लागत प्रयोग गर्छ, जुन गत वर्ष बढेको छ । सन् २०२१ मा चार जनाको परिवारमा यदि वार्षिक आय ३१ हजार चार सय ५३ बराबर वा कम छ भने त्यस्ता परिवारलाई गरिब मानिएको छ । सन् २०२२ मा यस मापदण्डलाई करिब १० प्रतिशतले बढाएर ३४ हजार पाँच सय १८ पुऱ्याइएपछि थप घरपरिवार गरिबीको रेखामुनि समेटिएका छन् ।

न्यून आय भएका मात्रै नभई औसत अमेरिकी परिवारले पनि प्रभाव महसुस गरेका छन् । सन् १९८१ यताकै उच्च मुद्रास्फीति दरका कारण बढेको रोजगारी एवं ज्याला उपलब्धिलाई मत्थर बनाइदिएको छ । क्यालिफोर्निया, फ्लोरिडा र मिसिसिपी अमेरिकाका सबैभन्दा बढी गरिब मानिस बसोवास गर्ने राज्य हुन् । यी राज्यका क्षेत्रमा एक रोचक मिश्रण देख्न सकिन्छ, जहाँ धेरै अर्थशास्त्रीको सामान्यतया ध्यान पुग्दैन ।

कृषि, खानी र निर्माण क्षेत्र भएका उत्तरी क्यालिफोर्नियाका काउन्टी (स्थानीय तह) मा अधिक गरिबी छ । उच्च जीविका लागतले सानफ्रान्सिस्को र लसएन्जलसजस्ता सहरमा गरिबी दर बढाएको छ, अर्थात् करिब ४५ लाख मानिस गरिबीको रेखामुनि छन् ।

फ्लोरिडाको सीमान्त क्षेत्रमा गरिबी व्याप्त छ । उदाहरणका लागि ग्याडस्डेन काउन्टीमा चारमा एकजना र पाँचमध्ये दुई बालबालिका गरिबीको रेखामुनि छन् । फ्लोरिडाको बाँकी क्षेत्रविपरीत ग्याडस्डेन काउन्टीको औसतभन्दा कम दरमा विद्यार्थी उच्च-माध्यमिक विद्यालयमा उत्तीर्ण हुने गरेको तथ्यले यस क्षेत्रमा बेरोजगारी र गरिबी बढाउन सघाएको छ । विशेषतः अश्वेत जनसंख्या अधिक भएका मिसिसिपी नदीवरपरका क्षेत्रमा गरिबी व्यापक छ । राज्यमा उल्लेख्य नश्लीय असमानता छ र श्वेतका तुलनामा अश्वेतहरू गरिबीमा बाँच्ने सम्भावना तीन गुणाले बढी छ । मिसिसिपी नदी टेनेसीमा मिल्ने ठाउँ ट्युनिका काउन्टीमा नागरिक अधिकारका लागि अमेरिकी आयोगका अनुसार ६८ प्रतिशत अश्वेत गरिबीको रेखामुनि छन् र बेरोजगारी दर २३.८ रहेको छ भने श्वेत परिवारका लागि यो आँकडा क्रमशः १२ र दुई प्रतिशत रहेको छ ।

अमेरिकाको दक्षिणी क्षेत्रको गरिबीमा उल्लेख्य वृद्धि भएको छ र यो वृद्धि त्यहाँ भएको छ, जहाँ एक अनुसन्धानले बालकर ऋणले न्यून आय



तस्बिर : एलेन जे स्काबेन/लस एन्जलस टाइम्स

भएका परिवारलाई सहयोग गर्न महत्त्वपूर्ण भूमिका खेलेको देखाएको छ । ह्वाइट हाउसले जनगणनाको तथ्यांक सार्वजनिक भएपछि बाल गरिबीमा भएको वृद्धिका लागि कंग्रेसका रिपब्लिकनलाई तुरुन्तै दोषी ठहऱ्यायो । रिपब्लिकनको आलोचना गर्दै राष्ट्रपति बाइडेनले बाल गरिबीमा भएको वृद्धि कुनै संयोग नभई रिपब्लिकनले बालकर ऋण लागू गर्न अस्वीकार गरेका कारण हो भन्ने आरोप लगाएका छन् । विभिन्न अर्थशास्त्रीले विस्तारित बालकर ऋण लागू गर्दा सन् २०२२ मा गरिबी करिब ५० प्रतिशतले घट्न सक्ने जनाएका छन् ।

अमेरिकी 'इनइक्वेलिटी' सम्बद्ध अनुसन्धानकर्ताले आम्दानी आयकर ऋण (इआइटिसी) ले गरिबीलाई उल्लेखनीय रूपमा घटाएको जनाएका छन् । बाल गरिबीमा २५ प्रतिशतको वृद्धिलाई रोकेको छ र एक करोड ७० लाख मानिसको गरिबी पनि घटाएको छ । राष्ट्रपति बाइडेनको सन् २०२४ को बजेटले रिपब्लिकन विरोधको सामना गर्दै इआइटिसी विस्तार गर्ने लक्ष्य राखेको छ ।

महामारीपूर्वको अवस्थामा हालको गरिबी दर निकै कम छ, अर्थात् सन् २०१९ को जस्तै छ । अश्वेत र हिस्प्यानिक अमेरिकीका लागि आर्थिक कठिनाइ कम भए पनि समग्र गरिबी दर महामारीपूर्वको खराब अवस्थामा झरेको छ । वास्तवमा महामारीमा गरिब तप्काले पाएको सहायताका कारण अमेरिकाको गरिबीमा सुधार आएको थियो ।

६५ वर्षमाथिका अमेरिकीका लागि गरिबी घटाउन आवश्यक समर्थनको कमी छ । यो तप्काको गरिबी दर १४.१ प्रतिशतले बढेको छ, जुन सन् २०१६ यताको सबैभन्दा बढी हो । यस क्रममा वृद्ध नागरिकका लागि सामाजिक सुरक्षा भुक्तानी ८.७ प्रतिशत वृद्धि भएको छ । तथापि, महामारीले गर्दा रोजगारीमा पुनः प्रवेश गर्न नसकिने अवस्थाका कारण गरिबी यथावत् छ ।


अमेरिकामा गरिबीले निरन्तर असमानतालाई प्रतिबिम्बित गरिरहेको छ । क्षेत्रगत आधारमा गरिबी बढ्ने प्रवृत्तिलाई हेर्दा थप अन्य समुदाय पनि गरिबीको चपेटामा पर्न सक्छन् । विगतको संघीय समर्थनले गरिबी घटाएको थियो तर हालको तथ्यांकले स्रोत घट्दा के हुन्छ भन्ने देखाएको छ ।

(अमेरिकन इनइक्वेलिटीका लेखक ने यसअघि संघीय रिजर्भमा बृहत् आर्थिक नीतिका रणनीतिकार थिए)

टाइम म्यागजिनबाट


लेखका लागि : opinion@nayapatrikadaily.com
टिप्पणीका लागि : comment@nayapatrikadaily.com

अवश्यम्भावी छैन अमेरिका–चीन युद्ध



● जोसेफ एस नायी, जुनियर

जोसेफ एस नायी, जुनियर, हार्वर्ड युनिभर्सिटीका प्रोफेसर तथा पूर्वअमेरिकी रक्षा सहायकमन्त्री हुन् ।



यस शताब्दीको पहिलो भागलाई संयुक्त राज्य अमेरिका र चीनबीचको शक्ति संघर्षले परिभाषित गरेको छ । केहीले यसलाई गत शताब्दीका दुई विश्वयुद्धअघि जर्मनी र बेलायतबीच कायम भएजस्तो 'दीर्घ प्रतिद्वन्द्विता'का रूपमा व्याख्या गरेका छन् । अन्यले अमेरिका र चीन युद्ध निश्चित भएका इसापूर्व पाँचौं शताब्दीका स्पार्टा (प्रमुख शक्ति) र एथेन्स (उदीयमान शक्ति) जस्तै भएको चिन्ता व्यक्त गरेका छन् । 'द्वन्द्व टार्न सकिँदैन भन्ने विश्वास'कै कारण परिस्थिति त्यतैतिर जाने हो कि भन्ने जोखिम छ ।

'दीर्घ प्रतिद्वन्द्विता' आफैंमा एक भ्रामक शब्द हो । सन् १९४९ मा चिनियाँ कम्युनिस्ट पार्टी सत्तामा आएदेखि चीन-अमेरिकी सम्बन्धका विभिन्न चरणलाई एकपटक विचार गर्नुहोस् । सन् १९५० को दशकमा अमेरिकी र चिनियाँ सैनिकहरू कोरियाली प्रायद्वीपमा चलिरहेको युद्धमा एक-अर्काविरुद्ध लडिरहेका थिए । सन् १९७० को दशकमा अमेरिकी राष्ट्रपति रिचर्ड निक्सनको ऐतिहासिक चीन भ्रमणपछि सोभियत संघलाई सन्तुलनमा राख्न दुई देशले सहकार्य सुरु गरे । सन् १९९० को दशकमा दुई देशबीच आर्थिक संलग्नता बढ्यो र अमेरिकाले विश्व व्यापार संगठनमा चीनको प्रवेशलाई समर्थन गऱ्यो । सन् २०१६ पछि मात्र आजको शक्ति राष्ट्रबीचको प्रतिस्पर्धाको झल्को आउने वर्तमान चरणमा सुरु भएको हो । यही अवधिमा एक अमेरिकी अधिकारीले चीनलाई उनको देशलाई 'आर्थिक, प्राविधिक, राजनीतिक तथा सैन्य रूपमा प्रणालीगत चुनौती दिन सक्ने एक मात्र मुलुक'को रूपमा व्याख्या गर्ने स्थितिमा पुगे ।

तर, 'दीर्घ प्रतिद्वन्द्विता'मा देश एक-अर्कासँग लड्छन् भन्ने भन्दै हुँदैन । त्यसो भए 'शीतयुद्ध'को सम्भावना कत्तिको छ ? यदि यस पदावलीले लामो र तीव्र प्रतिस्पर्धालाई जनाउँछ भने हामी अहिले त्यही चरणमा छौं । तर, अहिले चीनबाट अमेरिकाले सामना गर्ने वास्तविक चुनौतीलाई अमेरिका-सोभियत संघबीचको शीतयुद्धसँग तुलना गर्न मिल्दैन । अमेरिका र सोभियत संघबीच सैन्य अन्तरनिर्भरता भएको भए पनि दुईबीच कुनै पनि आर्थिक, सामाजिक, वा पारिस्थितिक अन्तरनिर्भरता थिएन । यस कुरामा आजको चीन-अमेरिकी सम्बन्ध ती सबै आयाममा फरक छ ।

अन्तरनिर्भरताको कुरा अर्थतन्त्रबाट गरौं । अमेरिकाले चीनमा गरिरहेको लगानी र लेनदेन पूर्ण रूपमा रोक्यो भने ऊ आफैं र विश्व अर्थतन्त्रले ठूलो नोक्सान भोग्नेछ । त्यसबाहेक, अमेरिका र यसका मित्र राष्ट्र चीनबाट तिनको भूमिमा कम्युनिस्ट विचारधारा फैलने डरले नभएर अन्तरनिर्भरयुक्त आर्थिक तथा राजनीतिक प्रणालीबाट त्रसित छन्, जसलाई दुवै पक्षले नियमित रूपमा एक-अर्काविरुद्ध प्रयोग गर्ने गरेका छन् । सुरक्षा विषयमा आंशिक 'डि-कपलिंग(विच्छेदन)' वा 'डि-रिस्किङ'(जोखिम निराकरण)' आवश्यक छ, तर सम्पूर्ण आर्थिक विच्छेदन निकै महँगो साबित हुनेछ, र यस विषयमा अमेरिकालाई उसका केही मित्रले मात्र सघाउलान् । आज विश्वका अधिकांश देशको व्यापारको ठूलो हिस्सा अमेरिकासँग भन्दा चीनसँग भइरहेको छ ।

> चीन-अमेरिकाबीचको अहिलेको सम्बन्ध तुलना गर्न सकिने सबैभन्दा राम्रो ऐतिहासिक उदाहरण सन् १९४५ पछि सुरु भएको शीतयुद्धकालीन युरोप होइन, बरु सन् १९१४ अघिको युरोप हो । यस अवधिमा युरोपेली नेताहरूले बाल्कन क्षेत्रमा चलिरहेको द्वन्द्व छोटो हुने सोचेर बेवास्ता गरे । तर, त्यसले चारवर्षे भयानक विश्वयुद्ध निम्त्यायो ।

जहाँसम्म वातावरणीय मुद्दाका अन्तरनिर्भरता छ, त्यसमा विच्छेदन असम्भव छ । कुनै एक देशले जलवायु परिवर्तन, महामारीको खतरा वा अन्य अन्तर्राष्ट्रिय समस्या एक्लै समाधान गर्न सक्दैनन् । यसैले गर्दा अमेरिका चीनसँग 'मित्रवत् प्रतिद्वन्द्विता' गर्न अभिशप्त छ । यसैले स्थिति शीतयुद्धको जस्तो केही छैन । अमेरिकाले चीनको चुनौतीको सामना गर्ने हो भने उसले आफ्नै बनाएको गठबन्धन र नियममा आधारित प्रणालीको लाभ उठाउने दृष्टिकोण बनाउनुपर्छ । अमेरिकासँग चीनसँग नभएको ठूलो लाभ छ, जापानजस्ता सहयोगी र भारतजस्ता साझेदारका रूपमा ।

पछिल्लो समय विश्व आर्थिक गुरुत्वाकर्षणको केन्द्र युरोपबाट एसियामा सरेको भए पनि त्यस गुरुत्वको केन्द्रका लागि चीनलाई अर्को एसियाली राष्ट्र भारतले टक्कर दिइरहेको छ । 'ग्लोबल साउथ' वा ब्रिक्स (ब्राजिल, रुस, भारत, चीन र दक्षिण अफ्रिका) बीचको ऐक्यबद्धताबारे धेरै कुरा गरिए पनि यसलाई लिएर एउटा ठूलो भ्रम कायम छ । त्यो के भने पश्चिमी राष्ट्रहरू ब्रिक्स सदस्यबीच कायम आन्तरिक प्रतिस्पर्धाबारे बेखबर छन् । यसबाहेक, पश्चिमी प्रजातान्त्रिक राष्ट्रको कुल सम्पत्तिको योग यस शताब्दीभर चीन (र रसियाको) भन्दा बढी नै रहनेछ ।

चीनसँगको मित्रवत् प्रतिस्पर्धामा अगाडि रहनका लागि पहिले त अमेरिकाले लिने चीनसम्बन्धी रणनीतिको लक्ष्य यथार्थपरक हुनुपर्छ । चीनमा पश्चिमी लोकतन्त्र ल्याउने कुरालाई अमेरिकाले रणनीतिक लक्ष्य मानेको भए, ऊ असफल हुनेछ । चिनियाँ कम्युनिस्ट पार्टी पश्चिमी उदारीकरणप्रति सशंकित हुन्छ । र, चीन अतिक्रमण गरेर वा डरधम्की दिएर रूपान्तरण गर्न सकिने कमजोर वा सानो देश होइन । त्यस्तै अर्कोतर्फ हेर्ने हो भने अमेरिकाभित्र विभिन्न समस्या छन्, तर तीमध्ये कुनै पनि चिनियाँ कम्युनिज्मप्रतिको आकर्षण भएका समूहले निम्त्याएका होइनन् । यस महत्त्वपूर्ण सन्दर्भलाई ख्याल गर्दा चीन वा अमेरिकामध्ये कुनैले पनि अर्कोको लागि अस्तित्वको खतरा सिर्जना गर्दैनन्, जबसम्म तिनले ठूलो युद्धमा सरिक हुने गल्ती गर्दैनन् ।

चीन-अमेरिकाबीचको वर्तमान सम्बन्ध तुलना गर्न मिल्ने सबैभन्दा राम्रो ऐतिहासिक उदाहरण सन् १९४५ पछि सुरु भएको शीतयुद्धकालीन युरोप होइन, बरु सन् १९१४ अघिको युरोप हो । युरोपेली नेताहरूले बाल्कन क्षेत्रमा चलिरहेको द्वन्द्व छोटो हुने सोचेर बेवास्ता गरे । तर, त्यसले चारवर्षे भयानक विश्वयुद्ध निम्त्यायो । कतिपयले अमेरिका र चीन पनि ताइवानको विषयमा यस्तै युद्धमा फस्न सक्ने गल्ती गर्ने पूर्वानुमान गर्छन् । सन् १९७२ मा निक्सन र माओ त्से तुङ भेट्दा पनि यो मुद्दालाई सुल्झाउन सकेनन् । तथापि ती दुईले एक जटिल सूत्र तयार गरे, जसले आधा शताब्दीसम्म काम गरिरहेको छ । यस व्यवस्थापनअनुरूप ताइवानको स्वतन्त्रता स्विकारिएन, तर चीनले सो टापुविरुद्ध बल प्रयोग नगर्ने सहमतिजस्तो बन्यो । यो यथास्थिति कायम राख्न एकातर्फ बेइजिङको सैन्य कारबाहीलाई रोक्नुपर्छ भने अर्कोतर्फ ताइवानको स्वतन्त्रतालाई समर्थन गर्ने उत्तेजनालाई पन्छाउनु पनि आवश्यक छ । युद्ध एक जोखिम हो, तर यो अपरिहार्य छैन ।


अमेरिका र चीनबीच न्यूनस्तरको आर्थिक द्वन्द्व हुनेछ, जुन स्वाभाविक हो । तर, यो र उत्तेजना बढ्न नदिने उद्देश्यले निर्देशित हुनुपर्छ- जसलाई अमेरिकी विदेशमन्त्री एन्टोनी ब्लिंकेनले हालै 'शान्तिपूर्ण सहअस्तित्व' भनेका छन् । अमेरिकाका लागि यस उद्देश्यको मतलब हो- गरम युद्धलाई रोक्ने प्रतिरोध प्रयोग गर्नु, सम्भव भएको अवस्थामा सहकार्य गर्ने, मित्र शक्तिलाई आकर्षित गर्न अमेरिकाको हार्ड(कठोर) तथा सफ्ट(नरम) शक्तिको प्रयोग गर्नु र सफलतापूर्वक प्रतिस्पर्धा गर्न घरेलु स्रोतलाई निर्देशित गर्नु । त्यस्तै अमेरिकाले अहिलेका गठबन्धन र अन्तर्राष्ट्रिय संस्थालाई बलियो बनाएर चीनको बाह्य व्यवहारलाई सीमा राख्ने लक्ष्य राख्नुपर्छ ।

अमेरिकाले आफ्नै आर्थिक र प्राविधिक लाभलाई थप सबल बनाउन पनि सक्रिय एसियाली व्यापार नीति अपनाउनुपर्छ । यस क्रममा उसले चीनतर्फ लोभिरहेका न्यून तथा मध्यम आय भएका देशहरूलाई सहायता प्रदान गर्नु बुद्धिमानी हुनेछ । विश्वव्यापी सर्वेक्षणले अमेरिकाले यदि उसको घरेलु खुलापन र लोकतान्त्रिक मूल्य-मान्यता कायम राख्यो भने ऊ चीनभन्दा धेरै लोकप्रिय हुने देखाएको छ । अमेरिकाले उसको सैन्य प्रतिरोधात्मक शक्तिमा गरेको लगानीलाई चीनसँग व्यापार सम्बन्ध कायम राख्न चाहने तर उसको प्रभुत्व नचाहने कैयौं देशले स्वागत गरेका छन् । अमेरिकाले आफ्नो गठबन्धन जोगाइराख्यो र दानवीकरण तथा गलत ऐतिहासिक तुलनालाई बेवास्ता गऱ्यो भने चीनसँगको 'सहकार्यात्मक प्रतिस्पर्धा' दिगो लक्ष्य बन्नेछ ।

- प्रोजेक्ट सिन्डिकेटबाट

इतिहासमा आज

अक्टोबर १५



सन् १९९० : मिखाइल गोर्भाचेभलाई नोबेल शान्ति पुरस्कार । सोभियत संघका तत्कालीन राष्ट्रपतिले शीतयुद्धको समयमा तनाव कम गर्नमा उनको भूमिकाका लागि नर्वेली नोबेल समितिले उक्त प्रतिष्ठित पुरस्कारले सम्मान गऱ्यो ।

सन् १९६४ : निकिता ख्रुस्चेभको स्थानमा लियोनिद ब्रेज्नेभ सोभियत संघको नेतामा नियुक्त ।

सन् १९८७ : बुर्किना फासोका तत्कालीन राष्ट्रपति थोमस संकाराको हत्या । ब्लेज कम्पाओरेको नेतृत्वमा भएको कुका क्रममा पूर्वराष्ट्रपति संकारा मारिएका थिए ।

सन् २००३ : चीनको पहिलो मानव अन्तरिक्ष उडान मिसन सुरु । उत्तरी चीनको गोबी मरुभूमिको बीचमा रहेको जिउक्वान स्याटेलाइट प्रक्षेपण केन्द्रबाट प्रक्षेपण गरिएको मिसनले चिनियाँहरूलाई मानव अन्तरिक्ष उडान हासिल गरेका देशहरूको विशेष क्लबमा सामेल गरायो ।

सन् २०११ : 'विश्व प्रजातन्त्रका लागि एकजुट' भन्ने नाराका साथ विश्वभरका देशमा विरोध प्रदर्शन ।

विश्व संक्षेप

भारत र श्रीलंकाबीच ४० वर्षपछि डुंगा सेवा पुनः सञ्चालन

नयाँदिल्ली / भारत र श्रीलंकाले ४० वर्षपछि डुंगा सेवा शनिबारदेखि पुनः सञ्चालन गरेका छन् । भारतको तमिलनाडु राज्यको पूर्वीतटमा रहेको नागापट्टिनम र श्रीलंकाको उत्तरी प्रान्तको जाफनानजिकै कान्केसानथुराइबीच यो सेवा सुरु गरिएको हो । भारतका बन्दरगाह, पानीजहाज तथा जलमार्गमन्त्री सर्वानन्द सोनोवालले नागापट्टिनम बन्दरगाहमा सेवा सञ्चालन खुला भएको संकेतस्वरूप डुंगालाई हरियो झन्डा देखाएर डुंगामा आएका यात्रीलाई स्वागत गरेका थिए । भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीले भर्चुअल माध्यमबाट उद्घाटन समारोहलाई सम्बोधन गर्दै श्रीलंकाका राष्ट्रपति, सरकार र त्यहाँका जनतालाई नौकासेवाको सफल शुभारम्भका लागि धन्यवाद दिएका थिए । उनले भारतको रामेश्वरम र श्रीलंकाको तलैमन्नारबीच नौका सेवा पुनः सञ्चालन गर्ने दिशामा काम गर्नेबारे पनि चर्चा गरे । सिपिङ कर्पोरेसन अफ इन्डियाले सञ्चालन गरेको उच्च गतिको डुंगाको क्षमता १५० यात्रु रहेको छ । नागपट्टिनम र कान्केसानथुराइबीचको करिब ६० नटिकल माइल (११० किलोमिटर) को दूरी समुद्रको अवस्थाअनुसार करिब ३.५ घन्टामा पूरा हुने अधिकारीहरूले बताएका छन् ।

प्यालेस्टाइनीले गाजा छाड्न थाले



गाजा सहर / इजराइली प्रतिरक्षा फौज (आइडिएफ) का प्रवक्ता लेफ्टिनेन्ट कर्णेल जोनाथन कनरिकसले गाजापट्टीका जनता गाजा छाडेर दक्षिणतर्फ जान थालेको बताएका छन् । उनले इजरायली सेनाको चेतावनी प्यालेस्टाइनीले सुनेको बताए । 'हामीले प्यालेस्टाइनी नागरिक उल्लेखनीय रूपमा दक्षिणतिर जान सुरु गरेको देखेका छौं, हाम्रो चेतावनीलाई सर्वसाधारणले सुनिरहेको देखेका छौं, उनीहरूले चलाखीपूर्वक काम गरिरहेका छन्, खतरनाक क्षेत्रबाट बाहिर निस्किरहेका छन् र उनीहरूको परिवारका लागि यो सही हो भन्ने बुझेका छन्,' उनले भने । शुक्रबार इजरायली सेनाले गाजा सहरबाट बाहिर निस्कन सर्वसाधारणलाई आह्वान गरेको थियो । आइडिएफले युद्धमा सर्वसाधारण प्रभावित नहोऊन् भन्ने चाहना व्यक्त गरेको थियो । आइडिएफले हमास र उसका सैन्य पूर्वाधारमा हमला गर्न गइरहेको बताएको थियो । यसैबीच, गाजा सहरमा इजरायली हमलामा मर्नेहरूको संख्या सात सय २४ बालबालिकासहित कम्तीमा दुई हजार दुई सय १५ पुगेको प्यालेस्टाइनी अधीनस्थ क्षेत्रको हमास नियन्त्रित स्वास्थ्य मन्त्रालयले शनिबार बताएको छ । मन्त्रालयले हमलामा मारिनेहरूमा चार सय ५८ महिला रहेको जनाएको छ । हमलामा आठ हजार सात सय १४ जना घाइते भएका छन् ।

अफ्रिकीहरूले लोकतन्त्रमाथिको विश्वास किन गुमाइरहेका छन् ?

अफ्रिकी मुलुकका नौजना नेता २० वर्षभन्दा बढी समयदेखि सत्तामा छन्

अफ्रिकामा केही गडबडी भएको छ । राज्यमाथि नियन्त्रणका लागि दुई प्रभावशाली युद्ध सरदारहरू भिड्दा सुडान लुटमारमा फसेको छ । डार्फरमा फेरि नरसंहार सुरु भएको छ । एउटा युद्ध सरदारप्रति बफादार लडाकाले अर्को जातीय समूहका फेला परेजति पुरुषको हत्या गरिरहेका छन् । यहाँसम्म कि आमाहरूले पिठ्युँमा बोकेका बालकहरूलाई समेत गोली हानेका छन् । इथियोपियामा एउटा गृहयुद्ध अन्त्य नहुँदै अर्को नयाँ गृहयुद्ध सुरु भइहाल्छ । साहेलभर जिहादीहरूको आतंक छ । सैनिकहरूले चाहिँ शान्ति कायम गर्ने वाचा गर्दै सत्ताकब्जा गरिरहेका छन् । अहिले तपाईं एट्लान्टिकदेखि लालसागरसम्मको अफ्रिकाको सबैभन्दा फराकिलो भागको यात्रा विगत तीन वर्षमा कुनै भोगेका देशमाथि टेकेर पूरा गर्न सक्नुहुन्छ ।



यो क्षेत्रमा कुनै आम हुँदै जानुको एउटा कारण के हो भने अधिकांश अफ्रिकीले लोकतन्त्रमाथिको विश्वास गुमाइसकेका छन् । सर्वेक्षणकर्ता अफ्रोब्यारोमिटरका अनुसार सन् ०१२ मा लोकतन्त्रलाई प्राथमिकता दिनेको संख्या ७५ प्रतिशत रहेकोमा त्यो ६६ प्रतिशतमा झरेको छ । हुन त यो आँकडा पनि ठोस बहुमत लाग्न सक्छ, तर ५३ प्रतिशतले गैरसैन्य नेताहरूले आफ्नो शक्तिको दुरुपयोग गरेमा कुनै वैध हुने बताउँछन् (अक्सर नागरिक नेताहरूले शक्तिको दुरुपयोग गर्ने गरेका छन्) । विश्वकै सबैभन्दा उदार संविधान रहेको दक्षिण अफ्रिकामा ७२ प्रतिशत उत्तरदाताले गैरनिर्वाचित नेताले मुलुकमा अपराध घटाउन र आवास एवं रोजगारी बढाउन सकेमा चुनाव त्याग्न तयार हुने बताएका छन् ।

कुनै गर्ने सैन्य नेताहरूको छातीमा जति धेरै पदक छन्, लोकतन्त्रप्रतिको बढ्दो मोहभंगका कारण पनि उत्तिकै धेरै छन् । आफूलाई लोकतान्त्रिक दाबी गर्ने वर्तमान सरकारले न त समृद्धि ल्याएका छन्, न त सुरक्षा नै । सब-सहारा अफ्रिकाको गत वर्षको प्रतिव्यक्ति आय १० वर्षपहिलेको भन्दा पनि कम थियो । सन् १९८९ यता पहिलोपटक सानातिना द्वन्द्वमा समेत पहिलेभन्दा धेरै मानिसको मृत्यु भइरहेको छ । नाइजेरियामा पूरै विद्यालय अपहरणमा परेका छन् । जब मानिसहरू आफ्नो जीवनमा सुधार हुने आशा गुमाउँछन्, उनीहरू परिवर्तनका लागि अधीर हुन्छन्, तब कुनै गृहयुद्धको खतरा तीव्र रूपमा बढ्छ ।

अर्को समस्या के भने, अफ्रिकाका तथाकथित लोकतन्त्रहरू नाम मात्रका छन् । शीतयुद्धको अन्त्यपछि अधिकांश अफ्रिकी मुलुकले बहुदलीय प्रजातन्त्र अँगालेका थिए । केन्या र जाम्बियाजस्ता केही देशमा अझै पनि मतदाताको इसारामा शान्तिपूर्ण रूपमा सत्ता परिवर्तन हुँदै छ । तर, अन्य थुप्रै ठाउँमा शासकले विपक्षीलाई चुनावमा भागसम्म लिन त अनुमति दिन्छन्, तर तिनले नजिते सुनिश्चित गर्न मतदाता नामावलीमा छेडछाड गर्नेदेखि मिडियाको घाँटी थिच्नेसम्मका हजारौं सावधानी अपनाउँछन् । अफ्रिकी मुलुकका नौजना नेता २० वर्षभन्दा बढी समयदेखि सत्तामा छन् । लोकतन्त्रको लाखेनाच देखेका जनताले लोकतन्त्रलाई समर्थन गर्ने अपेक्षा गर्न सकिन्न ।

यसबीच, निरंकुशतासँग भूराजनीति मित्रतापूर्ण भएको छ । यदि पश्चिमले अफ्रिकी जुन्ताहरूलाई हतियार वा ऋण बन्द गरिदिए भने चीन र रुस त्यो ठाउँ लिन तम्तयार छन् । टर्की र संयुक्त अरब इमिरेट्सजस्ता हस्तक्षेपकारी शक्ति पनि छन् । यही कारण चाडको कुर कंगोमा भएको निर्वाचनको धाँधलीप्रति पश्चिमा सरकारले आँखा चिम्लने काम गरेका छन् । उनीहरूको यो पाखण्डले लोकतान्त्रिक मूल्य-मान्यतालाई कमजोर पार्छ ।

विश्वमा अफ्रिका मात्र होइन, जहाँ लोकतन्त्रप्रति वितृष्ण फैलिरहेको छ । गत वर्ष पियू सर्वेक्षणमा ६२ प्रतिशत अमेरिकी र ५६ प्रतिशत फ्रान्सेलीले आफ्नो देशको लोकतन्त्रप्रति सन्तुष्ट नभएको बताएका थिए । युवा अमेरिकीमध्ये लगभग २० प्रतिशतले तानाशाही नै उत्तम हुन्छ भन्ने ठान्छन् । तर, अफ्रिका र पश्चिमबीचको ठूलो भिन्नता के हो भने पश्चिमका परिपक्व संस्थाहरूले कुलाई लगभग असम्भव बनाउँछ । अफ्रिकाको अधिकांश भागमा सेना र तिनका सहयोगी लोकतन्त्रलाई नियन्त्रण गर्न तयार छन् ।

एकपटक बन्दुक बोकेका मानिसले सत्ता लिइसकेपछि उनीहरूलाई हटाउन गाह्रो हुन्छ । उनीहरूले निर्वाचनलाई अनिश्चितकालसम्म स्थगित गर्छन् । कार्यकारी शक्तिमाथिको बचेखुचेको लगामसमेत हटाउँछन् । उनीहरूको शासन असाध्यै क्रूर हुन्छ । अझ कुलाई स्वागत गर्नेहरूको भिड छ भने उनीहरू थप प्रोत्साहित गर्नेछ । गिनीका राष्ट्रपतिले सन् १९७९ मा सत्ताकब्जा गरेका थिए । उनी अहिले पनि पदमा छन् र सम्भवतः उनको विलासिताप्रेमी छोरा उनको उत्तराधिकारी हुन सक्छ । निरंकुशतामा सच्चा लोकतन्त्रमा अन्तर्निहित हुने सुधार संयन्त्रको अभाव हुन्छ । लोकतन्त्रमा सरकारहरू राम्रो भएनन् भने मतदाताले उनीहरूलाई बर्खास्त गर्न सक्छन् । अधिकांश अफ्रिकी देशले जातीय तनाव र क्षेत्रीय विवादलाई बढावा दिएका छन् । कुर तानाशाहीले सुडानमा जस्तै अक्सर युद्ध निम्त्याउँछ ।

> अफ्रिका एक मात्र यस्तो महादेश हो, जहाँ तीव्र गतिमा जनसंख्या वृद्धि भइरहेको छ । सन् २०३० सम्ममा काम गर्ने उमेर पुगेका तीनमध्ये एकजना अफ्रिकाका हुनेछन् । अफ्रिका कमजोर रह्यो भने जलवायु परिवर्तनदेखि महामारीसम्म मानवताका ठूला चुनौतीको सामना गर्न कठिन हुनेछ ।

अफ्रिकालाई लोकतन्त्रको मार्गमा ल्याउनु सजिलो हुनेछैन । तर, यो अफ्रिकीहरूको पहिलो र सबैभन्दा महत्त्वपूर्ण काम हो । क्षेत्रीय निकाय अफ्रिकन युनियनले फेरि एकपटक आफ्नो पुरानो 'नो-कु'को नीतिलाई गम्भीरतापूर्वक लिनुपर्छ र कुबाट सत्ता हत्याएकाहरूलाई बहिष्कृत गर्नुपर्छ । अझ महत्त्वपूर्ण त के भने आफूलाई प्रजातान्त्रिक दाबी गर्ने अफ्रिकी सरकारले भ्रष्टाचार नियन्त्रण गरेर, विकासलाई बढावा दिएर र विपक्षीलाई नियन्त्रण गर्ने आफ्नो चाहनालाई दबाएर सुशासन कायम गर्नुपर्नेछ । विश्व बैंकका अनुसार अफ्रिकी कन्टिनेन्टल फ्री ट्रेड एरिया लागू गर्दा व्यापारका अवरोध हटेर सन् ०३५ सम्ममा आम्दानीलाई नौ प्रतिशतले बढाउन सकिनेछ । तर, यसका सदस्य एकले अर्काको खुट्टा तानिरहेका छन् । यसमा धनी देशहरूले सहयोग गर्न सक्छन् । उनीहरूले अफ्रिकाको अस्थिर ऋणको पुनर्संरचना गर्दै अगाडि बढ्नुपर्छ । जलवायु परिवर्तनसँग जुझिरहेका गरिब देशलाई सहयोग गर्न वार्षिक एक खर्ब डलर खर्च गर्ने लामो समयदेखिको र अधुरो वाचा पूरा गर्नुपर्छ । विश्व बैंक र अन्तर्राष्ट्रिय मुद्रा कोषले लगानीमा मद्दत गर्न सक्छन् । पश्चिमले धेरैभन्दा धेरै अफ्रिकी आप्रवासीलाई अध्ययन र कामका लागि स्वागत गर्नु राम्रो हुनेछ ।

उनीहरूमध्ये कोही उपयोगी सीप लिएर घर फर्कनेछन् भने केहीले आफन्तलाई शिक्षित गर्न वा नयाँ व्यवसाय सुरु गर्न पैसा पठाउनेछन् । बेलायत र फ्रान्सजस्ता पूर्वऔपनिवेशिक शक्तिभन्दा बढी लोकप्रिय रहेको अमेरिकाले अफ्रिकी सुरक्षामा सुधार गर्न जिहादी र अन्य विद्रोहीसँग लडिरहेका वैध शक्तिहरूलाई प्रशिक्षण र हतियार दिन सक्छ । युरोपियन युनियनले अफ्रिकी नेतृत्वको शान्ति मिसन (जस्तै सोमालियाको शान्ति मिसन)को आर्थिक सहयोगलाई कायम राख्नुपर्छ, कटौती गर्नुहुँदैन ।

मानवताको काखदेखि विश्वराजनीतिको केन्द्रसम्म : अफ्रिकाको प्रगतिको कामना गर्नुको मुख्य कारण अफ्रिकीहरूलाई फाइदा पुऱ्याउनु हो । तर, यो समृद्धिको हिस्सा बाँकी संसारले पनि पाउँछ । अहिले, अफ्रिका एक मात्र यस्तो महादेश हो, जहाँ तीव्र गतिमा जनसंख्या वृद्धि भइरहेको छ । सन् ०३० सम्ममा काम गर्ने उमेर पुगेका तीनमध्ये एकजना अफ्रिकाका हुनेछन् । यदि अफ्रिका कमजोर रह्यो भने जलवायु परिवर्तनदेखि महामारीसम्म मानवताका ठूला चुनौतीको सामना गर्न कठिन हुनेछ । लोकतान्त्रिक अफ्रिका समृद्ध र शान्तिपूर्ण हुनेछ भन्ने कुराको ग्यारेन्टी गर्न त सकिँदैन, तर निरंकुश र सेनापतिहरूले शासन गरेको अफ्रिका समृद्ध र शान्तिपूर्ण हुनेछैन भन्ने कुराको भने ग्यारेन्टी गर्न सकिन्छ ।

- द इकोनोमिस्ट

वैदेशिक रोजगारी र रेमिट्यान्सको सदुपयोग

वैदेशिक रोजगारीबाट फर्किंदा युवा रित्तो हात हुनुपर्ने र साथमा बचत नभएपछि पुनः फर्कने परिपाटी छ, यसलाई रोक्न सरकारले प्रभावकारी योजना बनाउनुपर्छ



अर्थ संवाद

● राजेन्द्रकुमार शर्मा

विश्व बैंकको 'विश्व विकास रिपोर्ट-२०२३' का अनुसार विश्वमा १८ करोड ४० लाख आप्रवासी नागरिक छन् । यो संख्या वैश्विक जनसंख्याको २.३ प्रतिशत हो । कुल आप्रवासी नागरिकमध्ये ३ करोड ७० लाख शरणार्थी छन् । आप्रवासी नागरिकमध्ये ४३ प्रतिशत न्यून आय र मध्यमवर्गीय मुलुकमा बस्छन् । ४० प्रतिशत (६ लाख ४० हजार) आप्रवासी र एक करोड शरणार्थी उच्च आम्दानी भएको मुलुकमा बस्छन् । १ करोड १० लाख युरोपियन नागरिक अन्य युरोपियन मुलुकमा बस्छन् । करिब ३ करोड १० लाख आर्थिक आप्रवासी (१७ प्रतिशत) मध्यपूर्वका मुलुकमा बस्ने गरेको विश्व बैंकको प्रतिवेदनले देखाउँछ ।

इन्टरनेसनल अर्गनाइजेसन अफ माइग्रेसनको अन्तर्राष्ट्रिय माइग्रेसन २०२२ प्रतिवेदनअनुसार विश्वमा २८ करोड १० लाख आप्रवासी नागरिक छन् । यो भनेको विश्व जनसंख्याको ३.६ प्रतिशत हो । जसमा १३ करोड ५० लाख (३.५) महिला छन् । १४ करोड ६० लाख (३.७ प्रतिशत) पुरुष छन् । त्यस्तै, आइएमओको प्रतिवेदनअनुसार विश्वमा आप्रवासी श्रमिकको संख्या १६ करोड ९० लाख छ । २६ करोड ४० लाख शरणार्थी छन् । ४१ लाख असाइलम छन् भने ३९ लाख नागरिक विस्थापित छन् । प्रतिवेदनअनुसार आप्रवासीका लागि मुख्य गन्तव्य मुलुकमध्ये अमेरिका, जर्मनी, साउदी अरब, रसिया, वेलायत, फ्रान्स, क्यनडा र अस्ट्रेलिया हुन् भने आप्रवासीको स्रोत मुख्य मुलुकमध्ये भारत, मेक्सिको, रसिया, चीन, सिरिया, बंगलादेश, पाकिस्तान, युक्रेन, फिलिपिन्स, अफगानिस्तान, भेनेजुएला, पोल्यान्ड, वेलायत, इन्डोनेसिया, काजकिस्तान, प्यालेस्टाइन, रोमानिया, जर्मनी, म्यानमार र इजिप्ट हुन् ।

एक स्थानबाट अर्को स्थानमा निश्चित अवधिका लागि वा सधैंका लागि बसाइँ सर्ने प्रक्रिया नै आप्रवासन भनिन्छ । आप्रवासनका विभिन्न कारण हुन्छन् । जबरजस्ती आप्रवासन, आर्थिक आप्रवासन, आन्तरिक आप्रवासन, ग्रामीण भेगबाट सहरमा आप्रवासन, क्षेत्रीय आप्रवासन, अन्तर्राष्ट्रिय आप्रवासन, मौसमी आप्रवासन, वातावरणीय आप्रवासन र शरणार्थी आप्रवासन ।

अवसरको खोजीमा वैदेशिक रोजगारी : विश्वको कुनै पनि स्थानमा रहेका बेरोजगार श्रमशक्ति विश्वको अर्को स्थान वा मुलुकमा गएर रोजगारी गर्ने अवस्थालाई वैदेशिक रोजगार भनिन्छ । वैदेशिक रोजगार ऐनमा एक मुलुकको श्रम बजारको श्रमशक्ति अर्को मुलुकको श्रमबजारमा व्यवस्थित रूपमा रोजगार गर्नलाई वैदेशिक रोजगार भनिएको छ । वैदेशिक रोजगारलाई अस्थायी बसाइँसराइ पनि भनिन्छ । आफ्नै मुलुकमा अवसरको अभाव भएपछि मानिसहरू एक मुलुकबाट अर्को मुलुकमा अवसरको खोजीमा पनि जान्छन् । नेपालका हकमा वैदेशिक रोजगारीको परम्परा धेरै पुरानो हो । तर, कहिलेदेखि नेपाली विदेशमा काम गर्न जान थाले भन्ने यकिन तथ्यांक भने कहीं कतै भेटिँदैन । तथापि, १९औँ शताब्दीतिर नेपालबाट पहिलोपल्ट भारतको तत्कालीन 'लाहोर' त्यहाँको शिख शासक रन्जित सिंहको सुरक्षाका लागि सेनामा भर्ती हुन थालेपछि लाहोर शब्द प्रचलनमा आउन थालेको इतिहासमा भेटिन्छ । त्यसपछि बिस्तारै नेपालबाट पैसा कमाउनका लागि बिदेसिनेहरूलाई लाहुरे भन्न थालियो ।

त्यस्तै, ब्रिटिसहरूले सन् १८१६ को सुगौली सन्धिअनुरूप तीनवटा रेजिमेन्ट स्थापना गरी ती रेजिमेन्टलाई लाहोरमा राखेका थिए । ती रेजिमेन्टमा अधिकांश नेपालीलाई नै भर्ना गरिन्थ्यो । यसरी लाहोर जाने नेपालीसँग उनीहरूका परिवारका अन्य सदस्य पनि सँगै जाने र त्यहाँको होटेल, कारखानामा काम गर्न थाले । त्यसवेलाको नेपाली पहिचान नेपालभन्दा गोर्खा नामले बढी चिनिने भएकाले लाहोरमा उनीहरू गोर्खालीका नामले चिनिन थाले । नेपालमा ती रोजगारीका लागि विदेश जाने-आउने नेपालीलाई लाहुरे भन्न थालियो । पछि बिस्तारै नेपालीलाई ब्रिटिस आर्मीमा पनि लिन थालियो ।

०४६ सालपछि नेपाली रोजगारीकै लागि मध्यपूर्व, मलेसिया, जापान र कोरिया जान थाले । नेपालमा काम गरेर पाउने भुक्तानीभन्दा विदेशमा पाउने भुक्तानी अधिक हुन थालेपछि नेपाली युवा विदेशतर्फ आकर्षित हुन थाले । योसँगै नेपाल सरकारले वैदेशिक रोजगारीलाई व्यवस्थित गर्नुपर्छ भन्ने मनसायसहित अहिले विश्वका १११ वटा मुलुकमा संस्थागत रूपमा जान सकिने व्यवस्था गरेको छ भने १६८ वटा मुलुकमा नेपाली युवा व्यक्तिगत श्रम स्वीकृति लिएर जान पाउँछन् । सरकारले ११ वटा मुलुकसँग श्रम सम्झौता गरेको छ भने हालै रोमानिया र जर्मनीसँग पनि श्रम सम्झौता गरेको छ ।

वैदेशिक रोजगार विभागको तथ्यांकअनुसार गत आर्थिक वर्ष ०७९/८० मा वैदेशिक रोजगारीका लागि कुल सात लाख ७१ हजार ३२७ जनाले श्रम स्वीकृति लिए । वैदेशिक रोजगारीमा जानेमध्ये ७० प्रतिशतभन्दा बढी नेपाली युवा मध्यपूर्वका मुलुक र मलेसिया जाने गरेको विभागको तथ्यांकमा छ ।

मुलुकलाई रेमिट्यान्सको टेको : विगत पाँच वर्षको अवधि मात्रै नेपालमा ४९ खर्ब २१ अर्ब रुपैयाँ रेमिट्यान्स नेपाल भित्रिएको छ । नेपाल राष्ट्र बैंकको तथ्यांकअनुसार आव ०७९/८० मा १२ खर्ब २० अर्ब ५६ करोड रेमिट्यान्स नेपाल भित्रियो । वैदेशिक रोजगार प्रवर्द्धन बोर्डको तथ्यांकअनुसार आव ०७८/७९ मा नौ खर्ब ८६ अर्ब रुपैयाँ रेमिट्यान्स भित्रिएको थियो । आव ०७७/७८ मा नौ खर्ब ६१ अर्ब रुपैयाँ भित्रियो । आव ०७६/७७ मा आठ खर्ब ७५ अर्ब, आव ०७५/७६ मा आठ खर्ब ७९ अर्ब रुपैयाँ नेपाल भित्रिएको छ ।

विगतका वर्षको तुलनामा रेमिट्यान्स आप्रवाहको क्रम पनि बढेको छ । योसँगै नेपालको गार्हस्थ्य उत्पादनमा रेमिट्यान्स हिस्सा बढेर ३० प्रतिशत पुगेको छ । नेपाललाई अन्तर्राष्ट्रिय दातृ निकाय तथा मित्रराष्ट्रहरूले प्रदान गर्ने विकास अनुदान तथा नेपाल भित्रिने प्रत्यक्ष वैदेशिक लगानीको तुलनामा रेमिट्यान्स आप्रवाह अधिक छ । त्यसैले हालको अवस्थामा रेमिट्यान्स नेपालको विदेशी विनिमय सञ्चितिको प्रमुख आधार हो । यस अर्थमा पनि रेमिट्यान्स नेपालको अर्थतन्त्रको महत्वपूर्ण आधारका रूपमा रहेको छ ।

राष्ट्र बैंकले गरेको एक अध्ययनअनुसार रेमिट्यान्स प्राप्त गर्ने घरपरिवारको कुल आम्दानीको ३१ प्रतिशत हिस्सा रेमिट्यान्सले ओगटेको छ । प्राप्त रेमिट्यान्समध्ये ७८ दशमलव ९ प्रतशत घरायसी उपभोगमा, ७ दशमलव १ प्रतिशत ऋण तिर्न, ३ दशमलव ५ प्रतिशत शिक्षामा, ४ दशमलव ५ प्रतिशत घरायसी सम्पत्तिमा खर्च र शून्य दशमलव ६ प्रतिशत मात्रै बचत हुने गरेको देखिएको छ । यसका साथै वैदेशिक रोजगार बोर्डले गरेको एक अध्ययनले प्राप्त रेमिट्यान्समध्ये १६ दशमलव १ प्रतिशत रकम घरमा हुने दैनिक खर्च भएको पाइएको थियो । १५ दशमलव ५ प्रतिशत रकम औषधि उपचार, १४ दशमलव ६ प्रतिशत रकम विदेश जाँदा लिएको ऋण भुक्तानी, १३ दशमलव ६ प्रतिशतले पढाइ, ९ प्रतिशतले विवाह, सुन किनेको, तालिम लिएको, ७ दशमलव ३ प्रतिशत अन्य ऋण भुक्तानी, ५ दशमलव ७ प्रतिशतले बचत गरेको, ४ दशमलव ८ प्रतिशत घरायसी सामान खरिद गरेको, ३ दशमलव ९ प्रतिशत नयाँ घर बनाएको, ३ दशमलव ९ प्रतिशत जग्गा किनेको, ३ दशमलव ७ प्रतिशत घर मर्मत र १ प्रतिशत रकम मात्रै लगानी भइरहेको देखाएको छ ।

माथिका तथ्य र तथ्यांकले नेपाली युवाको लागि वैदेशिक रोजगारी बाध्यकारी श्रम हो भनेर प्रस्ट पार्छ । तथापि, वैदेशिक रोजगारीले मुलुकभित्र रेमिट्यान्स आप्रवाह भने वृद्धि भएको छ । रेमिट्यान्स एकातिर गरिबी न्यूनीकरणमा सहयोग पुगेको छ भने मुलुकको अर्थतन्त्रलाई सन्तुलित बनाउन उत्तिकै भूमिका खेलेको छ । साथै, वैदेशिक रोजगारीबाट फर्केका युवाले साथमा ल्याएको सीप र चेतनाले नेपाली युवामा कामप्रतिको सम्मान, स्वास्थ्य र शिक्षाको महत्व र सन्तुलित आहारको चेतना भएको पनि बोर्डको तथ्यांकले देखाएको छ ।

तर, वैदेशिक रोजगारी कुनै पनि मुलुकको विकासका लागि उचित विकल्प भने हैन । वैदेशिक रोजगारीका कारणले रेमिट्यान्स आप्रवाहले धानिएको अर्थतन्त्र कुनै पनि समय जोखिममा पर्न सक्छ । यसको उदाहरण हामीले कोभिड महाकारीको समयमा देखिसकेका छौं ।

नेपालमा भारतबाट पनि उत्तिकै रेमिट्यान्स भित्रिन्छ । तर, भारतको अर्थतन्त्रको असर नेपालमा पनि पर्छ । कारण रेमिट्यान्स पनि हो । त्यस्तै, खाडी मुलुकहरूको आर्थिक वृद्धि त्यहाँको पेट्रोलियम पदार्थमा आउने मूल्यको उतारचढावले तलमाथि हुन्छ । कुनै कारण मूल्य घट्न गएमा उनीहरूको आर्थिक वृद्धिदर पनि घट्छ । यस्तो वेलामा कुनै पनि मुलुकले सबैभन्दा पहिले आप्रवासी श्रमिक नै कटौती गर्छन् । त्यसैले यो दीर्घकालीन विकल्प भने हैन । त्यसैले हाल प्राप्त भइरहेको विप्रेषणको उचित सदुपयोग र मुलुकभित्र रोजगारी सिर्जनामा सरकारले समयमा नै सचेत हुनुपर्नेछ ।



> वैदेशिक रोजगारी कुनै पनि मुलुकको विकासका लागि उचित विकल्पचाहिँ होइन । यसकै कारणबाट रेमिट्यान्स आप्रवाहले धानिएको अर्थतन्त्र कुनै पनि समय जोखिममा पर्न सक्छ । यसको उदाहरण कोभिड महामारीका वेला देखिसकेका छौं ।

रोजगारी सिर्जनामा एनआरएनएको सहकार्य : वैदेशिक रोजगारीबाट नेपाल भित्रिएको रेमिट्यान्स बढी उपभोग्य वस्तुमा नै खर्च भएको विभिन्न सरकारी तथ्यांकले देखाएको छ । त्यसैले वैदेशिक रोजगारीबाट फर्केका युवा नेपाल आउँदा रित्तो हात हुनुपर्ने अवस्था छ । साथमा बचत पनि नहुने हुँदा युवाहरू पुनः वैदेशिक रोजगारीमा नै फर्कने परिपाटी छ । त्यसैले सरकारले यस विषयमा तत्काल कुनै योजना बनाउनु अपरिहार्य छ । उसो त सरकारले वैदेशिक रोजगारीबाट फर्केका युवाको पुनर्स्थापना गर्ने योजनासहित निर्देशिका पनि जारी गरेको छ । तर, प्रतिवर्ष बिदेसिने युवाको संख्या भने बढ्दै गएको छ । तसर्थ, नेपाली युवालाई मुलुकभित्रै रोक्न र रेमिट्यान्सको उचित प्रयोगका लागि नेपाल सरकार तथा गैरआवासीय नेपाली संघले सहकार्य गर्नुपर्छ । यसका लागि विदेशमा आर्जेको ज्ञान, सीप र पुँजीलाई राष्ट्र विकासमा परिचालन गर्न नेपाल सरकारका सम्बन्धित मन्त्रालयहरूमा एनआरएनए समन्वय विभागको छुट्टै व्यवस्था गर्नुपर्छ । साथै, विदेशबाट फर्केका युवालाई योग्यता, सीप तथा रुचिका आधारमा सरोकारवाला निकायहरूसँग समन्वय गरी स्वदेशमै स्वरोजगार हुने व्यवस्था मिलाउनुपर्छ । त्यसका लागि केन्द्रीकृत रूपमा डाटा बैंक स्थापना गर्नुपर्छ । फर्केका युवाहरूको सीप र रुचिको रेकर्ड राख्ने र आन्तरिक रोजगारको मागको पनि तथ्यांक राख्नुपर्नेछ । विदेशबाट फर्केर उद्यम गर्नेलाई सहज रूपमा कर्जा उपलब्ध गराउने व्यवस्था गर्नुपर्छ । कम्तीमा ५० लाख रुपैयाँसम्मका कर्जा परियोजना धितोका आधारमा मात्र उपलब्ध गराउने व्यवस्था गर्नुपर्छ । त्यस्तै, नेपाली युवालाई देशभित्र राखिराख्नका लागि उचित पारिश्रमिकको पनि व्यवस्था गर्नुपर्छ । यसका लागि स्वदेशी श्रमिकलाई तुलनात्मक रूपमा बढी पारिश्रमिक दिने व्यवस्था गर्नुपर्छ ।

गैरआवासीय नेपाली अभियानले पनि देशभित्र नै रोजगारी पाउने वातावरण बनाउन काम गर्नुपर्नेछ । तत्कालै वैदेशिक रोजगारीमा जानेको संख्या घटिहाल्ने स्थिति छैन । त्यसैले, सरोकारवाला निकायसँग समन्वय गरी वैदेशिक रोजगारीमा जानेहरूलाई सीप सिकेर जान प्रोत्साहन गर्ने कार्यक्रम सञ्चालन गर्नुपर्छ । यसका लागि सम्बन्धित मुलुकका रोजगारदातासँग सहकार्य गरी मुलुकभित्रै तालिम केन्द्र सञ्चालन गर्न सकिन्छ । रोजगारदाताको मागबमोजिम नेपाली युवालाई मुलुकभित्रै सीप सिकाएर पठाउन सकिन्छ । यसो भएमा नेपाली युवाले दुःख पाउँदैनन् ।

त्यस्तै, वैदेशिक रोजगारीमा जाने सबै कामदारलाई अनिवार्य सामाजिक सुरक्षा कोषमा जोड्नुपर्ने र सामाजिक सुरक्षा कोषमा योगदान गर्नुपर्ने रकम रोजगारदाताबाट नै भुक्तानी गर्नुपर्ने वातावरण बनाउन एनरआरएनएले अहम् भूमिका खेल्नुपर्नेछ । भाषा र कानुनको अज्ञानताको कारण कानुनी समस्यामा परेका श्रमिकहरूलाई निःशुल्क कानुनी सेवा उपलब्ध गराउने व्यवस्था मिलाउन पहल गर्नुपर्छ । वैदेशिक रोजगारीको क्रममा मृत्युवरण गर्नुपरेका व्यक्तिको परिवारलाई दिने राहत रकमलाई बढाउने र उनीहरूका परिवारलाई देशभित्र रोजगारीका अवसर प्रदान गर्ने व्यवस्था गर्न सरोकारवाला निकायसँग समन्वय गर्नुपर्छ ।

यसका साथै सरकारले वित्तीय साक्षरता कार्यक्रम सञ्चालन गर्नुपर्नेछ । युवा विदेश जानुपूर्व नै रेमिट्यान्सको उचित व्यवस्थापनको बारेमा सिकाउनुपर्छ । त्यस्तै, सरकारले श्रमिकको छुट्टै कोष खडा गर्नुपर्नेछ । रेमिट्यान्सको निश्चित रकम सो कोषमा जम्मा गर्ने र सो कोषको रकमलाई ठूलो परियोजनामा लगानी गर्न सकिन्छ । यसो गर्दा युवाहरू विदेशबाट फर्किंदा उनीहरूको लगानी पनि सुरक्षित भइरहेको हुन्छ । जसबाट उनीहरूले आगामी योजना बनाउन सक्नेछन् ।

(शर्मा एनआरएनए अध्यक्षका उम्मेदवार हुन्)

रक्सौल–काठमाडौं र काठमाडौं–केरुङ रेलमार्गको उपलब्धि

क्रस हिमाल उत्तर-दक्षिण रेल्वेले विश्वको विशाल जनसंख्या र ठूलो रेल्वे सञ्जाल भएका देशसँग नेपाल पनि जोडिन सक्छ



● बद्रीप्रसाद खतिवडा

१५ साउन ०८० को नयाँ पत्रिकामा भारत सरकारले रक्सौल-काठमाडौं (खोकना) सम्मको रेलमार्गको डिपिआर मस्यौदा गत असार महिनामा नेपाल सरकारलाई हस्तान्तरण गरेको समाचार पढें । त्यसपछि थप अन्य जानकारी प्राप्तिका लागि नेपाल रेल विभाग कार्यालय पुगेर महानिर्देशक रोहितकुमार बिसुवालसँग भेट गर्दा उहाँबाट रेल्वे ट्र्याक अंकित सानो ह्यान्ड-आउट नक्सा प्राप्त भयो । रक्सौल-काठमाडौं रेलमार्गको लागत ३ खर्ब ८४ अर्ब रहने, लगानी उठाउन २१ वर्ष लाग्ने, लगानी प्रतिफल ४.८१ प्रतिशत, अर्थतन्त्रमा वार्षिक ६८ अर्ब योगदान पुग्ने उल्लेख छ । त्यसलाई अध्ययन गर्दा त्यसमा सुधारको धेरै खाँचो छ भन्ने निष्कर्षमा यो पंक्तिकार पुग्यो । अथवा, उक्त प्राप्त नक्साको विकल्पमा मैले सचेत नागरिकको हैसियतले आफ्नो अध्ययन-अनुभव र सिनियर इन्जियरसँगको संगतले आफूले जानेबुझेसम्म नेपाललाई दीर्घकालीन हित हुने गरी नक्साको रेखांकन कोर्नुपर्छ भन्ने लागेपछि सल्लाह सुझाव संकलन साथ नक्सा तयारीमा तल्लीन भएर लागें ।

भारतबाट प्राप्त रेलमार्गको नक्सामा कुल लम्बाइ १४०.७९ किमि लामो छ भने मैले रेखांकन गरेको नक्साको लम्बाइ रक्सौलदेखि चोभारसम्म कुल १०२.०६ किमि छ । अतः भारतबाट प्राप्त डिपिआर मस्यौदामाथि नेपालका सिनियर रेल्वेविज्ञबाट वा आजका युवा इन्जिनियरबाट सुझाव आउनुपर्थ्यो । त्यस्तो सम्भावना नदेखेपछि अप्राविधिक र असान्दर्भिक व्यक्तिले विकल्प नक्सांकन कोर्ने धृष्टता गरेको छु ।

भारतीय कोंकण रेल्वे कर्पोरेसनले तयार गरी बुझाएको उक्त डिपिआर र यो पंक्तिकारले कोरेको नक्सांकनबीचको तुलनात्मक अध्ययनका थप बुँदा यसै लेखमा प्रकाश पार्नेछ ।

यतिखेर सम्भावित रक्सौल-काठमाडौं-केरुङ क्रस हिमाल बहुदेशीय रेलमार्ग र साउथ हिमाल-साउथ एसियन क्रस बहुदेशीय, सुदूर पूर्वमा कम्बोडियादेखि बर्मा, उत्तर-पूर्वी भारतको गुहाटी, सिलगुढी हुँदै नेपाल तराईको समथरभूमिको पूर्व-पश्चिम बाटो हुँदै देहरादुन, दिल्लीको बाटो पश्चिममा खाडी देशको मक्का मदिना हुँदै इरानको राजधानी तेहरानसम्म अन्तिम गन्तव्य हुने गरी परिकल्पना गरी दीर्घकालीन अवधारणा राख्नुपर्छ, ताकि माथि वर्णित दुई ठूला रेल्वे योजनाबाट ट्रान्जिट देश नेपालले भरपूर लाभ लिन सक्छ ।

क्रस हिमाल उत्तर-दक्षिण रेल्वेले विश्वको विशाल जनसंख्या र ठूलो रेल्वे सञ्जाल भएका देशसँग जोडिन पुग्छ । भारतको घना जनसंख्या रहेको उत्तर प्रदेश, दिल्ली, पन्जाब, हरियाणा, उत्तराखण्ड र नेपालका जनताले भरपूर फाइदा लिन सक्छन् । त्यस्तै, चीनको तिब्बती सुक्खा पठार, गोभी मरभूमि र चीनको पश्चिमी सीमासँग जोडिएका अन्य देशसमेतलाई भारत, नेपालबाट ताजा मौसमी सागपात, फलफूललगायतका विभिन्न सामग्री निर्यात गरी भरपूर लाभ लिन सकिन्छ ।

आर्थिक दृष्टिले गरिबीको रेखा छिचोल्न नसकेको नेपालजस्तो अल्पविकसित मुलुकको सरकारले जनताको आँखामा छारो हाल्ने गरी प्रत्येक वर्षको बजेटमा पूर्व-पश्चिम रेलमार्ग निर्माणको शीर्षकमा २-४ करोड खेर फाल्नेजस्ता काम बन्द गर्नुपर्छ । अहिलेलाई भने रेखांकन गरेको नक्सा र भारतीय रेल्वे निर्माण कम्पनीले पेस गरेको डिपिआरबीचको सुधार गर्न आवश्यक देखिएका केही महत्वपूर्ण बुँदा यस प्रकार छन् :

१. यी दुई नक्साबीचको रेल्वे ट्र्याकको लम्बाइको अन्तर ३८.७३ किमि हुन आउँछ । भारतीय नक्सामा उत्तरी गन्तव्य खोकना उल्लेख छ । तर, चोभार डाँडाको भूमिगत सुरुङलाई रक्सौल र केरुङबाट आउने दुवै रेल्वेका लागि संयुक्त जक्सन हुनुपर्छ भन्ने मेरो राय छ ।

२. भारतीय नक्सामा पर्सा, बारा, रौतहट जिल्लाका उब्जाउ निजी भूमिबाट नक्सांकन गरेको हुँदा लामो यात्रा तय गर्नुपर्ने हुन्छ । सोबापत क्षतिपूर्तिको ठूलो रकम मुआब्जास्वरूप नेपालले व्यहोर्नुपर्ने हुन्छ र पुलपुलेसा पनि धेरै निर्माण गर्नुपर्ने हुँदा उक्त नक्सा धेरै बांगोटिंगो छ । जसले गर्दा यात्रा समय धेरै लामो हुन्छ । यो बहुदेशीय रेलमार्ग निर्माण मापदण्डविपरीत छ । आजको अन्तर्राष्ट्रिय प्रतिस्पर्धाको जमानामा सकेसम्म रेलमार्ग सीधा, छोटो हुनु लाभदायक छ ।



> दुई ठूला बहुदेशीय रक्सौल-काठमाडौं र काठमाडौं-केरुङ रेलमार्ग निर्माण भएमा विश्वभरका बौद्धमार्गीलाई लुम्बिनीको आकर्षण तथा हिन्दूलाई पशुपतिनाथ, जानकी मन्दिर, कैलाश मानसरोवरसँग जोड्न सकिन्छ

४) पाठक वर्गलाई तुलनात्मक अध्ययनका लागि दुवै नक्सा यसैसाथ संलग्न छ ।

५० को सुरुवाती दशकमा रक्सौल-काठमाडौं रेलमार्गको सम्भाव्य नक्सा तयार गर्न मेरो अगुवाइमा इन्जिनियरहरू वीरेन्द्र केशरी, शंकरनाथ रिमाल, सुधीर उपाध्याय र भूगर्भविद् कस्तुपमणि नेपालसमेतको टोलीले विभिन्न समयमा स्थलगत अवलोकन भ्रमण गरेको थियो । अवलोकन भ्रमणपछि तयार गरेको उक्त डबल ट्र्याक, ब्रोड गज, विद्युतीय रेलमार्गको नक्सांकनमा कुल लम्बाइ १३५ किमि थियो भने कुल लागत नेपाली रुपैयाँ १३ अर्ब थियो । यस कुल खर्चभित्र स्टेसन निर्माण, वर्कसप निर्माण साथै ६ महिनासम्मको प्रारम्भिक सञ्चालन खर्च र रेलको इन्जिन, रेलको डिब्बा खरिदसमेत समेटिएको थियो ।

उक्त रेल्वेको वातावरण प्रभाव रिपोर्टसमेत संलग्न गरी पाँच वर्षभित्र कार्य सम्पन्न हुने गरी सोको लिखित जानकारी ०५३ सालमा तत्कालीन प्रधानमन्त्री गिरिजाप्रसाद कोइरालालाई भेटेर बुझाएका थियौं । त्यसपछिका प्रधानमन्त्री र अर्थमन्त्री बाबुराम भट्टराईसमेतलाई उक्त मस्यौदा बुझाएका थियौं ।

सरकारलाई हाम्रो अनुरोध के थियो भने यो प्रोजेक्ट स्वयं सरकार आफैंले गरोस् वा बुट सिस्टमअनुसार निर्माण गराइयोस् । दुर्भाग्य ! हाम्रो अनुरोध कसैले सम्बोधन गरेनन् । यदि उक्त समयमा निर्माण सम्पन्न गरेको भए नेपालको मुहार फेरिन्थ्यो र हामी विपन्न मुलुकको हैसियतबाट विकसित मुलुकमा अद्यावधिक भएका हुने थियौं ।

माथि वर्णित आधुनिक सुविधासम्पन्न दुई ठूला बहुदेशीय रेलमार्गको निर्माणपछि विश्वभरका बौद्धमार्गीलाई लुम्बिनीको आकर्षण, हिन्दूहरूलाई पशुपतिनाथ, जानकी मन्दिर, कैलाश मानसरोवरलाई जोड्न सकिन्छ । साथै, मुस्लिम एवं क्रिस्चियन बन्धुहरूलाई नेपालजस्तो जातजाति, धर्म सम्प्रदायबीच अनुपम सद्भाव रहेको सुन्दर, शान्त देश नेपाल भूमिमा सबै किसिमका पर्यटकको घुइँचो लाग्ने बनाउन सकिन्छ ।

अर्थ ज्ञान

वस्तु विनिमय बजारसम्बन्धी ऐन, २०७४ बमोजिम धितोपत्र बोर्डका काम, कर्तव्य र अधिकार के छन् ?



वस्तु विनिमय बजारसम्बन्धी ऐन, २०७४ अनुसार बोर्डका देहायबमोजिमका काम, कर्तव्य र अधिकार रहेका छन् :

- वस्तु विनिमय बजार तथा वस्तु कारोबारको विकासमा सम्बन्धित विषयमा नेपाल सरकारलाई सुझाव दिने ।
- वस्तु विनिमय बजारको विकासका लागि दीर्घकालीन तथा अल्पकालीन योजना तथा नीति स्वीकृत गर्ने ।
- वस्तु विनिमय बजार सञ्चालनसम्बन्धी सम्भाव्यता अध्ययन गर्ने तथा यसमा कारोबार गर्न सकिने वस्तु तथा वस्तु करारको दर्ता गर्ने तथा अनुमतिपत्र प्राप्त संस्थाको काम कारबाहीको नियमन तथा अनुगमन गर्ने तथा अनुमतिपत्र प्राप्त संस्थाको विनियम स्वीकृत गर्ने ।
- वस्तु विनिमय बजारको विद्युतीय कारोबार प्रणालीमा कुनै समस्या देखिएमा वा सुधार गर्नुपर्ने देखिएमा त्यस्तो सुधार नगरेसम्मका लागि कारोबार स्थगन गर्न आदेश दिने ।
- बोर्डमा दर्ता भएको वस्तु तथा वस्तु करारको खरिद, बिक्री, हस्तान्तरणलाई नियमित तथा व्यवस्थित गर्ने ।
- लगानीकर्ताको हित संरक्षण गर्न सम्बन्धित अनुमतिपत्र प्राप्त संस्थालाई विनियममा आवश्यक व्यवस्था गर्न निर्देशन दिने ।
- वस्तु वा वस्तु करारसम्बन्धी विषयमा सुपरिवेक्षण तथा नियमन गर्न अन्य नियमनकारी निकायसँग समन्वय गर्ने तथा तोकिएबमोजिमका अन्य कार्य गर्ने ।

आर्थिक जरिवाना

वस्तु विनिमय बजारसम्बन्धी ऐनबमोजिम म्यादभित्र सूचना वा प्रतिवेदन पेस नगरेमा प्रतिदिन एक हजारका दरले जरिवाना, दिएको निर्देशन वा तोकिएको सर्त पालना नगर्ने अनुमतिपत्र प्राप्त संस्थालाई एक लाखदेखि पाँच लाख रुपैयाँसम्म जरिवाना गर्ने अधिकार छ । त्यस्तै, बोर्डले दिएको आदेश वा निर्देशनविपरीत कार्य गरी लगानीकर्तालाई हानि नोक्सानी गरे वा गराएमा बोर्डले त्यस्तो संस्थालाई १० लाख रुपैयाँदेखि ५० लाख रुपैयाँसम्म जरिवाना गरी त्यस्तो हानि नोक्सानी रकमसमेत लगानीकर्तालाई भराइदिने, आचारसंहिता पालना नगर्ने संस्थालाई २५ हजार रुपैयाँदेखि एक लाख रुपैयाँसम्म जरिवाना गर्ने अधिकार पनि बोर्डलाई छ ।

- धितोपत्र बोर्ड

अर्थ पत्रिका
नयाँ पत्रिका
आइतबार २८ असोज ०८०

साउदीको अमेजन कम्पनीमा नेपालीसहित आप्रवासी श्रमिक शोषणमा

श्रमिकलाई क्षतिपूर्ति भुक्तानी गरी काम गर्ने वातावरण बनाउन कम्पनीलाई एमनेस्टीको सुझाव



तस्बिर : नाथन स्टिर्क, गेट्टी इमेज

मुना कुँवर/नयाँ पत्रिका

साउदी अरबमा रहेको अमेजन कम्पनीका गोदाममा काम गर्ने आप्रवासी श्रमिक चरम शोषणमा परेका छन्। एमनेस्टी इन्टरनेसनले गरेको एक अध्ययनले अमेजनका गोदाममा श्रमिक भर्ना गर्ने एजेन्ट र सप्लाई कम्पनीले आप्रवासी श्रमिकलाई शोषण गरेको पाइएको हो।

एमनेस्टीले 'डन्ट वरी, इट्स अ ब्रान्च अफ अमेजन' नामक अध्ययन प्रतिवेदन शुक्रबार सार्वजनिक गरेको छ। कम्पनीमा कार्यरत आप्रवासी श्रमिकले आफूमाथि दुर्व्यवहार भएको गुनासो गर्न थालेपछि एमनेस्टीले अध्ययन गरेको थियो। भर्नाका क्रममा उनीहरूमाथि भएको धोका र कार्यस्थलमा उनीहरूले भोगेको शोषणलाई हेर्दा श्रमिकले सहेका दुर्व्यवहार मानव बेचबिखनसरह भएको प्रतिवेदनमा उल्लेख छ।

'श्रमिकले अमेजन कम्पनीमा सुनौलो अवसर पाइरहेको ठानेका थिए, तर उनीहरू दुर्व्यवहारको चपेटामा परेका रहेछन्। सयौं श्रमिकले यस्तो भयवाह दुर्व्यवहार भोग्नुपरेको हुन सक्छ। हामीले अन्तर्वार्ता लिएका धेरैजसोले यति गम्भीर दुर्व्यवहार भोगेका छन् कि त्यो श्रम शोषणकै आधारमा मानव बेचबिखनसरह छ,' एम्नेस्टी इन्टरनेसनलका आर्थिक र सामाजिक न्याय प्रमुख स्टिभ ककबर्नले भने।

अमेजनले यो भयावह पीडालाई धेरैपहिले नै रोक्न र अन्त्य गर्न सक्थ्यो, तर साउदीका गोदाममा कार्यरत श्रमिकलाई कम्पनीले न्याय दिन सकेन। दुर्व्यवहारमा परेका आप्रवासी श्रमिकलाई तुरुन्तै क्षतिपूर्ति दिनुपर्छ र यस्तो अब फेरि कहिल्यै नहुने कुराको सुनिश्चित गर्नुपर्ने उनले बताए।

यो अध्ययनमा नेपालका २२ जना पुरुष सहभागी भएका छन्। उनीहरूले सन् २०२१ देखि २०२३ को बीचमा रियाद वा जेद्दास्थित अमेजनको गोदाममा काम गरेका थिए। उनीहरूलाई अब्दुल्ला फहाद अल-मुताइरी सपोर्ट सर्भिसेज कम्पनी र बस्माह अल-मुसानादा कम्पनी टेक्निकल सपोर्ट सर्भिसेज सप्लाई कम्पनीद्वारा रोजगारीमा लगाइएको थियो।

अमेजन आफूनै नीति वा व्यवसाय र मानव अधिकारसम्बधी संयुक्त राष्ट्रसंघीय मार्गनिर्देशक सिद्धान्तहरूको पालन गर्न असफल भएको छ। अमेजनले श्रमिक शोषण गरी अन्तर्राष्ट्रिय कानुन र मापदण्डले परिभाषित गरेअनुसार मानव बेचबिखनका पीडितहरूको श्रम सेवाबाट लाभान्वित भएको तथ्य प्रतिवेदनले फेला पारेको छ। स्टिभ ककबर्नले अमेजनले शोषित श्रमिकलाई न्याय दिलाई साउदी अरबमा श्रममैत्री वातावरण बनाउनका लागि काम गर्नुपर्ने बेला आएको बताए।

एमनेस्टीले श्रमिकलाई क्षतिपूर्ति उपलब्ध गराउनुका साथै कार्यस्थलमा काम गर्ने उचित वातावरण तयार पार्न एमनेस्टीले कम्पनीलाई सुझाव दिएको छ। त्यस्तै, अमेजन कम्पनी आफैंले श्रमिक भर्ना गर्नसमेत सुझाव दिइएको छ।

नेपाली श्रमिकलाई अमेजन कम्पनी भन्दै सप्लाई कम्पनीमा पुऱ्याइयो

अमेजनका गोदाममा काम गर्नका लागि भनेर अन्तर्वार्ता दिनेमध्ये एकजनाले बाहेक नेपालमा भर्ना गर्ने एजेन्टलाई औसतमा १५ सय अमेरिकी डलर भुक्तानी गरेको पाइएको छ। कतिपयले उक्त भर्ना शुल्क तिर्नका लागि चर्को ब्याजमा ऋण लिएको बताएको प्रतिवेदनमा उल्लेख छ। भर्ना प्रक्रियाका क्रममा एजेन्टहरूले श्रमिकलाई अमेजन कम्पनीले नै सीधै रोजगारी दिने भन्दै श्रमिकलाई भुक्काएको समेत अध्ययनमा उल्लेख छ।

रोजगारीका लागि साउदी उड्नु केही घन्टाअघि मात्र श्रमिकले करारपत्र र अन्य कागजात प्राप्त भएकोसमेत बताएका छन्। केही श्रमिकलाई भने एजेन्टले अमेजन कम्पनी भनेर सप्लाई कम्पनी पठाउन लागेको शंकासमेत गरेका थिए। तर, भर्ना शुल्क भुक्तानी गरिसकेपछि उनीहरू पनि बाध्य भएर साउदी पुगेका हुन्। साउदी पुगेपछि मात्रै सबै श्रमिक आफू सप्लाई कम्पनीमा परेको थापा पाएका थिए। अन्तर्वार्ता दिनेमध्येका विवेक (नाम परिवर्तन) नामका एकजना युवाले उडानका दिन कम्पनी अर्को हो भनेरसमेत सोधेका थिए। तर, एजेन्टले 'चिन्ता नगर, यो अमेजनको एउटा शाखा हो' भनेर आश्वस्त परेको प्रतिवेदनमा उल्लेख छ।

त्यस्तै, साउदी अरेब पुगेपछि श्रमिकलाई महिनौंसम्म फोहोर र भिडभाडयुक्त आवासमा राखिएको थियो। कोठामा उडुस नै उडुस भएको श्रमिकले बताएका छन्। सप्लाई कम्पनीहरूले श्रमिकलाई अमेजनका गोदाममा काम गर्न लगाए। तर, श्रमिकले पाउने पारिश्रमिकको निश्चित रकम उनीहरूले नै राख्ने गरेको प्रतिवेदनमा उल्लेख छ। श्रमिकले गोदामहरूमा धेरै गह्रौं वस्तु उठाउनुपर्ने, कामका लागि टारगेट दिने, निरन्तर निगरानीमा रहेर काम गर्नुपर्ने र पर्याप्त रूपमा आरामसमेत नपाइएको बताएका छन्। यस्तो अवस्थामा काम गर्दा श्रमिकहरू दुर्घटनामा पर्ने र बिरामीसमेत हुने गरेको प्रतिवेदनमा छ। बिरामी हुँदा कम्पनीले बिदा नदिने र दिए पनि पारिश्रमिक काट्ने गरेको पाइएको छ।

श्रमिकलाई साउदीभित्रै बस्नुपर्ने बाध्यता

साउदी पुगेका सप्लाई श्रमिकलाई सप्लाई कम्पनीहरूले 'कफला' प्रणालीले बाँध्ने गरेको प्रतिवेदनमा छ। यस प्रणालीअन्तर्गत श्रमिकहरू रोजगारदाताको अनुमतिबेगर कहीं जान पाउँदैनन्। रोजगारदाताको अनुमतिविना श्रमिक आफ्नो मुलुकसमेत फर्कन सक्दैनन्। सप्लाई कम्पनीले साउदी पुगेपछि साउदीको नियमअनुसार श्रमिकलाई पहिलो वर्षभित्र रोजगारदाता परिवर्तन गर्नका लागि आवश्यक पर्ने 'स्थानान्तरण इजाजत' नदिइएको अध्ययनका क्रममा श्रमिकको भनाइ छ। यस्तो इजाजत नपाएका श्रमिक अनुमतिविना निस्किएमा 'फरार' भनी गिरफ्तारीको जोखिम उठाउनुपर्ने व्यवस्था छ। साउदी पुगेका धेरै श्रमिक करार अवधिअघि नै नेपाल फर्कन चाहन्थे, तर सप्लाई कम्पनीले उनीहरूलाई कानुनी रूपमा उपलब्ध गराउनुपर्ने हवाई टिकट र बाहिरिने कागजात उपलब्ध गराएनन्। यसका लागि उल्टो श्रमिकले अमेरिकी डलर १३ सय ३० देखि १६ सयसम्मको 'जरिवाना' तिर्नुपर्ने श्रमिकले बताएका छन्।

अध्ययनमा सहभागीमध्ये एक देव ठाकुर (नाम परिवर्तन)ले केहीले आत्महत्या गर्ने सोच बनाएको बताए। 'मैले पर्खालबाट हाम फाल्ने प्रयास गरैं, आत्महत्या गर्ने प्रयास गरैं। 'मैले मेरी आमालाई यो कुरा भनैं र उहाँले हुँदैन, त्यसो नगर, हामी ऋण लिउँला' भन्नुभयो। आमाले मलाई साउदी पठाउन ऋण लिनुभएको पनि आठ महिना भइसक्यो र ब्याज बढिरहेको छ,' उनले भने।

सन् २०२० मा अमेजन सञ्चालनमा आउनुअघि साउदी अरबमा आप्रवासी श्रमिकको जोखिमका बारेमा राम्रो दस्तावेजीकरण गरिएको थियो। सन् २०२१ मा गरिएको अमेजन जोखिम मूल्यांकनमा यसको पहिचान गरिएको थियो। जसको अर्थ कम्पनीलाई साउदी अरबमा श्रमिकमाथि हुने दुर्व्यवहारको उच्च जोखिम रहेको भन्नेबारे थाहा भएको प्रतिवेदनमा उल्लेख छ। साथै, श्रमिकले सन् २०२१ मा अमेजनका कर्मचारीलाई आफूमाथि हुने शोषणका बारेमा गुनासो पनि गरेका थिए। तर, उनीहरूको गुनासोलाई बेवास्ता गरिएको प्रतिवेदनमा उल्लेख छ।

Global IME Bank
ग्लोबल आइएमई बैंक लि.
सबैका लागि बैंक

लगानी सम्मेलन गर्ने घोषणा मात्रै

- ०८० भित्रै लगानी सम्मेलन गर्ने ३० चैत ०७९ को लगानी बोर्डको निर्णय
- कुन-कुन देशको लगानीकर्ता बोलाउनेदेखि नेपालका कुन ठूला परियोजनामा लगानीका लागि आह्वान गर्ने भन्नेसम्मका विषयमा छलफलसमेत भएको छैन

- **धनीराम शर्मा**, प्रवक्ता, अर्थ मन्त्रालय



अर्थ मन्त्रालयलगायत निकायहरू जिम्मेवारीका साथ लागेका छौं। सोहीअनुसार हामीले सबै निकायसँग समन्वय गरिरहेका छौं। समग्रमा राम्रोसँग पूर्वतयारी गरेर लगानी सम्मेलन गरौं भन्ने सरोकारवाला निकायहरूको मनसाय छ।

मिलन विश्वकर्मा/नयाँ पत्रिका

सरकारले चालू आर्थिक वर्ष ०८०/८१ मा लगानी सम्मेलन गर्ने घोषणा गरेको छ। तर, त्यसका लागि पूर्वतयारीका काम भने अझै पनि सुरु गरिएका छैनन्।

३० चैत ०७९ मा सम्पन्न लगानी बोर्डको ५३औं बैठकले ०८० भित्रै लगानी सम्मेलन गर्ने गरी अवधारणापत्र स्वीकृत गरेको थियो। सम्मेलनको पूर्वतयारीको काम गर्न बोर्डलाई नै जिम्मेवारी दिएको थियो। १५ जेठमा आएको चालू आर्थिक वर्षको बजेटमा पनि यसै वर्ष लगानी सम्मेलन गर्ने उल्लेख छ। अर्थमन्त्री डा. प्रकाशशरण महतले यसै वर्ष लगानी सम्मेलन गर्ने सार्वजनिक अभिव्यक्ति दिँदै आएका छन्। तर, लगानी सम्मेलनको पूर्वतयारी भने शून्यप्रायः देखिन्छ।

लगानी सम्मेलनका लागि हालसम्म कुनै पनि संयन्त्र गठन गरिएको छैन। सम्मेलनका लागि आवश्यक नीति-निर्देशन दिने, समन्वय गर्ने तथा व्यवस्थापन गर्ने कुनै पनि निर्देशक, समिति वा उपसमिति गठन गरिएको छैन। 'लगानी सम्मेलनको पूर्वतयारीको काम गर्न निर्देशक समिति, व्यवस्थापन समितिलगायतका कमिटी बनाउनुपर्छ। सोही कमिटीमार्फत नै सम्मेलनको पूर्वतयारीको काम अघि बढ्छ,' बोर्डका एक अधिकारीले भने, 'तर, अझै पनि त्यस्ता समितिहरू गठन भएका छैनन्, समितिहरू नबन्दा तयारीका काम सुरु नै भएका छैनन्।'

> बजेटले चालू आर्थिक वर्षमै लगानी सम्मेलन गर्ने घोषणा गरेको छ, तर हालसम्म कुनै संयन्त्र गठन गरिएन, सम्भावित मिति तय भएको छैन

लगानी सम्मेलन कुनै निश्चित निकायले नभई सरकारले नै स्वामित्व लिनुपर्ने ठूलो र महत्त्वपूर्ण कार्यक्रम हो। यसका लागि लगानी बोर्ड मात्रै नभई अर्थ मन्त्रालय, उद्योग वाणिज्य मन्त्रालय तथा परराष्ट्र मन्त्रालय पनि जिम्मेवार हुन्छन्। तर, कुनै पनि मन्त्रालयले ठोस रूपमा लगानी सम्मेलनका तयारी सुरु गरेका छैनन्।

हालसम्म आयोजनाको प्रारम्भिक मिति तय गरिएको छैन। कुन-कुन देशका कार्यकारी प्रमुख, मन्त्री, विज्ञ, दाता तथा लगानीकर्तालाई बोलाउने भन्ने कुनै छलफल भएको छैन। सम्मेलनमा पेस गर्ने लगानीयोग्य परियोजना सूची तयार पारिएको छैन। यस्ता तयारी सम्पन्न गर्न न्यूनतम ६ महिना लाग्ने बोर्डकै अधिकारीहरू बताउँछन्। तर, पूर्वतयारीको काम सुरु नै नभएका कारण यसै वर्ष लगानी सम्मेलन हुनेमा आशंका पैदा भइरहेको उनीहरूकै भनाइ छ। 'सम्मेलनमा सोकेस (पेस) गरिने आयोजनाबारे विस्तृत विवरण, अध्ययन, वातावरणीय प्रभाव मूल्यांकन, डिपिआर, प्रतिफललगायत पनि तयार गर्नुपर्नेछ,' उनले भने, 'विदेशी लगानीकर्ता, विज्ञ वक्ताहरूको समय पनि लिनुपर्ने हुन्छ, यस्ता कार्यका लागि निकै समय लाग्छ।'

सरकारले गर्न खोजेको यो तेस्रो लगानी सम्मेलन हो। यसअघि फागुन ०७३ र चैत ०७५ मा लगानी सम्मेलन आयोजना गरिएको थियो। आंशिक सफल मानिएको दुई सम्मेलनपछि सरकारले तेस्रो लगानी सम्मेलन गर्न खोजेको छ। यसको पूर्वतयारीको स्वरूपमा लगानी बोर्डले भदौ ०७९ मा सस्टेनेबल इन्फ्रास्ट्रक्चर इन्भेस्टमेन्ट फोरम पनि आयोजना गरेको थियो। तर, लगानी सम्मेलनको पूर्वतयारीमा भने खासै काम नभएको बोर्डका एक उच्च अधिकारीले बताए।

अहिले नेपाल आर्थिक शिथिलताको अवस्थामा गुज्रिएको छ। त्यो अवस्थामा लगानी भित्र्याउन सकेमा वर्तमान अर्थतन्त्रलाई सुधारतर्फ लैजान त सकिन्छ। साथै, समग्र आर्थिक विकासमा यसले सहयोग पुग्ने अपेक्षा छ। त्यो अवस्थामा अहिले लगानी सम्मेलनको आवश्यकता बढी छ। तर, सरकारले आवश्यक तयारी गर्दा लगानी सम्मेलन अन्योलमा परेको छ।

■ समन्वय भइरहेको अर्थ मन्त्रालयको दाबी

अर्थ मन्त्रालयका प्रवक्ता धनीराम शर्माले लगानी सम्मेलनका लागि लगानी बोर्ड, उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयलगायतका निकायसँग समन्वयन भइरहेको बताए। 'पूर्वतयारीको काममा मुख्यतः लगानी बोर्ड नै बढी जिम्मेवार हुन्छ। यद्यपि, हामी अर्थ मन्त्रालयलगायतका निकायहरू पनि यसमा जिम्मेवारी छौं नै। सोहीअनुसार हामीले सबै निकायसँग समन्वयन गरिरहेका छौं,' उनले भने, 'समग्रमा राम्रोसँग पूर्वतयारी गरेर लगानी सम्मेलन गरौं भन्ने सरोकारवाला निकायहरूको मनसाय छ। पहिलो चरणमा सम्मेलनमा सोकेस गरिने आयोजनाबारे विस्तृत रूपमा तयारी गर्ने कुरा आएको छ।'

■ विगतका सम्मेलनलाई फर्केर हेर्दा

सरकारले यसअघि पनि दुई लगानी सम्मेलन गरिसकेको छ। फागुन ०७३ मा गरिएको लगानी सम्मेलनमा चीन, बंगलादेश, भारत, जापान, बेलायत, श्रीलंका, मलेसियालगायतका मुलुकका लगानीकर्ताबाट १४ खर्ब हाराहारीमा लगानी प्रतिबद्धता आएको थियो। त्यो सम्मेलनमा विश्वका विभिन्न देशका दुई सय ५० जना लगानीकर्ता सहभागी थिए।

चैत ०७५ मा गरिएको दोस्रो सम्मेलनमा भने ४१ आयोजनामा ३१ खर्ब हाराहारीमा लगानी प्रतिबद्धता आएको थियो। उक्त कार्यक्रममा ४० देशका सात सयजना लगानीकर्ता तथा प्रतिनिधि उपस्थित थिए। स्वदेशबाट भने ६ सयजना हाराहारीमा प्रतिनिधि उपस्थित थिए। यसरी विगतको दुई सम्मेलन सफल मानिए पनि त्योअनुसार लगानी भने आउन सकेको छैन। यसको छुट्टै समीक्षा गर्न आवश्यक रहेको सरोकारवाला बताउँछन्। यद्यपि, तेस्रो सम्मेलन भएमा बृहत् नै हुने अनुमान सरकारको छ।

धनगढीमा बाजुराको स्याउ

भारत र चीनबाट आयात हुने स्याउको घट्दै छ बजार

धनगढीमा **तेजराज भट्ट**

सुदूरपश्चिमको विकट हिमाली जिल्ला बाजुरामा उत्पादित स्याउले सदरमुकाम धनगढीमा बजार पाउन थालेको छ।



धनगढी बसपार्कबाट बाजुरामा उत्पादित स्याउको बिक्री-वितरण सुरु भएपछि भारत र चीनबाट आयात हुने स्याउको बिक्रीमा समेत कमी आउन थालेको फलफूल व्यवसायीले जानकारी दिएका छन्।

बाजुराको स्वामीकात्तिक खाँपर गाउँपालिका, कृषि ज्ञानकेन्द्र ४०-४० प्रतिशत र र फ्युचर स्याउ कृषक समूहले २० प्रतिशत ढुवानीमा अनुदान दिएकाले बजारीकरणका लागि धनगढी ल्याइएको हो। फ्युचर स्याउ कृषक समूहका अध्यक्ष धनबहादुर रोकायाले ढुवानी अनुदानले उत्पादित स्याउको बजारीकरणमा सहयोग पुगेको बताए। सडक सञ्जाल नहुँदा बाजुराका किसानले उत्पादन गरेको स्याउ बिक्रीमा समस्या भोग्दै आएका छन्। कर्णाली प्रदेशको दैलेख, सुर्खेत हुँदै लुम्बिनी प्रदेशको बाँके र बर्दिया भएर स्वामीकात्तिकमा उत्पादन भएको स्याउ कैलाली ल्याइपुऱ्याइएको स्याउ उत्पादक किसान कर्ण रोकायाले बताए।

गाउँपालिकासम्म ढुवानीका लागि ट्रक गुड्ने बाटो नभएकाले कर्णाली प्रदेश भएर धनगढी ल्याउनुपर्ने बाध्यता रहेको उनले बताए। स्तरीय ग्रामीण सडक नहुँदा दुर्गममा उत्पादित स्याउले बजार र उचित मूल्य पाउन सकेको छैन। कृषि ज्ञानकेन्द्रका अनुसार बाजुरामा करिब तीन सय ७० हेक्टरमा स्याउ खेती गरिएको छ। यस वर्ष बाजुरामा एक हजार एक सय ३७ मेट्रिकटन स्याउ उत्पादन हुने अनुमान केन्द्रले गरेको छ। त्यसमध्ये २० मेट्रिकटन स्याउ धनगढी पुगाउने लक्ष्य राखिएको छ।

बाजुरामा उत्पादित 'अर्गानिक' स्याउको मूल्य प्रतिकिलो एक सय ३० रुपैयाँ तोकिएको छ। प्रदेशको भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्री रामेश्वर चौधरीले बाजुरामा उत्पादित स्याउको बजारीकरणका लागि प्रदेश सरकारले आवश्यक सहयोग गर्ने बताए। 'प्रदेश सरकारले कृषिबाट आर्थिक समृद्धि हासिल गर्ने लक्ष्य लिएको छ। त्यसैले कृषिउपजको बजारीकरणमा सहयोग गर्छौं,' उनले भने।

कैदीले बुनेका मुढा चीन निर्यात

तनहुँमा **उपेन्द्र खनाल**

जिल्ला कारागारमा निर्माण भएका मुढा चीन निर्यात हुन थालेको छ। विभिन्न मुद्दामा जिल्ला कारागार तनहुँको थुनामा परेका कैदीबन्दीले बुनेको मुढा पछिल्लो समय चीनका सहरमा निर्यात भएको हो।

कैदीबन्दीले बुनेको एक हजार थान मुढा बिक्रीका लागि चीन पठाएको कारागारका निमित्त प्रशासक नारायणप्रसाद अधिकारीले बताए। उनले भने, 'उनीहरूले कारागारभित्रै बुनेका मुढा बिक्रीका लागि चीन पठाइएको छ। त्यसका लागि कारागार प्रशासनले सहजीकरण गरेको छ। मुढा बिक्रीबाट आएको आम्दानी घरपरिवारलाई पठाउने गरेका छन्।' मुढा बुन्न प्रयोग हुने कच्चा पदार्थ कारागार प्रशासनको पहलमा ल्याइदिने गरिएको छ। मुढा खरिद गरी लैजाने व्यापारीले कैदीबन्दीलाई पेस्की छोडिदिने र त्यही पैसाले कच्चा पदार्थ किन्ने गरेको निमित्त प्रशासक अधिकारीले बताए।



कैदीबन्दीहरू फुर्सदको समयमा त्यत्तिकै समय कटाउनुभन्दा सीप सिकेर आम्दानीतर्फ लागेको कारागारले जनाएको छ। मुढा बिक्री गरेर आएको आम्दानी घरपरिवारका सदस्यलाई पठाउने गरेको चौकीदार रामकुमार बस्यालले जानकारी दिए। विभिन्न मुद्दामा सजाय भोगिरहेका जिल्ला कारागार तनहुँका कैदीबन्दीलाई यतिखेर मुढा बुन्न र बिक्री गर्न भ्याइनभ्याई छ। चाडपर्व सुरु भएसँगै कारागारमा कैदीबन्दीले बुनेको मुढा किन्न व्यवसायीसँगै सर्वसाधारणको पनि भिड बढेको छ। तीन सयदेखि सात सयसम्म प्रतिगोटा बिक्री गर्दै आएका छन्।

कारागारमा तीन बालिका, २१ महिलासहित २८७ जना थुनुवा र कैदीबन्दी रहेका छन्। तीमध्ये करिब चालीसजनाले सीपको सदुपयोग गर्दै मुढा बुन्ने गरेका छन्।

निर्माणाधीन नागढुंगा सुरुङमार्गको अवरोध हट्यो

काठमाडौं/ स्थानीय समस्याले केही समय अवरुद्ध बनेको नागढुंगा-नौबिसे सुरुङमार्गको निर्माण कार्य पुनः सुरु गरिएको छ। सुरुङमार्गको पूर्वी पोर्टलको ८३ मिटरमाथि खाडल परेको थियो भने नौवटा घर चर्किएका थिए। भौतिक पूर्वाधार तथा यातायातमन्त्री प्रकाश ज्वालाले खाडल परेको ठाउँको विज्ञद्वारा अनुसन्धान गराउने र चर्किएका घरलाई अस्थायी स्थानान्तरण गर्ने निर्णय गरेपछि अवरुद्ध सुरुङमार्गको काम पुनः सञ्चालनमा आएको मन्त्रालयको भनाइ छ।

सुरुङमार्ग निर्माणका क्रममा भएका समस्या समाधान गर्न सडक विभाग वैदेशिक महाशाखाका प्रमुख विजय जैसीको नेतृत्वमा एक समिति गठन गरिएको छ। सुरुङमार्ग निर्माणस्थलमा कसरी खाडल पऱ्यो ? कति घर चर्केका छन्, त्यसको कारण पत्ता लगाउन र पीडितलाई स्थानान्तरणको व्यवस्था गर्न समिति बनेको हो। आयोजना प्रभावित क्षेत्रको बाँकी मुआब्जा र क्षतिपूर्तिको समस्या तत्काल सुल्झाउने निर्णय पनि भएको छ। मुआब्जा र क्षतिपूर्तिका लागि भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयले गृह र जिल्ला प्रशासन कार्यालय काठमाडौंसँग समन्वय गरेर तत्काल समस्या समाधान गर्ने निर्णय भएको मन्त्रालयले जनाएको छ।

हेटौंडा-ढल्केबर प्रसारणलाइनको तार फेर्न स्थानीय अवरोध

नयाँ पत्रिका

एक सय ३१ केभी डबल सर्किट प्रसारणलाइनको तार फेर्ने गरी हुँदै गरेको स्तरोन्नति कार्यमा सर्लाहीको लालबन्दी क्षेत्रका स्थानीय बासिन्दाले अवरोध गरेका छन्। करिब ४१ वर्षअघि निर्माण भएको प्रसारणलाइनको मार्गाधिकारमा पर्ने जग्गाको मुआब्जा तथा क्षतिपूर्ति पाउनुपर्ने, उक्त जग्गालाई बैंक तथा वित्तीय संस्थामा धितो राखी ऋण लिन पाउनुपर्नेलगायतका माग राखी स्थानीयले लाइनको तार फेर्ने कार्यमा १९ असोजदेखि अवरोध गरेका हुन्।

नेपाल विद्युत् प्राधिकरणले पूर्व-पश्चिम एक सय ३२ केभी डबल सर्किट प्रसारणलाइनको क्षमता वृद्धि गरी विद्युत् प्रवाह बढाउन मकवानपुरको हेटौंडादेखि धनुषाको ढल्केबर सबस्टेसनसम्मको करिब एस सय ३६ किलोमिटर खण्डमा पर्ने कम क्षमताको पुरानो तारलाई बदलेर नयाँ तार राखी प्रसारण प्रणाली सुधार सुरु गरेको छ। यसबाट त्यस क्षेत्रको विद्युत् आपूर्तिमा सुधार हुने, पश्चिम क्षेत्रमा उत्पादित विद्युत्लाई पूर्वतर्फ थप प्रवाह गर्न सकिने, ढल्केबरबाट पश्चिमतर्फ विद्युत् प्रवाहका लागि थप सहज हुने र देशभित्र खपत गरी अतिरिक्त भएको विद्युत्लाई ढल्केबर सबस्टेसनमार्फत भारततर्फ निर्यात गर्न सकिन्छ।

ढल्केबर सबस्टेसनबाट सर्लाहीको लालबन्दी नगरपालिका-१ स्थित नवलपुर सबस्टेसनसम्मको करिब ४० किलोमिटर लाइनमध्ये एउटा सर्किटको करिब ३६ किलोमिटर तार फेरिएको छ। तर, लालबन्दी बजार क्षेत्रका स्थानीयको अवरोधका कारण करिब चार किलोमिटर तार फेर्ने काम रोकिएको छ। तार बदल्ने क्रममा टावरमा जोडिएको पुरानो तार काटेर अस्थायी रूपमा बाँधी राखिएको छ। एउटा सर्किट बन्द हुँदा ढल्केबरबाट पश्चिमतर्फ र हेटौंडाबाट पूर्वतर्फ विद्युत् प्रवाह गर्न समस्या हुँदा यसले देशकै समग्र विद्युत् प्रसारण प्रणाली प्रभावित बनाइरहेको छ। कन्डक्टर बदल्न एउटा सर्किट बन्द गरिएकाले अहिलको लाइन क्षमताले नधान्दा ट्रिपिङलगायतका समस्या आएर विद्युत् मागलाई व्यवस्थापन गर्न असहज भइरहेको प्राधिकरणका कार्यकारी निर्देशक कुलमान घिसिङले बताए।

'नयाँ प्रसारणलाइन निर्माणमा जताततै अवरोध छ, अब ४०-४१ वर्षअघि बनेर चालू अवस्थामा रहेको लाइनमा समेत तार फेर्न खोज्दा अहिले आएर क्षतिपूर्तिको माग गर्दै अवरोध हुन थालेको छ, यस्तो अवस्थामा कसरी काम गर्न सकिन्छ ? अवरोध हटाउन हाम्रो तर्फबाट सक्दो प्रयास र पहल भइरहे पनि सफल हुन सकिरहेका छैनौं,' कार्यकारी निर्देशक घिसिङले भने, 'तत्काल काम गर्न सकेनौं भने ढल्केबरबाट थप विद्युत् पश्चिमतर्फ पठाउन नसकी हिउँदमा वीरगन्जलगायतका क्षेत्रमा बाध्यकारी लोडसेडिङ गर्नुपर्ने अवस्था आउन सक्छ। यस्तो संवेदनशील लाइनको काममा अवरोध नगरिदिन आग्रह गर्दछु।'



नयाँ तार राख्दै प्राविधिकहरू। तस्बिर : नयाँ पत्रिका

आयोजना प्रमुख राजेन्द्र कोइरालाले अवरोधका विषयमा सर्लाहीका प्रमुख जिल्ला अधिकारी, लालबन्दी नगरपालिका प्रमुख, प्रहरी प्रमुख, सम्बन्धित वडाध्यक्ष, स्थानीय बासिन्दालगायतसँग पटक-पटक छलफल गरिए पनि कुनै निष्कर्ष आउन नसकेको बताए। एक सय ३२ केभी प्रसारण लाइनको मध्यविन्दुबाट दायाँ-बायाँ नौ-नौ मिटर मार्गाधिकार तोकिएको छ। बैंक तथा वित्तीय संस्थाले उक्त मापदण्डभन्दा विपरीत ५० मिटरसम्म पर्ने जग्गाको समेत धितो नलिने गरेको स्थानीयले गुनासो गर्दै आएका छन्।

बजाज 'ग्रान्ड कार्निभल'मा युवाको आकर्षण

नयाँ पत्रिका

बजाज मोटरसाइकलको नेपालस्थित अधिकृत विक्रेता एचएच बजाजले २४ असोजदेखि काठमाडौंको भृकुटीमण्डपमा जारी राखेको 'ग्रान्ड कार्निभल'मा युवाहरूको भिड बढेको छ।

२९ असोजसम्मका लागि आयोजित यस इभेन्टमा युवालक्षित बजाजका सबै मोडलका बाइकहरू प्रदर्शनीमा राखिएका छन् भने उपत्यकाका १८ वटा डिलरहरूले सहभागिता जनाएका छन्। डिलरहरूले बजाजको नयाँ मोटरसाइकल खरिद गर्न चाहने उपभोक्तालाई सहजीकरण गर्ने गरेको एचएच बजाजका डेपुटी मार्केटिङ म्यानेजर रजिल शाक्यले जानकारी दिए।

'भृकुटीमण्डपमा चलिरहेको ग्रान्ड कार्निभलको एउटै छातामुनि १८ वटा डिलरले सहभागिता जनाउनुभएको छ। उपभोक्ताले बजाजका मोटरसाइकल खरिद गर्नुपर्‍यो भने यहीं आएर बुकिङ गरी बाइक लैजान सक्नुहुन्छ,' उनले भने, 'कार्निभलको अवसरमा विभिन्न छुट र स्किमसमेत उपलब्ध गराइएको छ।' उनका अनुसार 'आम्मामा २५ गुणा' अफर ल्याइएको छ। यो अफरअन्तर्गत उपभोक्ताले बजाजका जुनसुकै मोटरसाइकल खरिदमा एउटा स्क्र्याच कुपन पाउने र सो स्क्र्याच कुपनमा लेखिएको अंकको २५ गुणा हुन आउने रकम उपभोक्तालाई नगदस्वरूप छुट दिइने शाक्यले जानकारी दिए। तर, यो सुविधा प्राप्तिका लागि केही सर्त राखिएको उनको भनाइ छ।

त्यस्तै, कार्निभलमा आउने उपभोक्ताले टिकटक प्रतिस्पर्धाअन्तर्गत 'जिन्दगी सर्र' योजनाको मज्जा लिन सक्ने पनि उनले जानकारी दिए। जुनसुकै पुरानो मोटरसाइकल लिएर बजाजको नयाँ मोटरसाइकल लिन चाहने उपभोक्तालाई पनि डिलरहरूले सहजीकरण गर्ने कम्पनीको भनाइ छ। यसका लागि 'भ्यालुएसन भनेजति, फाइनान्स चाहिएजति' स्किम ल्याइएको छ। 'यस स्किमअन्तर्गत उपभोक्ताले ल्याएको जुनसुकै मोटरसाइकलको अधिकतम भ्यालुएसन दिने र बजाजका उपभोक्ताले लैजान चाहेको नयाँ मोटरसाइकल दिएर पठाउने गरिएको छ,' शाक्यले भने, 'कार्निभलको अवधिभर बजाजले ल्याएको स्किमको भरपूर फाइदा उठाउन आमउपभोक्तालाई आग्रह गर्दछु।'

कार्निभलको अवसर पारेर कम्पनीले पल्सर एन-१६० को क्यारिबियन ब्लु रङको नयाँ मोटरसाइकलसमेत सार्वजनिक गरेको छ। बजाज मोटरसाइकल नेपाली उपभोक्तामा सर्वाधिक रुचाइएको ब्रान्डमध्ये एउटा हो। खासगरी बजाजको पल्सर सिरिजअन्तर्गतका बाइकहरू युवाको अत्यधिक रोजाइमा पर्दै आएका छन्। नेपाली बजारमा बजाजको डोमिनार, पल्सर, डिस्कोभर, प्लाटिना, एभेन्जरलगायतका मोडलका बाइकहरू उपलब्ध छन्।



भृकुटीमण्डपमा जारी 'ग्रान्ड कार्निभल'मा प्रदर्शनीमा राखिएका बजाजका विभिन्न मोडलका मोटरसाइकल। तस्बिर : नयाँ पत्रिका

ग्लोबल आइएमई बैंकको दसैँलक्षित छुट

नयाँ पत्रिका

ग्लोबल आइएमई बैंकले दसैँलाई लक्षित गरेर छुट तथा सुविधा दिने योजना सार्वजनिक गरेको छ। बैंकले 'ग्लोबल आइएमई बैंकको साथमा दसैँ रमाइलो' भन्ने नारासहित विभिन्न डिजिटल कारोबारमा छुट तथा क्यासब्याक योजना सार्वजनिक गरेको हो।

नयाँ योजनाअनुसार बैंकको डेबिट तथा क्रेडिट कार्डवाहकले सरसामान खरिद गर्दा बैंकको कार्ड प्रयोग गरी पिओएस मेसिनबाट भुक्तानी गर्दा तीन सयदेखि पाँच सयसम्मको नगद फिर्ता हुनेछ। यस नगद फिर्ता योजनामार्फत बैंकको डेबिट तथा क्रेडिट कार्डवाहकले योजना अवधिभर कम्तीमा एक हजारको तीनवटा कारोबारमा तीन सय तथा पाँच वा सोभन्दा बढीपटक कार्डको प्रयोग गरी भुक्तानी गरेमा पाँच सयको नगद फिर्ता पाउनेछन्। यो योजना २८ असोजदेखि ७ कात्तिकसम्म लागू हुने जनाइएको छ।

यो योजनाअन्तर्गत बैंकका मोबाइल बैंकिङ प्रयोगकर्ताले सरसामान खरिद गर्दा क्युआर कोड स्क्यानमार्फत भुक्तानी गर्दा दसैँ प्रोमो कोड प्रयोग गरी खरिद मूल्यमा तुरुन्तै १० प्रतिशत वा अधिकतम तीन सयसम्मको नगद छुट पाउनेछन्। यो योजना २८ असोजदेखि ७ कात्तिकसम्म साँझ पाँच बजेदेखि बेलुका आठ बजेसम्म लागू हुनेछ। ग्लोबल आइएमई बैंकले देशका ७७ जिल्लामै शाखामार्फत सेवा दिइरहेको छ। बैंकले तीन सय ५० शाखा, तीन सय ६९ एटिएम, तीन सय २२ शाखारहित बैंकिङ, ६६ एक्सटेन्सन तथा राजस्व संकलन काउन्टर तथा तीनवटा वैदेशिक प्रतिनिधि कार्यालयसमेत गरी एक हजार एक सयभन्दा बढी सेवा केन्द्रबाट ४५ लाखभन्दा बढी ग्राहकलाई सेवा प्रदान गरिरहेको जनाएको छ।



गरिमा विकास बैंकको डेबिट-क्रेडिट कार्डमा २० प्रतिशत नगद फिर्ता

काठमाडौं/ गरिमा विकास बैंकले डेबिट-क्रेडिट कार्डबाट भुक्तानी गर्दा २० प्रतिशतभन्दा बढी वा अधिकतम दुई सय रुपैयाँ नगद फिर्ता योजना सार्वजनिक गरेको छ। नेपालीको महान् चाड बडादसैँलाई लक्षित गरी यो योजना सार्वजनिक गरेको बैंकले जनाएको छ।

बैंकका ग्राहकले कुनै पनि सामान खरिद गर्न यस योजनाअन्तर्गत बैंकको डेबिट-क्रेडिट कार्ड प्रयोगकर्ताले एउटा कार्डबाट अधिकतम दुई सयसम्म नगद फिर्ता पाउनेछन्। नगदरहित कारोबारलाई प्रोत्साहन एवं प्रवर्द्धन गर्न सार्वजनिक गरिएको यस योजना घटस्थापनादेखि ७ कात्तिक ०८० सम्म रहने बताइएको छ।

बैंकले दसैँ किनमेललाई थप सहजीकरण गर्दै क्रेडिट कार्डमा किस्ताबन्दीको सुरुवात पनि गरेको बताएको छ। बैंकले हाल देशभर एक सय २२ शाखा कार्यालय तथा ५० एटिएम एवं विभिन्न डिजिटल बैंकिङमार्फत सरल, सुरक्षित एवं गुणस्तरीय सेवा प्रवाह गर्दै आइरहेको छ।



सिटिजन्स बैंकको अध्यक्षमा पाण्डे



नयाँ पत्रिका

सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेडको अध्यक्षमा प्रबलजंग पाण्डे निर्वाचित भएका छन्। बैंकको शुक्रबार सम्पन्न १७औँ वार्षिक साधारणसभापछि बसेकको सञ्चालक समितिको बैठकले पाण्डेलाई अध्यक्षमा निर्वाचित गरेको हो।

साधारणसभाबाट पाण्डेसहित सीता कार्की (केसी), सजन शर्मा र दिग्विजय विष्ट बैंकको सञ्चालक समिति सदस्यमा निर्वाचित भएका छन्। निर्वाचित अध्यक्षले संस्थागत सुशासन र आधुनिक बैंकिङलाई प्राथमिकतामा राखेर काम गर्ने बताए।

साधारणसभाले सञ्चालक समितिको वार्षिक प्रतिवेदन, बैंकको लेखापरीक्षकको प्रतिवेदन, वासलात, आव ०७९/८० को नाफा नोक्सानीको हिसाब तथा नगद प्रवाह विवरणलगायतका एकीकृत वित्तीय विवरणहरू पारित गरेको छ। त्यसैगरी, साधारणसभाले गत आर्थिक वर्ष ०७९/८० को मुनाफाबाट ५.७९ प्रतिशतका दरले हुन आउने ८२ करोड २१ लाख ६१ हजार रुपैयाँबराबरको नगद लाभांश दिने प्रस्ताव सर्वसम्मतिबाट पारित गरेको छ। सभाका अध्यक्ष राजनसिंह भण्डारीले सेयरधनीबाट प्राप्त सुझावअनुसार बैंकको काम-कारबाही सञ्चालन गर्ने र भविष्यमा बैंकले अझ बढी प्रगति हासिल गर्न सक्ने विश्वास रहेको बताए।

सिटिजन्स बैंकका एक सय ८८ वटा शाखा, एक सय ४८ वटा एटिएम र ९७ वटा शाखारहित बैंकिङ इकाइ रहेका छन्। बैंकले १६ लाख ६२ हजार ग्राहकलाई सेवा प्रदान गर्दै आएको छ। बैंकले विभिन्न किसिमका निक्षेप तथा कर्जा सुविधा, रेमिट्यान्स, आस्वा, ड्राफ्ट, भिसा डेबिट-क्रेडिट-प्रिभिलेज कार्ड सेवा, भिसा इन्टरनेसनल डलर कार्ड, शाखारहितलगायत सेवा-सुविधा दिँदै आएको प्रवक्ता नारायणराज अधिकारीले जानकारी दिए।

बेस्ट फाइनान्सको अनलाइन एकाउन्ट ओपनिङ सेवा सुरु



काठमाडौं/ बेस्ट फाइनान्स कम्पनी लिमिटेडले अनलाइन एकाउन्ट ओपनिङ सेवा सुरु गरेको छ। संस्थाले बिहीबारदेखि स्तरोन्नतिसहितको अनलाइन एकाउन्ट ओपनिङ सेवा सञ्चालनमा ल्याएको हो।

देश-विदेशमा रहेका नेपालीलाई खाता खोली बैंकिङ कारोबार गर्न अनलाइन एकाउन्ट ओपनिङ सेवा प्रदान गर्दै आएकामा थप वित्तीय सेवासहित सो सेवालाई स्तरोन्नति गरी अनलाइन एकाउन्ट ओपनिङ सेवा सुरु गरेको कम्पनीले जनाएको छ।

सेवाको शुभारम्भ भएपछि ग्राहकले सहजै बचत तथा मुद्दतीमा अनलाइन खाता खोल्न सक्नेछन्। साथै, भिडियो केवाइसीमार्फत ग्राहक पहिचान गरी सम्पूर्ण कारोबार गर्न सकिने बताइएको छ।

केवाइसी अद्यावधिक नभएका ग्राहकले अनलाइनमार्फत केवाइसी अद्यावधिक गर्न सक्ने सुविधासमेत रहेको कम्पनीले जनाएको छ।

पुतलीसडकमा एनएमबिको इ-पेमेन्ट हब



काठमाडौं/ एनएमबि बैंकको पुतलीसडक शाखामा एनएमबि इ-पेमेन्ट हबको उद्घाटन भएको छ। यसमार्फत ग्राहकले भिसा शुल्क भुक्तानी, विदेशस्थित शिक्षण संस्थामा विद्यार्थी भर्ना आवेदन शुल्क, पिटिई, स्याट, फ्लाइवायर, स्विफ्ट, जिआरीजस्ता विविध अनलाइन भुक्तानी सेवा लिन सक्ने बैंकले जनाएको छ।

बैंकले देशभरका दुई सय एक शाखा, एक सय ४९ एटिएम र १२ एक्सटेन्सन काउन्टरमार्फत वित्तीय सेवा प्रदान गर्दै आइरहेको छ।

पर्यटन उद्यमी शाहलाई एसियन प्रोफेसनल आउटस्ट्यान्डिङ हस्पिटालिटी अवार्ड



नयाँ पत्रिका

पर्यटन उद्यमी अभिषेकविक्रम शाहलाई आउटस्ट्यान्डिङ हस्पिटालिटी अवार्ड प्रदान गरिएको छ। व्यवसायी शाहलाई सो क्षेत्रमा अतुलनीय योगदान पुर्‍याएबापत एसियन प्रोफेसनल एचिभमेन्ट अवार्डअन्तर्गतको आउटस्ट्यान्डिङ हस्पिटालिटी अवार्ड प्रदान गरिएको हो।

वेस्ट रिसोर्टका सञ्चालक शाहलाई सिजन मिडियाको आयोजनामा गरिएको कार्यक्रममा प्रधानमन्त्री पुष्कमल दाहाल 'प्रचण्ड'ले उक्त अवार्ड प्रदान गरेका हुन्। नेपालको आतिथ्य उद्योगमा एक प्रतिष्ठित व्यक्तित्वका रूपमा परिचित शाहलाई सो क्षेत्रमा अतुलनीय योगदान पुर्‍याएबापत उक्त अवार्ड प्रदान गरिएको हो। आफ्नो प्रतिबद्धता र उदाहरणीय नेतृत्वका लागि परिचित शाहको पर्यटन उद्योगमा दुई दशकभन्दा बढीको अनुभव रहेको छ। शाहले होटेल-मोटेल प्रशासन व्यवस्थापनमा स्नातक हासिल गरेका छन्।

सोल्टी होटेलबाट आफ्नो व्यावसायिक यात्रा सुरु गरेका उनले ह्यात रिजेन्सी, समिट ग्रुप होटेल एन्ड रिसोर्टमा काम गरे। दुई दशकभन्दा लामो समय पर्यटन उद्योगमा समय बिताएका शाहले काठमाडौंको अग्रगामी पर्यटकीय गन्तव्य चन्द्रागिरि हिल्स लिमिटेडको महाप्रबन्धकका रूपमा सात वर्ष काम गरे। उनको दूरदर्शी नेतृत्वमा चन्द्रागिरि हिल्सले नेपालको पर्यटन परिदृश्यमा आफ्नो स्थान उचाल्दै आन्तरिक तथा बाह्य पर्यटकका लागि प्रतिष्ठित गन्तव्यमा परिणत भएको छ।

पर्यटन उद्योगमा ठूलो योगदान पुर्‍याएका शाहले भारतको पर्यटन विकास निगमबाट सन् २०१९ मा प्रतिष्ठित 'वर्षको सबैभन्दा युवा महाप्रबन्धक' पुरस्कार प्राप्त गरेका छन्। यसबाहेक पर्यटन र आतिथ्य उद्योगमा पुर्‍याएको अतुलनीय योगदानको कदर गर्दै उनलाई सर्टिफिकेट वर्ल्ड बुक अफ रेकर्ड, लन्डनमार्फत अन्तर्राष्ट्रिय मान्यता प्रदान गरियो। यस्तै शाहलाई नेपाल सरकारले राष्ट्रका लागि उत्कृष्ट सेवाको कदर गर्दै प्रबल जनसेवा श्री पदकबाट सम्मानित गरेको थियो।

जावलाखेल जुत्ता-चप्पलका विजेता घोषणा

काठमाडौं/ जावलाखेल 'जुत्ता-चप्पल दसैँ महोत्सव २०८०' को विजेता घोषणा गरिएको छ। नेपाली जुत्ता-चप्पल उत्पादक समूहले आयोजना गरेको मेलाको लक्की ड्रमार्फत बम्पर उपहारको पहिलो विजेता घोषणा गरिएको हो।

लक्की ड्रका विजेता मीरा तिवारी, हरिप्रसाद अवस्थी, सीता अधिकारी, उर्मिला साह, सुस्मिता थापामगर, संगीता गौतम, विनय महर्जन, सविता खत्री, सुजनकुमार पण्डित, कल्याणी कुँवर, शिवम थापा र शिवकुमार पुन गरी ११ जना भाग्यशाली विजेताले एक हजारबराबरको सपिङ भौचर प्राप्त गरेका आयोजकले जनाएको छ।

बम्पर उपहारको दोस्रो चरणका विजेता मेलाको अन्त्यमा घोषणा गरिने आयोजकको भनाइ छ। दोसो विजेताले पनि बम्पर उपहारस्वरूप २२ हजारबराबरको खसी प्राप्त गर्नेछन्।

विजेताहरूलाई नियमअनुसार कर कट्टी गरी रकम हस्तान्तरण गरिने आयोजकले जनाएको छ।

१० असोजदेखि सुरु भएको मेला ३ कात्तिकसम्म चल्नेछ। मेलामा नेपाली ब्रान्डका गुणस्तरीय तथा आकर्षक जुत्ता-चप्पलहरू ५० प्रतिशतसम्मको आकर्षक छुटमा खरिद गर्न सकिने पनि आयोजकले जनाएको छ। महोत्सवमा नेपालका ११ वटा कम्पनी र ब्रान्डहरूको सहभागिता रहेको छ। महोत्सवमा ग्राहकले नयाँ ब्रान्ड तथा डिजाइनका तीन हजारभन्दा बढी मोडलका जुत्ता-चप्पल आकर्षक छुटका साथ सुपथ मूल्यमा उपलब्ध रहेको बताइएको छ।

माथिल्लो अरुणमा एक खर्ब ३० अर्ब ऋण दिन विश्व बैंक सकारात्मक



नयाँ पत्रिका

माथिल्लो अरुण जलविद्युत् आयोजनामा एक खर्ब ३० अर्ब रुपैयाँ सहुलियतपूर्ण ऋण सहायता दिन विश्व बैंक सकारात्मक देखिएको छ। नेपालले गरेको प्रस्तावमा विश्व बैंक सहमत भएको अर्थ मन्त्रालयले जानकारी दिएको छ।

रणनीतिक महत्त्व रहेको माथिल्लो अरुण जलविद्युत् आयोजनामा विश्व बैंकको सहुलियतपूर्ण कर्जाको अंश बढाउने, निजी क्षेत्रबाट स्वलगानी बढाउने विषयमा नेपाली उच्चस्तरीय प्रतिनिधिमण्डलले आगामी हप्ता वासिङटनमा प्राविधिक तथा वित्तीय पक्षसँग छलफल गर्नेछ।

सहुलियतपूर्ण ऋण उपलब्ध गराउने संरचना अन्तर्राष्ट्रिय विकास सहायता (आइडिए)को २१औँ रिप्लेनिस्मेन्ट बैठक नेपालमा आयोजना गर्न अर्थमन्त्री डा. प्रकाशशरण महतको प्रस्तावमा समेत विश्व बैंक सकारात्मक भएको हो। विश्व बैंक दक्षिण एसिया क्षेत्रका उपाध्यक्ष मार्टिन रेजर र विकास वित्ततर्फका उपाध्यक्ष आकिहिको निसिओसँगको समीक्षा बैठकमा आज अर्थमन्त्री डा. महतले यो प्रस्ताव राखेका थिए।

मन्त्री डा. महतले उपाध्यक्षद्वयसँग गरेको छलफलमा हाल चालू परियोजनाको प्रगति समीक्षासमेत भएको मन्त्रालयले जनाएको छ। गत वर्ष ९ दशमलव २ प्रतिशत मात्र वितरण भएको कर्जालाई बढाउन पूर्वतयारीमा ध्यान दिनुपर्नेमा अर्थमन्त्री डा. महतले जोड दिए। साइट क्लियरेन्स तथा ठेक्का बन्दोबस्ततर्फ क्षमता अभिवृद्धि र धेरै क्षेत्रमा छरिएका आयोजनालाई दुई-चारवटा प्राथमिकताका क्षेत्रमा मात्र खर्च गर्ने गरी स्पिल ओभर प्रभाव बढाउने विषयमा छलफल भएको जनाइएको छ।

यसैगरी, तीन सय मिलियन अमेरिकी डलर अर्थात् ३९ अर्ब रुपैयाँबराबरको बजेटरी सहायता चालू आर्थिक वर्षभित्र परिचालन गर्ने गरी तयारी गर्न दुवै पक्षको सहमति भएको छ। यसअन्तर्गत सार्वजनिक वित्त वित्तीय क्षेत्र र हरित उत्थानशील तथा समावेशी विकास ग्रिडका क्षेत्रमा नीतिगत सुधारका कार्यहरू अगाडि बढाइनेछ।

यसैगरी, भौतिक पूर्वाधारका क्षेत्रमा अर्थमन्त्रीले कार्यक्रममा सहायताको नयाँ मोडलमा सहायता परिचालन गर्न अनुरोध गरे। यो मोडलअन्तर्गत स-साना आयोजना कार्यान्वयनका लागि नेपालको आफ्नै सामाजिक तथा वातावरणीय जोखिम न्यूनीकरणको मापदण्डलाई आधार मानेर लगानी सुनिश्चित गर्न सकिनेछ। ग्रिड अवधारणाको कार्यान्वयनमा नेपाल अग्रपंक्तिमा रहेको र यो अवधारणाबाट विकास साझेदार बीच सामञ्जस्यता हुने साथै जलवायु कोषको परिचालनमा नेपालको दक्षता अभिवृद्धि हुने विचार अर्थमन्त्री महतले राखे। यसमा विश्व बैंक आवश्यक समन्वय तथा सहकार्य गर्न सहमत भएको छ।

बैठकमा अर्थसचिव डा. कृष्णहरि पुष्कर र अन्तर्राष्ट्रिय आर्थिक सहायता समन्वय महाशाखाका प्रमुख श्रीकृष्ण नेपालसहितको नेपाली प्रतिनिधिमण्डल सहभागी भएको थियो।

लुम्बिनी सरकारको उदासीनताले प्रदेश सुशासन केन्द्र बेवारिसे

प्रदेशअन्तर्गतका १२ जिल्लाका निजामती कर्मचारीलाई प्रशिक्षित गर्नुपर्ने केन्द्र कार्यालय प्रमुखको अभाव झेल्दै

बाँकेमा **विश्वराज पछ्लडङ्गा**

नेपालगन्ज उपमहानगरपालिका- १४ भवनियापुरस्थित प्रदेश सुशासन केन्द्र (साबिकको ग्रामीण विकास प्रशिक्षण केन्द्र) कार्यालय सञ्चालनमा सीमित भएको छ। लुम्बिनी प्रदेश सरकारअन्तर्गत रहेको साबिकको ग्रामीण विकास प्रशिक्षण केन्द्रलाई सञ्चालनमा ल्याइए पनि कार्यालय प्रमुखको व्यवस्था नहुँदा केन्द्र अझैं अलमलमा रहेको लेखा अधिकृत उजिर न्यौपानेले बताए।

मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयअन्तर्गत कर्मचारी प्रशासन हेर्ने उपसचिव यमकान्त पाण्डेयलाई केन्द्रको पनि कार्यकारी निर्देशकको जिम्मेवारी दिइएको छ। उनी महिनामा तीन-चारपटक मात्र कार्यालयमा आउने गरेको केन्द्रका कर्मचारी बताउँछन्। 'पाण्डेय सरलाई केन्द्रको कार्यालय प्रमुखसँगै मुख्यमन्त्री तथा मन्त्रिपरिषद्अन्तर्गत रहेको कर्मचारी प्रशासनको पनि जिम्मेवारी छ। उहाँ मुख्यमन्त्री कार्यालयतिर व्यस्त हुने भएकाले महिनामा तीन-चार दिन मात्र यहाँ आउनु हुन्छ,' लेखा अधिकृत न्यौपानेले भने, 'उहाँ नआउँदा कार्यालको दैनिक काममा बाधा पुगेको छ नै कर्मचारीले दुई महिनादेखि तबलसमेत पाएका छैनौं।'

कार्यालय प्रमुख नियमित रूपमा नबस्दा कार्यालय सञ्चालन तथा नियमित गतिविधिमा समस्या परेको उनले बताए। उनले कार्यालय प्रमुखको व्यवस्था नहुँदा लुम्बिनी प्रदेशका १२ जिल्लाका निजामती कर्मचारीलाई दिनुपर्ने प्रशिक्षण, तालिम तथा अनुशिक्षणजस्ता कार्यक्रम सञ्चालनमा ल्याउन नसकेको स्पष्ट पारे।

'केन्द्रलाई निजामती सेवाअन्तर्गतका कर्मचारीलाई सेवाकालीन, सेवा प्रवेश तालिम, जनप्रतिनिधिलाई योजना, बजेट, सुशासन तालिम, स्थानीय तहलाई आवधिक योजना बनाउने लगायत तालिम दिने जिम्मेवारी दिइएको छ। 'गत वर्ष सेवाकालीन तालिम एउटा मात्र दिन सक्यौं। तालिममा सहभागी हुने कर्मचारीको नामावली तयार भए पनि अन्तिममा तालिम स्थगित गर्न बाध्य भयौं,' उनले भने, 'केन्द्रका कर्मचारी कामविहीन भयौं। कार्यालय आउने हाजिरी गरेर फर्किनेसिवाय अरू कुनै काम छैन। हामीलाई काम दिनुभन्दा पनि प्रदेश सरकारले सुन्दैन।'

प्रदेश सरकारले कार्यालय प्रमुखको व्यवस्था गर्न नसक्दा तालिमलगायत काममा बाधा पुगेको छ। लुम्बिनी प्रदेशअन्तर्गत १२ जिल्लाका कर्मचारी सेवाकालीन तालिम लिन काठमाडौं जान बाध्य छन्। 'सेवाकालीन तालिम लिन काठमाडौं जाने सोचेको थिएँ, तर आफैं तालिम दिने कार्यालयको कर्मचारी भएकाले जान सुहाएन,' लेखा अधिकृत न्यौपानेले भने। कार्यालय प्रमुख नियमित रूपमा बस्ने व्यवस्था नहुँदा गत वर्ष विनियोजन भएको २३ करोड रुपैयाँ फ्रिज भएको उनले गुनासो गरे। उनले भने, 'कार्यालय भवन बनाउन १३ करोड थियो। तालिम हल भवन निर्माणका लागि नौ करोड थियो। कार्यालय प्रमुख नभएकै कारण यी दुवै शीर्षकको रुपैयाँ फ्रिज भएर गयो। यस वर्ष टेन्डर भइसक्नुपर्ने हो, तर अहिलेसम्म प्रक्रिया अगाडि बढ्न सकेको छैन। यस वर्ष पनि रकम फ्रिज हुने त होला।'



■ दलको दाउपेचमा प्रदेश सुशासन केन्द्र

०२३ मा स्थापना भएको ग्रामीण विकास प्रशिक्षण केन्द्रलाई ०७७ मा प्रदेश प्रशिक्षण प्रतिष्ठान बनाइयो। लुम्बिनी प्रदेशको तत्कालीन सरकारले प्रदेश प्रशिक्षण प्रतिष्ठान (गठन तथा कार्य सञ्चालन) आदेश, २०७७ भदौमा जारी गरेको थियो। उक्त आदेशमा टेकेर प्रदेश सरकारले असोज, ०७७ मा ११औं तहका प्रदेश सचिवसरहको सेवा, सुविधा दिने गरी मोतीप्रसाद शर्मालाई कार्यकारी निर्देशक नियुक्त गऱ्यो। उनी असार २०७७ सम्म काम गरेका थिए।

तीन वर्षका लागि नियुक्त भएका शर्मालाई कुलप्रसाद केसी मुख्यमन्त्रीमा नियुक्त भएलगत्तै पदबाट हटाइयो। उनको ठाउँमा गुरुप्रसाद शर्मा नियुक्त भए। तर, मोतीप्रसाद पदमा बहाली हुन पाऊँ भन्दै सर्वोच्च अदालत पुगे। उनले १५ असार ०७९ मा मुद्दा जिते र २४ असारमा हाजिरी भए। उनी बहाली भएपछि मुख्यमन्त्री केसी सरकारले ३१ असार ०७९ मा प्रदेश प्रशिक्षण प्रतिष्ठानलाई खारेज गरी प्रदेश सुशासन केन्द्र गठन आदेश जारी गरी उनलाई पदबाट हटायो।

■ अझै बनेन ऐन

प्रदेश सुशासन केन्द्र गठन भएको १४ महिना बिते पनि लुम्बिनी प्रदेश सरकारले अहिलेसम्म ऐन बनाउन सकेको छैन। ऐन नबन्दा कार्यकारी निर्देशकको व्यवस्था गर्न कठिनाइ भएको एक कर्मचारीले बताए। उनका अनुसार प्रदेश सुशासन केन्द्र गठन आदेशमा नेपाल सरकारका उपसचिव (नवौं तह)का कर्मचारीलाई अस्थायी दरबन्दीमा कार्यालय प्रमुखको जिम्मेवारी दिने व्यवस्था छ। ऐन नबनेका कारण कार्यकारी निर्देशक नियुक्त गर्ने बाटो नखुले केन्द्रका अधिकृत कृष्णबहादुर विष्टले भने। उनले कार्यकारी निर्देशक नियुक्त गर्न ऐन आवश्यक भएको बताए। 'पहिले ऐन आउनुपऱ्यो अनि मात्र कार्यकारी निर्देशक नियुक्त गर्ने बाटो खुल्छ। कार्यकारी निर्देशक नियुक्त नहुँदासम्म कार्यालयको कामकाज अगाडि बढ्न सक्दैन,' उनले भने, 'अहिलेसम्म ऐन पारित नभएकाले चालू आवमा पनि विनियोजित बजेट खर्च होला भन्न सकिँदैन।' लुम्बिनी प्रदेशका निवर्तमान मुख्यमन्त्री लीला गिरीले केन्द्र सञ्चालनका लागि ऐन ल्याउने तयारी गरेका थिए। उनको सरकार ढलेपछि नयाँ सरकारले ऐन ल्याउने चासो नदिएको कर्मचारीको गुनासो छ। 'अहिलेका मुख्यमन्त्रीज्यूले तालिम सञ्चालन गर्ने विभिन्न कार्यालयलाई समेटेर ऐन ल्याउने वचन दिनुभएको छ, तर ऐन छिट्टै आउने कुनै छाँट देखिँदैन,' कर्मचारीले भने।

■ केन्द्रमा के-के छन् पूर्वाधार ?

प्रदेश सुशासन केन्द्र भौतिक पूर्वाधारले समेत सम्पन्न छ। केन्द्रमा एक सभागृह, तीनकोठे दुईवटा कक्षा भवन, तीन रिसर्च भवन, १२ कोठे प्रशासनिक भवन, एक कृषि कार्यशाला भवन, चारकोठे कृषि कक्षा भवन रहेको छ। त्यसैगरी, दुईतले एक भूकम्प प्रतिरोधी भवन, दुईतले १४ कोठे होस्टेल, ११ कोठे एकतले होस्टेल, दुईवटा मेस भवन, दुई डाइनिङ भवन, तीन कोठाका आठवटा स्टाफ क्वार्टर भवन, मोटर ग्यारेज दुई, सभागृह भवनको पछाडि क्यान्टिन एक पनि केन्द्र परिसरमा रहेका छन्। 'एक गोदाम घर, साझा संस्था र बैंक सञ्चालनका लागि एउटा भवन र सरस्वती मन्दिर पनि केन्द्र परिसरमा रहेको छ,' एक कर्मचारीले भने, 'अधिकांश भवन मर्मत गरी केन्द्रले प्रयोगमा ल्याइसकेको छ।' २२ बिघा १२ कट्ठा जमिनमा फैलिएको उक्त प्रशिक्षण केन्द्र प्रजातन्त्र पुनर्स्थापनासँगै खुम्चिएको छ। स्थानीय विकास मन्त्रालयको मातहतमा रहेको पाँच बिघा दुई कट्ठा जमिन सशस्त्र प्रहरी बलसँग बिक्री गरेपछि केन्द्र साढे १७ बिघामा खुम्चिएको छ।

मध्यपश्चिम विश्वविद्यालयको बेरुजु एक अर्ब

सुर्खेत/ एक दशकको अवधिमा मध्यपश्चिम विश्वविद्यालयको बेरुजु एक अर्ब १२ करोड ५८ लाख ७७ हजार पुगेको छ। विश्वविद्यालय प्रशासनले सुर्खेतको वीरेन्द्रनगरस्थित शुक्रबार केन्द्रीय कार्यालयमा पत्रकार सम्मेलन कार्यक्रममार्फत बेरुजु सार्वजनिक गरेको हो।

विश्वविद्यालयका रजिस्ट्रार प्रा. डा. नारायणप्रसाद पौडेलले स्थापना कालमा उपकुलपति प्रा.डा. पदमलाल देवकोटा र रजिस्ट्रार सह-प्रा. डा. ठगेन्द्रप्रसाद गिरी हुँदाका बखत आव ०६८/६९ मा ८३ लाख ९८ हजार तथा आव ०७८/७९ सम्ममा एक अर्ब १२ करोड ५७ लाख पुगेको बताए।

उनले असुलउपर गर्ने बेरुजुमा ६३ लाख ६६ हजार ९६४ मा केही प्रतिशत मात्र असुल भएको बताए। रजिस्ट्रार पौडेलका अनुसार १२ करोड ४० लाख ५१ हजार बेरुजु सम्परीक्षण गरिएको छ। अझै करिब एक अर्ब बेरुजु विश्वविद्यालयले फर्स्यौट गर्न बाँकी छ।

आर्थिक वर्ष ०७५/७६ मा उपकुलपति प्रा. डा. उपेन्द्रकुमार कोइराला र रजिस्ट्रार डा. महेन्द्रकुमार मल्लको पदावधिमा सबैभन्दा बढी ४० करोड ५९ लाख ६० हजार (३६.०४) प्रतिशत बेरुजु आएको उनले बताए।

यहाँ असुलउपर गर्नुपर्ने बेरुजु पनि रहेको उनको भनाइ थियो। विश्वविद्यालयका उपकुलपति प्रा. डा. नन्दबहादुर सिंहले करिब १३ वर्षको बेरुजुलाई सबै आफ्नो पालामा गरेकोजस्तो गरेर सामाजिक सञ्जाल तथा समाचारमाध्यमबाट आएपछि त्यसको भ्रम हटाउन पत्रकार सम्मेलन कार्यक्रम गरिएको बताए।

अढाई दशकपछि कैलाली-कञ्चनपुरका पुल मर्मत गरिँदै

कञ्चनपुरमा **मोहन विष्ट**

कैलाली र कञ्चनपुरका पक्की पुलको मर्मत गरिँदै छ। पूर्व-पश्चिम महेन्द्र राजमार्ग र उत्तर-दक्षिण महाकाली राजमार्गअन्तर्गत कैलाली र कञ्चनपुरमा रहेका पक्की पुलको मर्मत गर्न लागिएको हो।

०५४/०५५ तिर निर्माण भएका पक्की पुलको हालसम्म पूर्ण मर्मत नहुँदा जीर्ण बन्दै गएपछि मर्मत गर्न लागिएको जनाइएको छ। पुल महाशाखा महाकाली पुल आयोजनामार्फत महेन्द्र राजमार्गअन्तर्गत १४ र महाकाली राजमार्गअन्तर्गत दुई गरी १६ पुल मर्मत हुनेछन्।

महाकाली पुल आयोजना कार्यालयका सबइन्जिनियर दुर्गादत्त अवस्थीले सुरुमा निर्माण भएका पुल हालसम्म पनि मर्मत नहुँदा जीर्ण भई यातायात सेवा नै ठप्प हुने भएपछि मर्मत गर्न लागिएको बताए। सबइन्जिनियर अवस्थीले हिमशरण निर्माण सेवाले १६ करोड ६३ लाख १८ रुपैयाँ बजेटमा मर्मतको ठेक्का पाएको छ।

२२ असार ०८० मा सम्झौता भई २२ चैत ०८० मा नौ महिनाभित्रै पुल मर्मत गरिसक्नुपर्ने सम्झौता भएको छ। सबइन्जिनियर अवस्थीले पानीमा रहेका पिलर, रेलिङ, पुलको भित्री तथा बाहिरी भाग कार्बन फाइबर, कार्बन लेमिनेट स्ट्रिप, एक्स्टेन्सन रिप्लेसमेन्ट, इक्सपान, इपोक्स मोटारलगायत सम्पूर्ण बिग्रिएको पुल मर्मत गरिन लागिएको बताए। 'यसअघि पुल जोडिएको स्थानमा गाडी गुडाउँदा हल्लाउने, पानी पुलभित्र पसेर जोखिम बढाएको थियो,' उनले भने, 'अहिले पुलकै लेबलमा मर्मत गरिएको छ, पानी सीधै नदीमा बगाइएको छ।'



उनले गोदाबरी र शुक्लाफाँटा नगरपालिकाले पुलमुनि फालेको फोहोर व्यवस्थापन नगरिदिँदा गोदावरी र सुनबरा नदीमा निर्माण भएका पुल मर्मतमा समस्या आएको बताए। 'दुवै पालिकालाई पत्राचार गर्दासमेत केही सहयोग गरेनन्, हामीलाई काम गर्न समस्या भएको छ, 'उनले भने, 'यस्तो विकास निर्माणको काममा पालिकाले समेत हालेमालो गरिदिनुपर्छ।'

यसका साथै नेपाल टेलिकम र एनसेल फाइबर नेटको तारले समेत निर्माण कार्यमा समस्या उत्पन्न गराएको बताए। सबइन्जिनियर अवस्थीले ०५६ अघि निर्माण भएका पुलको मुख्य मर्मत नभएको र समान्य मात्रै भएको अवस्थामा जोखिम बढाएकाले मर्मत गरिएको बताए। समयमै पुल मर्मत भएपछि यातायात आवतजावतको समस्या हल हुने र यात्रुलाई सास्ती खेप्नु नपर्ने अपेक्षा गरिएको छ।

कोशीबाट...

पृष्ठ १ बाट क्रमशः

छ- कोशीको मुख्यमन्त्री कार्की डा. कोइराला-एमाले पक्षका वा गठबन्धन कसका हुन् ?

एमाले नेताहरूले पुरानो गठबन्धन भत्किएर कोशीमा नयाँ समीकरण बनेको र त्यहीअनुसार मन्त्रिपरिषद् गठन हुने बताएका छन् भने प्रधानमन्त्री प्रचण्ड र कांग्रेस नेताहरूले डा. कोइरालासँगको सहमतिले गठबन्धनलाई कायमै राखेको दाबी गरेका छन्। कार्कीलाई विश्वासको मत दिने निर्णय लिए पनि मन्त्रिपरिषद्मा सहभागी हुनेबारे गठबन्धनले केही निर्णय गरेको छैन।

शुक्रबार रातिसम्म कार्कीको उम्मेदवारी फिर्ताको प्रयास असफल भएपछि गठबन्धनका नेताहरूबीच कार्कीलाई गठबन्धनको मुख्यमन्त्रीमा स्विकार्ने र केन्द्रमा रहेको गठबन्धन कायम गर्ने सहमति बनेको हो। सत्तागठबन्धनमा गठबन्धन जोगाउन कोशीमा कार्कीलाई मुख्यमन्त्री स्विकार्ने रणनीति लिए पनि एमालेको समर्थनमा बनेको सरकारलाई कसरी समर्थन गर्ने भन्ने अन्योल कायमै छ। शनिबार बिहान प्रधानमन्त्री प्रचण्ड, कांग्रेस सभापति देउवा र नेता डा. कोइरालाबीच कोशीका कारण सत्तागठबन्धन टुट्न नदिने र थप बलियो बनाएर जाने सहमति भएको थियो। 'हामी वर्तमान सत्तागठबन्धनप्रति दृढ र स्पष्ट छौं र यो गठबन्धनलाई कुनै पनि हालतमा कमजोर हुन दिनेछैनौं,' प्रधानमन्त्री प्रचण्ड, सभापति देउवा र नेता कोइरालाले हस्ताक्षर गरेको सहमतिपत्रमा उल्लेख छ।

मुख्यमन्त्रीमा नियुक्तिपछि प्रधानमन्त्री तथा माओवादी अध्यक्ष पुष्पकमल दाहाल प्रचण्डले कोशी प्रदेशमा गठबन्धनकै नेतृत्वको सरकार हुने प्रतिक्रिया दिएका छन्। चितवनको भरतपुर विमानथस्थलमा सञ्चारकर्मीसँग प्रतिक्रिया दिँदै देउवा र नेता कोइरालासँग लिखित सहमति भइसकेकाले कार्कीलाई केन्द्रको गठबन्धनले पनि विश्वासको मत दिने बताए।

उनले कोशीमा कार्कीलाई विश्वासको मत दिएर गठबन्धन जोगाउने, तर सर्वपक्षीय सरकारको सम्भावना नभएको बताएका थिए। 'वास्तवमा एउटा समस्या थियो, तर त्यसलाई सेटलमेन्टमा लगिएको छ। यसले अन्ततः गठबन्धन बलियो हुने ठाउँतिर नै अगाडि बढ्छ। म, कांग्रेस सभापति शेरबहादुर देउवा र शेखर कोइरालाबीच गठबन्धन अझै दृढ बनाउन स्पष्ट छौं र कुनै पनि हालतमा गठबन्धनलाई कमजोर बनाउने नदिने समझदारी बनाएका छौं। अब कार्कीजी मुख्यमन्त्री बन्नुभएको छ, उहाँ हामी सबैको मुख्यमन्त्री हुनुभएको छ। समस्याको सेफ ल्यान्डिङ गरिएको छ। कोशीमा कार्कीलाई विश्वासको मत दिन्छौं, गठबन्धनलाई झनै बलियो बनाएर जान्छौं,' प्रधानमन्त्री प्रचण्डको भनाइ थियो।

कांग्रेस संस्थापनले तत्काल गठबन्धन जोगाउन शंकासहित कार्कीलाई मुख्यमन्त्री स्विकार्ने सहमति बनेको जिकिर गरेको छ। प्रचार विभाग प्रमुख मीन विश्वकर्माले अन्तिम अवस्थामा पार्टीको असन्तुष्टि व्यवस्थापन गरेर गठबन्धन जोगाउने गरी सहमति बनेको बताए। उनले सरकारमा सहभागिता र समर्थनलगायत विषयमा घटनाक्रमका आधारमा निर्णय लिइने बताए।

'तत्कालका लागि गठबन्धनमा उत्पन्न परिस्थिति र पार्टीको टुटफुटलाई जोगाउने गरी डा. शेखर कोइराला सहमत हुनुभएको हो। हामीले गठबन्धनको मुख्यमन्त्रीका रूपमा स्वीकार गरेका छौं। मुख्यमन्त्री नियुक्तिमा हामीले कुनै बाधा अवरोध गरेनौं,' विश्वकर्माले भने, 'एमालेले समर्थन गरेकाले उहाँहरूबीच छलफल होला। त्यसपछिका घटनाक्रमका आधारमा सरकारमा सहभागि हुने-नहुने लगायत विषय टुंगो लाग्छन्। दुवैले विश्वास पनि गरेको अवस्था छ, दुवैले शंका पनि गरेको अवस्था छ। यसपछिका पर्ख र हेरकै रणनीतिमा छौं।'

अर्कोतर्फ एमालेले आफ्नो समर्थनमा कांग्रेस नेतृत्वमा सरकार बनेसँगै पुरानो गठबन्धन तोडिएको दाबी गरेको छ। उपमहासचिव पृथ्वीसुब्बा गुरुङले गठबन्धन टुटिसकेकाले एमाले र कांग्रेसबाट विद्रोह गरेकालाई समेटेर मन्त्रिपरिषद् विस्तार हुने दाबी गरे। 'उहाँहरूले गठबन्धन जोगायौं भनेर भन्दैमा हुँदैन, गठबन्धन टुटिसक्यो। एमालेको समर्थनमा बनेको सरकार हो, एमाले सरकारमा सहभागी नहुने भन्ने हुँदैन, आइतबार शपथपछि सानो आकारको मन्त्रिपरिषद् बन्छ। एमाले र कांग्रेसबाट समर्थन गरेका साथीहरूमध्येबाट मन्त्री बन्नुहुन्छ। को-को सहभागी हुने भन्ने छलफलकै क्रममा छ,' गुरुङले नयाँ पत्रिकासँग भने।

कांग्रेस नेता ज्ञानेन्द्रबहादुर कार्कीले ठोस निष्कर्षमा नपुगेको र पार्टीमा पर्याप्त छलफलबाट टुंगो लाग्ने बताए। 'केन्द्रमा गठबन्धन जोगाउने तीन नेताबीच सहमति भएको छ। मुख्यमन्त्री पनि नियुक्त भइसक्नुभएको छ। तर, त्यसपछिको परिस्थितिको विश्लेषण हुन बाँकी छ। सरकारमा सहभागी हुने-नहुने या के गर्ने भन्ने निष्कर्षमा पुगिसकेका छैनौं,' उनले भने।

कांग्रेस केन्द्रीय सदस्य तथा कोशी प्रदेश सांसद भीम पराजुलीले पार्टीमा छलफल हुन बाँकी रहेको बताए। 'हामी छलफल गरेर टुंगो लगाउँछौं,' उनले भने। मुख्यमन्त्री नियुक्त भएलगत्तै शनिबार नै कोशी कांग्रेस संसदीय दलका नेता उद्धव थापाले संसदीय दलको नेताबाट राजीनामा दिएका छन्।

प्रदेश प्रमुख परशुराम खापुङ्ले संविधानको धारा १६८ को उपधारा (५) बमोजिम मुख्यमन्त्री पदमा नियुक्त गरेका हुन्। कार्कीलाई मुख्यमन्त्री नियुक्त गर्नुअघि एमालेका ३९ तथा कांग्रेसका आठ प्रदेश सभा सदस्यले प्रदेश प्रमुखको कार्यालयमा गएर हस्ताक्षर सनाखत गरेका थिए। काठमाडौंमा प्रधानमन्त्री प्रचण्ड र कांग्रेस सभापति देउवाले डा. कोइरालासँग सहमति गरेपछि सनाखतमा गठबन्धनका इन्द्रबहादुर आङ्बो पक्षका सांसदहरू उपस्थित भएनन्।

प्रदेश प्रमुखले सरकार गठनका लागि आह्वान गरेपछि कोशी प्रदेश सभा सदस्य कार्कीले र माओवादी संसदीय दलका नेता इन्द्रबहादुर आङ्बोले पनि ४७-४७ सांसदको हस्ताक्षर बुझाएका थिए। त्यसमा आठजना कांग्रेस सांसदको दुवैतिर हस्ताक्षर थियो। सोही कारण प्रमुख खापुङ्ले प्रमाण खुल्ने प्रमाणपत्रसहित सशरीर कार्यालयमा उपस्थित भई सनाखत गराउने निर्णय लिएका थिए। यस्तो सनाखतमा कांग्रेसका कार्कीसहित इन्दिरा थापा, शमशेर राई, लीलाकुमारी राई, गोविन्द गिरी, सुनिताकुमारी गुरुङ, रामकुमार खत्री र मानबहादुर लिम्बूले प्रदेश प्रमुखको कार्यालयमा सनाखत गरेका थिए।

कार्कीले ३० दिनभित्र विश्वासको मत लिनुपर्नेछ। उनले विश्वासको मत नपाए प्रदेशमा मध्यावधिमा जाने एक मात्र विकल्प रहनेछ।

मनाङ एयरलाई...

पृष्ठ १ बाट क्रमशः

सोलुखुम्बुमा दुर्घटना भएका हुन्। पछिल्लोपटक शनिबार सोलुखुम्बुको लुक्लाबाट उडेको मनाङ एयरको 'एन-एनजे' कलसाइन हेलिकोप्टर खुम्बुपासाङल्हामु गाउँपालिका- ४ लोबुचेमा दुर्घटना भएको हो, जसमा चालक घाइते भएका छन्। यसअघि गत २६ असारमा पहिलो होलिकोप्टर दुर्घटना हुँदा चालकदलका एक सदस्यसहित ६ जनाको मृत्यु भएको थियो। दुवै हेलिकोप्टर दुर्घटनामा परेपछि अहिले मनाङ एयर अहिले जहाजविहीन भएको छ। पछिल्लो दुर्घटनाको विस्तृत अध्ययनका लागि प्राधिकरणको प्राविधिक टोली आज (आइतबार) हेलिकोप्टर दुर्घटना भएको क्षेत्रमा जानेछ।

प्राधिकरणको हवाई सुरक्षा प्रतिवेदन 'एभिएसन सेफ्टी रिपोर्ट-२०२३' अनुसार हालसम्म नेपालमा विभिन्न कम्पनीका ३९ वटा हेलिकोप्टर दुर्घटना भएका छन्। ती दुर्घटनामा ९० जनाको मृत्यु भएको छ।

वायुसेवा सञ्चालन अनुमति तथा प्रमाणपत्र प्रदान गर्दा उल्लेख भएको सर्तको पालना नगरेमा वा त्यस्तो व्यवस्था र सर्तविपरीत कार्य गरेमा महानिर्देशकले त्यस्तो वायुसेवा सञ्चालन संस्थालाई प्रदान गरिएको वायुसेवा सञ्चालन अनुमति तथा प्रमाणपत्र बढीमा ६ महिनासम्मका लागि निलम्बन वा प्रमाणपत्र नै रद्द गर्न आदेश दिन सक्ने कानुनी व्यवस्था छ। सोही व्यवस्थाअनुसार मनाङ एयरको उडानमा तीन महिनाका लागि रोक लगाइएको हो। त्यस्तै, नागरिक उड्डयन प्राधिकरण नियमावलीअनुसार वायुसेवा सञ्चालन अनुमति तथा प्रमाणपत्र निलम्बन वा रद्द गर्ने सम्बन्धमा कारबाही अघि बढाएको अवस्थामा महानिर्देशकले त्यस्तो वायुसेवाको उडानमा रोक लगाउन सक्छन्।

घाइते पाइलटलाई उपचारका लागि लगियो भारत



मनाङ एयरको हेलिकोप्टर दुर्घटनामा घाइते भएका पाइलट प्रकाश सेढाईंलाई उपचारका लागि भारत लगिएको छ। दुर्घटनास्थलबाट उद्धार गरी काठमाडौंको ह्याम्स अस्पतालमा ल्याइएका उनलाई परिवार र एयरलाइन्सको सल्लाहमा ह्याम्सकै विशेषज्ञ टोलीले मेडिकल स्कर्टिङ गरेर मुम्बईस्थित नेसनल बर्न सेन्टर लगेको हो। श्री एयरलाइन्सको चार्टर्ड उडानमा शनिबार राति भारत लगिएको अस्पतालले जनाएको छ। ह्याम्स अस्पतालका अनुसार पाइलट सेढाईंको मुखको भाग, हातखुट्टालगायत ४५ देखि ५० प्रतिशत शरीर जलेको चिकित्सकले बताएका छन्। साथै, उनको फोक्सो, मेरुदण्डको हड्डी तथा किड्नीमा पनि समस्या रहेको विज्ञप्तिमार्फत जानकारी दिएको छ।

व्यक्तिका नाममा...

पृष्ठ १ बाट क्रमशः

सर्वोच्चका न्यायाधीशद्वय ईश्वर खतिवडा र कुमार चुडालको इजलासले लिखत बदर र जालसाजी मुद्दामा फैसला सुनाएको हो। योसँग नेपाल प्रहरी प्रशिक्षण प्रतिष्ठानले दायर गरेको मुद्दामा पुरानो फैसला उल्टी भएको छ। ९ असोजमा आएको फैसलाको पूर्णपाठ भने आउन बाँकी छ।

सो जग्गा प्रहरीले १० फागुन ०६० मा स्थानीय यदुप्रसाद सापकोटा, गोविन्दप्रसाद सापकोटा र प्रेमप्रसाद सापकोटासँग खरिद गरेको थियो, जहाँ हाल भारत सरकारको अनुदान सहयोगमा प्रहरी प्रतिष्ठानका लागि आधुनिक तालिम प्रतिष्ठान निर्माण भइरहेको छ। उनीहरूका सन्तानले आफूहरूलाई अंश नदिई जग्गा बिक्री गरेको भन्दै अदालतमा मुद्दा दायर गरेकोमा काभ्रे जिल्ला अदालत र पाटन उच्च अदालतले उनीहरूकै पक्षमा फैसला गरिदिएको थियो। त्यसविरुद्ध प्रहरी सर्वोच्च गएकोमा प्रहरीकै पक्षमा फैसला आएको हो।

जग्गा बिक्री गरेको पाँच वर्षपछि उनीहरूले जिल्ला अदालत काभ्रेमा प्रहरी प्रतिष्ठान र आफ्ना बुबालाई प्रतिवादी बनाई मुद्दा दायर गरेका थिए। जसमा जिल्ला अदालत काभ्रेका तत्कालीन न्यायाधीश लेखनाथ रेग्मीले २३ मंसिर ०६६ मा उनीहरूकै पक्षमा फैसला गरेका थिए। पछि उच्चले पनि २१ भदौ ०६८ मा प्रहरीको विपक्षमा फैसला दिएको थियो। उच्च अदालत पाटनका तत्कालीन न्यायाधीशद्वय दीपककुमार कार्की तथा रामचन्द्र यादवको इजलासले यस्तो फैसला गरेको हो। प्रहरीले ८ कात्तिक ०७३ मा सर्वोच्चमा पुनरावेदन गरेको थियो। जसमा सात वर्षपछि फैसला आएको हो। जालसाजी मुद्दाका प्रतिवादीहरू सन्तोष सापकोटा, संघर्ष सापकोटा, सहदेव सापकोटा, सुभद्रा सापकोटा, केदार सापकोटा, रीताकुमारी सापकोटा र महेश्वर सापकोटालाई सजायसमेत हुने भएको छ। पूर्णपाठ नआएकाले त्यसबारे विस्तृत खुलाइएको छैन।

प्रतिष्ठानकै जग्गा हिनामिनाको अर्को घटनामा सिआइबीको अनुसन्धान जारी

काभ्रेको पनौतीमा निर्माणाधीन राष्ट्रिय प्रशिक्षण प्रतिष्ठानको जग्गा हिनामिना प्रयासको अर्को घटनामा प्रहरीको केन्द्रीय अनुसन्धान ब्युरो (सिआइबी)ले अनुसन्धान गरिरहेको छ। वन क्षेत्रमा पर्ने सो जग्गा नेपाल सरकारले भोगचलनका लागि ०५२ मै प्रहरीलाई दिएकोमा एक स्थानीयले आफ्नो दाबी गर्दै नक्कली कागजपत्र तयार पारी हत्याउने प्रयास गरिरहेको विषयमा सिआइबीमा किर्तेको जाहेरी दर्ता भएको छ। पनौतीकै पुष्करबहादुर बस्नेतले ३६ रोपनी दुई पैसा क्षेत्रफलको सो जग्गा हत्याउन मालपोत र नापी कार्यालयकै कागजपत्र किर्ते गरेको प्रहरी छानबिनमा पुष्टि भएको छ। उनले आफ्नो नाममा दर्ताको माग गरी हाल सर्वोच्चमा समेत मुद्दा हालेका छन्। बस्नेत मालपोतकै पूर्वनायब सुब्बा हुन्।

१५ साउन ०५२ मा मन्त्रिपरिषद्को निर्णयले सो जग्गा प्रहरीलाई भोगचलन गर्न दिने निर्णय गरेको थियो। वन क्षेत्रको जग्गा प्रहरीको नाममा नामसारी गर्न नमिल्ने भएकाले भोगचलनको अधिकार मात्र दिइएको थियो। पनौती नगरपालिका- ६ मा पर्ने सो जग्गा कित्ता नम्बर ७५ अन्तर्गत पर्छ। नेपाल सरकारको निर्णयअनुसार ०५२ देखि नै प्रहरीले भोगचलन गर्दै आएको छ। नापी हुँदा सो जग्गा वनक्षेत्रमा पर्ने उल्लेख थियो। नापी फर्म नम्बर १ क्षेत्रीय किताबमा पटक-पटक सच्याइएको छ। जग्गाको लगतसमेत केरमेट भएको छ। तत्कालीन फरेस्टर बेचन चौधरीको समेत हस्ताक्षर किर्ते भएको स्रोत बताउँछ। सरकारले सो जग्गा प्रहरीलाई दिएकोमा सरकारी कागजपत्र भोगहकसमेत मेटाइएको प्रारम्भिक छानबिनमा खुलेको छ।

पछि बस्नेतले भाउजू कान्छी बस्नेतलाई जिल्ला अदालत काभ्रेमा अंश मुद्दा हाल्न लगाएका थिए। उक्त जग्गासमेत दाबी गरी मुद्दा हाल्न लगाएकोमा जिल्ला अदालत काभ्रेले तिरो तिरेको जग्गा दर्ता भएका वेला उनलाई दिन आदेश दिएको थियो। सो आदेशअनुसार नजिकैको १२ रोपनी जग्गा उनको नाममा दर्ता भइसकेको छ। अदालतको सोही निस्सा देखाएर थप ३६ रोपनी जग्गा दाबी गर्दै उनी ०७४ मा मालपोत गए। तर, वनको जग्गा प्रस्ट देखिएको र कागजपत्रमा केरमेट देखेपछि मालपोतका कर्मचारीले दर्ता गर्न मानेनन्। त्यसविरुद्ध बस्नेत सर्वोच्च गएका छन्। सर्वोच्चमा मुद्दा दायर गर्दा प्रहरीलाई प्रतिवादी बनाएपछि मात्र प्रहरीले यसबारे जानकारी पाएको हो। अंशबन्डाको घुमाउरो तरिका प्रयोग गरी योजनाबद्ध रूपमा उनले सो जग्गा हात पार्ने योजना बनाएको प्रहरी अधिकारी बताउँछन्।

सो जग्गा आफ्नो भएको दाबी गर्न उनले त्यसको तिरो तिरेको प्रमाण पेस गरेका छन्। तर, मालपोत कार्यालयका अनुसार सो तिरो अर्को १२ रोप नीसँगैको जग्गाको हो। जसकारण उनले अदालतलाई समेत भ्रममा पार्न खोजेको प्रहरी अधिकारी बताउँछन्। नापी कार्यालयको फिल्डबुकमा सो जग्गा खर चाहार भन्ने उल्लेख छ। खर चाहार भन्नाले जंगल भएको जग्गा भनेर बुझिन्छ। सो जग्गा ०५२ देखि नै प्रहरीले रोक्का राख्दै आएको छ।

आइसिसी एकदिवसीय विश्वकप

पाकिस्तानविरुद्ध भारतको अपराजित यात्रा कायमै

अहमदाबादमा पाकिस्तानलाई सात विकेटले हराउँदै भारतले अपराजित यात्रा आठौँ खेलसम्म पुऱ्यायो

अहमदाबाद/ आइसिसी एकदिवसीय विश्वकपमा भारतले पाकिस्तानविरुद्धको अपराजित यात्रा आठौँ खेलसम्म पुऱ्याएको छ। शनिबार अहमदाबादस्थित नरेन्द्र मोदी मैदानमा भारतले पाकिस्तानविरुद्ध सात विकेटको सानदार जित निकालेको हो। प्रतिस्पर्धात्मक हुने अनुमान गरिए पनि पाकिस्तान घरेलु टोली भारतविरुद्ध निरीह भयो। पाकिस्तान भारतविरुद्ध बलिङ, ब्याटिङ र फिल्डिङमा चुक्यो। कुनै पनि समय पाकिस्तानले भारतलाई दबाबमा राख्न सकेन।

भारतले एक सय ९२ रनको विजयी लक्ष्य तीन विकेट गुमाएर ३०.३ ओभरमा पूरा गरेको थियो। कप्तान रोहित शर्मा र श्रेयस अय्यरले अर्धशतकीय इनिङ्स खेले। उनले तेस्रो विकेटका लागि श्रेयस अय्यरसँग ७७ रनको बलियो साझेदारी गरेका थिए। पाकिस्तानका तर्फबाट कप्तान बाबर आजमले अर्धशतक बनाए पनि अन्य ब्याटर ठूलो रन बनाउन चुकेका थिए। मोहम्मद रिजावले ४९ रन बनाएर आउट भए। भारतका पाँच बलरले समान दुई विकेट लिए। जितपछि भारतका कप्तान रोहितले बलिङ राम्रो भएको बताए। 'हाम्रो बलिङ निकै राम्रो भयो। यो पिचमा २८०-२९० बन्ने गर्छ। तर, बलरले १९० मै पाकिस्तानलाई रोक्नु धेरै राम्रो हो,' रोहितले भने, 'हामीले ६ अंक जोडेका छौँ। प्रत्येक खेल जित्दै जानुपर्छ,' उनले भने।

भारत प्रतियोगितामा अपराजित छ। तीन खेलबाट ६ अंकसहित शीर्ष स्थानमा उक्लन सफल भयो। समान ६ अंक भए पनि भारतले न्युजिल्यान्डलाई नेट रनरेटमा पछि पारेको हो। पहिलो हार बेहोरेको पाकिस्तान चार अंकसहित चौथो स्थानमा छ। यसअघि भारतले अस्ट्रेलियालाई ६ विकेट र अफगानिस्तानविरुद्ध आठ विकेटको जित निकालेको थियो। पाकिस्तानले नेदरल्यान्ड्सलाई पहिलो खेलमा ८१ रनले हराएको थियो भने दोस्रो खेलमा श्रीलंकालाई ६ विकेटले पराजित गऱ्यो।

पाकिस्तानका कप्तान बाबरले सुरुवात उत्कृष्ट भए पनि योजनाअनुसार खेल्न नसकेको प्रतिक्रिया दिए। 'हामीले सुरुवात राम्रो गर्‍यौँ। साझेदारी पनि सफल भएको थियो। सामान्य क्रिकेट खेल्दै अगाडि बढ्ने योजना थियो। मध्यक्रम नचल्दा सफल भएनौँ,' बाबरले भने। अहमदाबादको पिचमा दुई सय ९० को लक्ष्य राखे पनि सफल नभएको बाबरले बताए।



चलेन साहिनको स्विङ

तीव्र गतिका बलर साहिन शाह अफ्रिदीले २.५ ओभरमै शुभमन गिलको विकेट लिँदै पाकिस्तानको आशा बढाएका थिए। अफ्रिदीले गिललाई सादव खानबाट क्याच गराएका हुन्। तर, रोहितले विस्फोटक ब्याटिङ गरेपछि पाकिस्तानी बलरको केही चलेन। विराट कोहली ९.५ ओभरमा हसन अलीको बलमा मोहम्मद नवाजबाट क्याच भए। २१.४ ओभरमा रोहितलाई साहिन साह अफ्रिदीले अहमेद अफ्तिखरबाट क्याच गराएका थिए। साहिनले दुई विकेट लिए पनि अन्य बलरले सानदार प्रदर्शन गर्न सकेनन्। साहिनको पनि सोचेजस्तो बलिङ रहन सकेन।

पाकिस्तानको मध्यक्रम चलेन

टस हारेर ब्याटिङमा आएको पाकिस्तानले सुरुआत उत्कृष्ट गऱ्यो। तर, मध्यक्रममा ब्याटर चल्न नसक्दा पाकिस्तान ठूलो स्कोर बनाउन चुकेको थियो। बाबरले मात्रै अर्धशतक बनाए। रिजवान ४९ रनमा आउट भएका थिए। बाबर आउट हुँदा तेस्रो विकेट गुमाएको पाकिस्तानको खातामा एक सय ५५ रन थियो। तर, उनी आउट भएपछि कुनै पनि खेलाडी क्रिजमा लामो समय टिक्न सकेनन्। बाँकी ३६ रन बनाउने क्रममा पाकिस्तानको आठ विकेट गएको थियो। पाकिस्तान ४२.५ ओभरमा अलआउट हुँदा मात्र एक सय ९१ रन बनायो। पाकिस्तानी इनिङ्समा कुनै पनि खेलाडीले छक्का प्रहार गर्न सकेनन्। बाबरले ५८ बलमा सात चौकासहित ५० रन बनाए। उनलाई मोहम्मद सिराजले बोल्ड गरेका हुन्। ६९ बलमा सात चौकासहित ४९ रन बनाएका रिजवान बुमराहको बलमा बोल्ड भए। यसअघि ओपनर अब्दुल्लाह साफिकले २० र इमाम उल हकले ३६ रन बनाएका थिए। तेस्रो विकेटका लागि रिजवान र बाबरले ८२ रनको बलियो साझेदारी गरे। पहिलो विकेट गुमाउँदा पाकिस्तानले ४१ रन बनाएको थियो। हसन अलीले १२ रन बनाउनेबाहेक कुनै पनि खेलाडीले दोहोरो अंकमा रन बनाउन सकेनन्।

कप्तान रोहित र श्रेयसको सानदार ब्याटिङ

एक सय ९२ रनको लक्ष्य पछ्याएको भारतले सानदार जित निकाल्न सफल भयो। कप्तान रोहित र श्रेयसले अर्धशतकीय इनिङ्स खेलेका थिए। रोहितले पहिलो बलमै चौका प्रहार गर्दै सानदार सुरुवात गरेका थिए। रोहितले ६३ बलमा समान ६ छक्का र चौका प्रहार गर्दै ८६ रन बनाएका हुन्। शुभमन गिल र विराट कोहली समान १६ रन बनाएर आउट हुँदा रोहितले बलियो साझेदारी गर्न पाएनन्। चोथो नम्बर क्रिजमा आएका श्रेयसले रोहितसँग मिलेर ७७ रनको साझेदारी गरेपछि भारत सहज जिततर्फ लम्किएको थियो। श्रेयसले ६२ बलमा तीन चौका र दुई छक्कासहित अविजित ५३ रन बनाएका थिए। लोकेशकुमार राहुलले १९ रनको योगदान गरे।

कोहली र रोहितले दोस्रो विकेटका लागि ५६ रनको साझेदारी गरेका थिए। श्रेयस र राहुलले अविजित ३६ रनको साझेदारी गरे। यसअघि नवौँ ओभरमा विराट रनआउट हुनबाट बचेका थिए। तर, १०औँ ओभरमा क्याचआउट भए। नवौँ ओभरमा रोहित र विराटबीच तालमेल भएन। जसको सिकार हुनबाट रोहित बचेका थिए। साहिन अफ्रिदीको थ्रो स्टम्पमा लागेन। जसको कारण विराटले जीवनदान पाएका थिए।

भारतका पाँच बलरले दुई विकेट लिए

पाकिस्तानविरुद्ध भारतले ६ बलर प्रयोग गरेको थियो। जसमा पाँच बलरले समान दुई विकेट लिन सफल भएका थिए। प्लेयर अफ दी म्याच जसप्रित बुमराह, मोहम्मद सिराज, हार्दिक पाण्ड्या, कुलदीप यादव र रवीन्द्र जडेजाले समान दुई विकेट लिए। दुई ओभर बलिङ गरेका सार्दुल ठाकुरले विकेट लिन सकेनन्।

अंक तालिका

देश	खेल	जित	हार	अंक
भारत	३	३	०	६
न्युजिल्यान्ड	३	३	०	६
दक्षिण अफ्रिका	२	२	०	४
पाकिस्तान	३	२	१	४
इंग्ल्यान्ड	२	१	१	२
बंगलादेश	३	१	२	२
श्रीलंका	२	०	२	०
नेदरल्यान्ड्स	२	०	२	०
अस्ट्रेलिया	२	०	२	०
अफगानिस्तान	२	०	२	०

आजको खेल

अफगानिस्तान विरुद्ध इंग्ल्यान्ड

समय: दिउँसो २:१५ बजे

स्थान : अरुण जेट्ली रंगशाला, दिल्ली

खेल संक्षेप

चिडिया दह सेमिफाइनलमा

काठमाडौँ/ दोस्रो चन्द्रपुर च्यालेन्ज कपको उद्घाटन खेलमा आयोजक चिडियादह स्टार क्लब 'ए'ले मकवानपुरको हेटौँडा फुटबल एकेडेमीविरुद्ध २-० को सहज जित निकालेको छ। रौतहटको चन्द्रपुर नगरपालिका-५ स्थित चिडियादह क्लबको मैदानमा शनिबारबाट सुरु भएको खेलमा घरेलु टिमलाई जित दिलाउन अभि लामा र सञ्जीव कार्कीले गोल गरेका थिए। खेलको २५औँ मिनेटमा अभिले गरेको गोलबाट चिडियादहले अग्रता बनाएको थियो। पहिलो हाफमा एक गोल गरेको चिडिया दहले दोस्रो हाफमा पनि एक गोल थप्यो। खेलको निर्धारित समय सकिन आठ मिनेट बाँकी रहँदा सञ्जीवले गोल गर्दै घरेलु टिमको अग्रता दोब्बर पारेका हुन्। यसपछि थप गोल हुन नसक्दा चिडियादह जितसहित सेमिफाइनल प्रवेश गऱ्यो।

होमलाल काठमाडौँ म्याराथनमा पहिलो

काठमाडौँ/ विभागीय टोली त्रिभुवन आर्मी क्लबका होमलाल श्रेष्ठले १५औँ काठमाडौँ म्याराथनको उपाधि जितेका छन्। शनिबार होमलालले निर्धारित ४२.१९ किलोमिटरको दूरी २ घन्टा ३० मिनेट २५ सेकेन्डमा पूरा गरेका हुन्। उपाधिसँगै होमलालले एक लाख नगद र एक थान इलेक्ट्रिक स्कुटर पुरस्कार पाए। एपिएफका सन्तोष विष्ट दोस्रो र राजन चौधरी तेस्रो भएका थिए। सन्तोषले ५० हजार र राजनले २५ हजार जितेका छन्। यसअघि १२औँ संस्करणको उपाधि पनि होमलालले नै जितेका थिए। हाफ म्याराथनको उपाधि पुरुषतर्फ आर्मीका खड्गबहादुर खड्का र महिलातर्फ विन्द्रा श्रेष्ठले जितेका छन्।

देवराज र प्रियालाई उपाधि

धरान/ प्रथम इन्टरनेसनल ट्रेल रेसको उपाधि देवराज बस्नेत र प्रिया राईले जितेका छन्। धरान रन तथा नेपाल रन युकेको संयुक्त आयोजनामा शनिबार भएको रेसमा निर्धारित २१ किलोमिटरको दूरी नेपाल आर्मीका देवराज बस्नेतले एक घन्टा ३२ मिनेट २५ सेकेन्डमा पूरा गर्दै पुरुषतर्फको उपाधि जितेका हुन्। महिलातर्फ प्रथम बनेकी खोटाङकी प्रिया राईले निर्धारित २१ किलोमिटरको दूरी दुई घन्टा दुई मिनेटमा पूरा गरेकी थिइन्। उपाधिसँगै दुवैले समान ३० हजार प्राप्त गरे। प्रतियोगिताको पुरुषतर्फ नेपाल आर्मीकै गोविन्द कार्की दोस्रो र ताप्लेजुङका रमेश लिम्बू तेस्रो भए। महिलातर्फ सुनसरीकी कल्पना राई दोस्रो र भोजपुरकी जुलिन राई तेस्रो भए। दोस्रो भएका दुवैले २० हजार र तेस्रो भएकाले १० हजार नगद प्राप्त गरेका छन्। भेट्रान पुरुषतर्फ धरानका मंगल तामाङ र धरानकी जमुना लिम्बूले उपाधि जिते। कार्यक्रमका प्रमुख अतिथि धरानका मेयर हर्क साम्पाङले विजेतालाई नगद तथा पुरस्कार प्रदान गरेका थिए। प्रतियोगितामा जर्मनी, युके, भारतसहित नेपालबाट एक सय ५० धावक सहभागिता भएका थिए।

भुवन प्रथम

गुल्मी/ गुल्मी मुसिकोट-८ का भुवन खत्री 'जाउँ हिर्डौं रेसुंगा' १० किलोमिटर दौड प्रतियोगितामा पहिलो भएका छन्। निर्धारित १० किलोमिटर दौडलाई ३५ मिनेट लगाउँदै १७ वर्षीय भुवन पहिलो भएका हुन्। तम्घासको लाँकुरीमञ्चदेखि रेसुंगा महापोखरीसम्मको दूरीमा भाग लिन गुल्मी, पाल्पा, रुपन्देही र अर्घाखाँचीका ४३ धावकको सहभागिता रहेको थियो। जिल्ला खेलकुद विकास समिति गुल्मीले आयोजना गरेको प्रतिस्पर्धामा नेपाली सेनाका शुक्र रोकाय दोस्रो भए। अर्घाखाँचीका रोहित अधिकारी तेस्रो भएका छन्। विजेताले १५ हजार, दोस्रोले आठ हजार र तेस्रोले पाँच हजार पाएका छन्।

धावक मानन्धर सम्मानित

काठमाडौँ/ उज्ज्वल तारा स्कुल काँडाघारीले म्याराथन धावक बैकुण्ठ मानन्धरलाई नगद २५ हजारसहित 'उज्ज्वल तारा खेल सम्मान-२०८०' बाट सम्मान गरेको छ। विद्यालयले गत असोज ८ गते घोषणा गरेको १५ हजार पाँच सय ५५ रुपैयाँ राशिमा थप ९ हजार चार सय ४५ रुपैयाँ थपेको हो। सातौँ संस्करणको 'उज्ज्वल तारा दसैँ रन फर गुड हेल्थ'को शनिबार बिहान धावक मानन्धरले उद्घाटन गरेका थिए। दौडमा वरिष्ठ मुटुरोग विशेषज्ञ डा. भगवान कोइराला, कागेश्वरी मनोहरा नगरपालिकाका प्रमुख उपेन्द्र कार्कीको उपस्थिति थियो।

विद्यालयले विगत ७ वर्षदेखि हरेक वर्ष ५ किलोमिटर दूरीको दौड आयोजना गर्दै आएको छ। ७ सय धावकको सहभागिता रहेको दौडको पुरुष खुलातर्फ गजेन्द्र राई पहिलो, अजितकुमार यादव दोस्रो र श्रीकेश राई तेस्रो भएका छन्। महिला खुलातर्फ निर्मला केसी पहिलो, पदमकुमारी सुनुवार दोस्रो र स्वस्तिका तिन्वा तेस्रो भएका छन्। विजेताले १५ हजार, उपविजेताले १० हजार र तेस्रो हुनेले ५ हजार नगद प्राप्त गरेका छन्। यसैगरी, अभिभावक पुरुषतर्फ सुनिल कार्की र महिलातर्फ उमा खड्का पहिलो भए। ज्येष्ठ नागरिक पुरुषतर्फ विक्रम महर्जन र महिलातर्फ कुमारी मगर पहिलो भएका छन्। युगलतर्फ गोविन्द र कविता कार्कीको जोडी पहिला भएका छन्।

निश्चल र प्रश्ना सर्वोत्कृष्ट

नयाँ पत्रिका

खरिबोट र बालाजु च्याम्पियन मार्सल आर्ट एकेडेमीद्वारा आयोजित एकदिने प्रथम च्याम्पियन मार्सल आर्ट एकेडेमी जुनियर कराँते च्याम्पियनसिप सम्पन्न भएको छ। १३ टोली सहभागी प्रतियोगितामा तीन सयभन्दा बढी खेलाडीको सहभागिता रहेको थियो। ११औँ दक्षिण एसियाली खेलकुद (साग)का स्वर्ण पदक विजेता तथा च्याम्पियन मार्सल आर्टका निर्देशक सुनिल लामाको सहयोगमा प्रतियोगिता सम्पन्न भएको हो।

पुरुष एकल कातातर्फ इचङ्गु डोजोका नीरज बस्नेत पहिलो भएका थिए। महिला एकल कातातर्फ इचङ्गुकै रेनिसा रिमाल प्रथम भइन्। महिलातर्फ १५ केजीमा च्याम्पियन मार्सल आर्टकी रोज्ली थापा पहिलो, २० केजीमा मनमैजु डोजोकी प्रश्ना ढकाल पहिलो, २५ केजीमा च्याम्पियन मार्सल आर्टकी रसिका पुडासैनी पहिलो, ३० केजीमा मनकामना डोजोकी बिनिता कुँवर पहिलो, ४५ केजीमा इचङ्गु डोजोकी सोनाम शेर्पा प्रथम भएका छन्। यसैगरी, निमा तामाङ, बिनिता कुँवर, अलिसा गुरुङ, युनिका राई, समीक्षा रानामगर, निश्चल खड्का, गौरव सुवेदी, डेबिट रानामगर, सबिर श्रेष्ठ, अनिल बराम, नीराजन बस्नेत र आयुष गजुरेल प्रथम भएका छन्।

महिला र पुरुषतर्फ सर्वोत्कृष्ट खेलाडी निश्चल खड्का र प्रश्ना ढकालले एक सय ५० डलर पुरस्कार पाएका छन्। टिम इभेन्टमा इचङ्गु डोजो पहिलो, च्याम्पियन मार्सल आर्ट दोस्रो र मनकामना डोजो तेस्रो भएका छन्। खेलका अवसरमा वरिष्ठ पत्रकार अजय फुयाँललाई सम्मान गरिएको थियो। विजेता खेलाडीलाई नेपाल कराँते महासंघका अध्यक्ष युवराज लामाले पुरस्कृत गरेका थिए। प्रतियोगिता १३औँ सागका दोहोरो स्वर्ण पदक विजेता मन्देकाजी श्रेष्ठको संयोजनमा सम्पन्न भएको थियो।



पोर्चुगल, फ्रान्स र बेल्जियम युरोमा सुरक्षित



एजेन्सी/ पोर्चुगल, फ्रान्स र बेल्जियमले सन् २०२४ को युरोमा स्थान सुरक्षित गरेका छन्। आयोजक जर्मनीले भने स्वतः युरोपियन च्याम्पियनसिपमा स्थान बनाएको छ। शनिबार बिहानको खेलसँगै पोर्चुगल, फ्रान्स र बेल्जियम युरोमा छनोट भएका हुन्। जर्मनीको १० सहरमा आयोजना हुने युरोमा २४ टोलीले सहभागिता जनाउनेछन्। जारी छनोट खेलमा ५३ राष्ट्र सहभागी भइसकेका छन्। बेल्जियमका रोमेलु लुकाकुले सर्वाधिक ९ गोल गरिसकेका छन्।

रोनाल्डोको दुई गोल

क्रिस्टियानो रोनाल्डोको दुई गोलप्रेरित पोर्चुगलले समूह 'जी'को खेलमा स्लोभाकियालाई ३-२ ले हराएको छ। पोर्चुगलका लागि अर्को गोल गोन्कालो रामोसले गरे। जितपछि ७ खेलबाट २१ अंक जोडेर शीर्ष स्थानमा रहेको पोर्चुगल तीन खेलअगावै युरोमा स्थान बनायो। शीर्ष स्थानमा रहेको पोर्चुगल दोस्रो स्थानको स्लोभाकियाभन्दा आठ अंकले बढी छ। पोर्चुगलले सात खेलमा मात्र दुई गोल बेहोर्दै २५ गोल गरेको छ। स्लोभाकिया समान खेलबाट १३ अंकसहित दोस्रो स्थानमा छ। लक्जमबर्ग ११ अंकसहित तेस्रो स्थानमा छ।

रोनाल्डोले पोर्चुगलका लागि दुई सय दुई खेलमा एक सय २५ गोल गरेका छन्। खेलको १८औँ मिनेटमा गोन्कालोले अग्रता दिलाएका थिए। २९औँ मिनेटमा रोनाल्डोले पेनाल्टीमार्फत गोल गरेका हुन्। हान्स्कोले ६९औँ मिनेटमा अग्रता २-१ मा झारेका थिए। ब्रुनो फर्नान्डेजले मिलाएको पासमा गोल गर्दै रोनाल्डोले पोर्चुगललाई ३-१ को अग्रता दिलाएका थिए। डुडाको पासमा लोबोत्काले स्लोभाकियाका लागि दोस्रो गोल गरेका थिए।

अर्को खेलमा बेल्जियमले अस्ट्रियालाई ३-२ ले हरायो। बेल्जियमको जितमा डोडी लुकेबाकियोले दुई तथा लुकाकुले एक गोल गरे। अस्ट्रियाका लागि कोनरार्ड लाइमर र मार्सल सबितजारले गोल गरेका हुन्। जितपछि बेल्जियम ६ खेलबाट १६ अंकसहित समूह 'एफ'को शीर्ष स्थानमा छ।

चम्किए एमबाप्पे

केलिएन एमबाप्पेको दुई गोलको मद्दतमा फ्रान्सले नेदरल्यान्ड्सलाई २-१ ले पराजित गरेको छ। समूह 'बी'मा ६ खेलबाट १८ अंक जोडेर फ्रान्स शीर्ष स्थानमा छ। अपराजित फ्रान्सले १३ गोल गर्दा एक गोल मात्रै बेहोरेको छ। दोस्रो स्थानको ग्रिसभन्दा ६ अंकको अग्रता बनाउँदै फ्रान्सले पनि युरोमा स्थान बनाएको हो। पराजित नेदरल्यान्ड्स पाँच खेलबाट ९ अंकसहित तेस्रो स्थानमा छ।

आँखा पाक्ने रोगबाट बच्ने उपाय

- संक्रमित व्यक्तिको सम्पर्कमा नजाने,
- संक्रमण भएको छ भने भीडभाडमा नजाने,
- संक्रमित व्यक्तिले प्रयोग गरेका टावेल, रुमाल सिरानी, तन्ना जस्ता वस्तुको प्रयोग नगर्ने,
- जथाभावी आँखा नछुने, छुनैपर्ने भएमा छुनु अघि वा छोइसकेपछि साबुन पानीले राम्रोसँग हात धुने,
- व्यक्तिगत सरसफाईमा ध्यान दिने ।

नेपाल सरकार
विज्ञापन बोर्ड

नयाँ प्रकाशन प्रा.लि.द्वारा प्रकाशित तथा मुद्रित। **कार्यकारी निर्देशक** : सुशील थापा। **अध्यक्ष, प्रबन्ध निर्देशक तथा प्रधानसम्पादक** : कृष्णज्वाला देवकोटा। **कार्यालय** : स्टारमल, पुतलीसडक, काठमाडौँ, फोन नं. ४०१२५६६/६६६ फ्याक्स नं ४०१२५६९, E-mail: letter@nayapatrikadaily.com